# बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र

सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको

एम्.ए. दोस्रो वर्षको दसौं

पत्रको प्रयोजनका लागि

प्रस्तुत

**शोधपत्र**


शोधार्थी

**अमृत के.सी.**

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर


२०६५


बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन अमृत के.सी. २०६५

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथ.ा सामाजिक शास्त्र सङ्काय,**

**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र अमृत के.सी. ले त्रि.वि. स्नातकोत्तर तह (एम्.ए.) मा नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि गर्नुभएको 'बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' शीर्षकको शोत्रपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख : प्रा.राजेन्द्र सुवेदी ..........................................

२. शोधनिर्देशक : सह-प्रा. केशव सुवेदी ........................................

३. बाह्य परीक्षक : सह-प्रा.डा. पारसमणि भण्डारी .....................................

मिति : २०६५/

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम्.ए. (शैक्षिक वर्ष २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी अमृत के.सी.ले **बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यो शोधपत्र उहाँले निकै परिश्रमपूर्वक तयार पार्नुभएको छ । यो शोधकार्य स्नातकोत्तर तहको स्तरअनुरूप भएकाले म यसबाट सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः ............................

..................................

(केशव सुवेदी)

सह-प्राध्यापक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु सह-प्रा. केशव सुवदीको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अगि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा सामग्री सङ्कलन गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनु हुने ललितपुर धोबीधारा निवासी बाबा न्यौपानेप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने कार्यमा विविध कार्यव्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकालेर निर्देशन, सुझाव तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने नेपाली केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि. केन्द्रीय पुस्तकालय, काठमाडौँप्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुऱ्याउने पिता प्रल्हाद के.सी., माता राधिका के.सी. तथा हजुरआमा लक्ष्मीदेवी के.सी. प्रति म आजीवन ऋणी छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने भाइ अरुण के.सी., साथीहरू महेश ढकाल, राजप्रसाद जोशी, बलराम लामा, भोला ढकाल, तिर्थराज जोशी, युवराज घिमिरेप्रति हार्दिक आभार व्यक्त गर्दछु र सङ्कलित सामग्रीहरूलाई झर्को नमानीकन होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने नेचर कम्प्युटर सेन्टर, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्नका लागि त्रि.वि.नेपाली केन्द्रीय विभाग, कीर्तिपुरसमक्ष पेश गर्दछु ।

अमृत के.सी.
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

# विषयसूची

## पहिलो परिच्छेद
## शोधप्रस्ताव


१.१ शोधशीर्षक १०

१.२ शोधकार्यको प्रयोजन १०

१.३ विषयपरिचय १०

१.४ समस्याकथन ११

१.५ शोधकार्यका उद्देश्यहरू ११

१.६ पूर्वकार्यको समीक्षा ११

१.७ शोधकार्यको औचित्य १३

१.८ शोधकार्यको सीमाङ्क १३

१.९ शोधविधि १४

१.१० शोधपत्रको रूपरेखा १४


## दोस्रो परिच्छेद
## बाबा न्यौपानेको जीवनीको अध्ययन


२.१ जन्म र जन्मस्थल १६

२.२ पुर्खा र वंशपरम्परा १६

२.३ नामकरण १९

२.४ बाल्यकाल १९

२.५ चूडाकर्म २०

२.६ शिक्षादीक्षा २१

२.६.१ अक्षरारम्भ २१

२.६.२ प्रारम्भिक शिक्षा २१

| | |
|---|---|
| २.६.३ माध्यमिक तहसम्मको शिक्षा | २२ |
| २.६.४ उच्चशिक्षा | २३ |
| २.७ पारिवारिक स्थिति | २४ |
| २.७.१ बाबा न्यौपानेका दाजुभाइ-दिदीबहिनी | २४ |
| २.७.२ वैवाहिक जीवन | २५ |
| २.७.३ सन्तान | २६ |
| २.७.४ पारिवारिक वियोग/पिताको देहावसान | २७ |
| २.८ आर्थिक अवस्था | २७ |
| २.९ साहित्यिक लेखनको प्रेरणा | २९ |
| २.१० लेखनको शुभारम्भ र विस्तार | ३० |
| २.११ स्वभाव र रुचि | ३१ |
| २.११.१ स्वभाव | ३१ |
| २.११.२ रुचि | ३२ |
| २.१२ भ्रमण | ३३ |
| २.१३ जीवनमा घटेका अविस्मरणीय घटना | ३४ |
| २.१४ आजीविका | ३५ |
| २.१५ सम्मान तथा पुरस्कार | ३६ |
| २.१६ जीवनदर्शन | ३७ |

## तेस्रो परिच्छेद

## बाबा न्यौपानेको व्यक्तित्वको अध्ययन

| | |
|---|---|
| ३.१ पृष्ठभूमि | ३८ |
| ३.२ शारीरिक व्यक्तित्व, स्वभाव | ३८ |
| ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू | ३९ |
| ३.३.१ प्रशासनिक व्यक्तित्व | ४० |
| ३.३.२ साहित्यिक व्यक्तित्व | ४२ |
| ३.३.३ समाजसेवी व्यक्तित्व | ४६ |
| ३.३.४ बहुभाषी व्यक्तित्व | ४६ |

३.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध ४६

## चौथो परिच्छेद

## बाबा न्यौपानेको कृतित्वको अध्ययन

४.१ लेखनको प्रारम्भ र विकास ४८

४.२ बाबा न्यौपानेको कथायात्रा ५१

४.३ 'बैँसको आकाश' कथासङ्ग्रहका कथाहरूको विश्लेषण ५५

४.३.१ इडियट ५५

४.३.२ एकादेशकी वसुधा ५७

४.३.३ कल्पनाको शिकार ५९

४.३.४ कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी ६०

४.३.५ कुहिरोभित्रका इमेजहरू ६२

४.३.६ घोडसवार ६४

४.३.७ छोरो ६६

४.३.८ ठूलो कोठा ६७

४.३.९ डर ६९

४.३.१० ताजा खबर ७१

४.३.११ नाम ७२

४.३.१२ बाटो र पाइलाहरू ७४

४.३.१३ युद्ध ७६

४.३.१४ राप ७८

४.३.१५ रेणु दिदीको लोग्ने र एकपाटो जिन्दगी ८०

४.४ 'दोस्रो प्रहर' कथासङ्ग्रहका कथाहरूको विश्लेषण ८२

४.४.१ भ्रेल ८२

४.४.२ नहारिएको युद्ध ८४

४.४.३ बाई ऽऽमिस मारिया ८५

४.४.४ महामाया र दोस्रो प्रहरको यात्री ८७

४.४.५ सनातन, रुमानी र एउटा लहड-वृत्त ८९
४.४.६ स्पर्श ९१
४.४.७ कन्याग्रह ९३
४.४.८ एक चोटि फेरि ९५
४.४.९ म, मेनका र पराजित विश्वामित्र ९७
४.५ बाबा न्यौपानेका कथागत विशेषताहरू ९८
४.५.१ कथावस्तु ९९
४.५.२ पात्र ९९
४.५.३ परिवेश १००
४.५.४ दृष्टिबिन्दु १००
४.५.५ भाषाशैली १०१
४.५.६ सारवस्तु १०२
४.६ निष्कर्ष १०२

## पाँचौं परिच्छेद

५.१ उपसंहार तथा निष्कर्ष ९५
सन्दर्भविवरण ९९

## सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| आइ.ए. | - | इन्टरमेडियट अफ आर्टस |
| एम.ए. | - | मास्टर्स अफ आर्टस |
| एस.एल.सी. | - | स्कुल लिभिङ् सर्टिफिकेट |
| क्र.सं. | - | क्रम सङ्ख्या |
| कि.मि. | - | किलोमिटर |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| डा. | - | डाक्टर |
| प्र.जि.अ. | - | प्रमुख जिल्ला अधिकारी |
| पृ. | - | पृष्ठ |
| बी.ई. | - | बेचलर अफ इन्जिनियरिङ्ग |
| बी.ए. | - | बेचलर अफ आर्टस |
| बी.एस्सी | - | बेचलर अफ आर्टस |
| *सह-प्रा.* | *-* | *सह प्राध्यापक* |

# पहिलो परिच्छेद

# शोधप्रस्ताव

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **बाबा न्यौपानेको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनार्थ यो शोधकार्य गरिएको हो ।

## १.३ विषयपरिचय

नेपाली साहित्यमा बाबा न्यौपाने नामले परिचित व्यक्तित्वको जन्म वि.सं. २०१३ माघ २६ गते शुत्रबारका दिन हालको भक्तपुर झौखेल गा.वि.स. वडा नं ६ अन्तर्गतको न्यौपाने गाउँ भन्ने ठाउँमा पिता देवकृण्ण न्यौपाने र माता दुर्गादेवी न्यौपानेका कोखबाट भएको हो । मध्यमवर्गीय परिवारमा जन्मिएका न्यौपानेको बाल्यकाल भक्तपुरकै परिवेशमा बितेको थियो । स्नातक तहसम्मको अध्ययन निरन्तर प्रक्रियाले पूरा गरेका न्यौपानेले केही वर्षपछि नै भए पनि स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरेका छन् । आफ्नै संवेदनशील हृदय, सहकर्मीहरूको हौसला र अग्रज साहित्यकारहरूका साहित्यिक प्रभाव उनका लेखनका ऊर्जा हुन् । साहित्य सिर्जनाका अतिरिक्त सामाजिक संघ-संस्थामा पनि उनको सक्रियता उत्तिकै रहेको छ । अध्ययन र भ्रमणमा विशेष रुचि राख्ने न्यौपानेले साहित्यका कथा र एकाङ्की विधामा कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित पुस्तकाकार कृतिहरूमा **बैंसको आकास** (२०५६) र **दोस्रो प्रहर** (२०६२) कथासङ्ग्रहहरू रहेका छन् । उनी निरन्तररूपमा साहित्य र सामाजिक क्षेत्रमा लाग्दै आएका छन् । यस शोधमा तिनै बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गरिएको छ ।

## १.४ समस्याकथन

**बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) बाबा न्यौपानेको जीवनी के-कस्तो छ ?

ख) उनका व्यक्तित्वका पक्षहरू के-कस्ता छन् ?

ग) उनको कृतित्व के-कस्तो छ ?

घ) उनका कथागत विशेषताहरू के-कस्ता छन् ?

## १.५ शोधकार्यका उद्देश्यहरू

उपर्युक्त समस्याहरूको समाधानमा केन्द्रित प्रस्तुत शोधपत्र निम्नलिखित उद्देश्यहरूको प्राप्तितर्फ उन्मुख रहेको छ :

क) बाबा न्यौपानेको जीवनी प्रस्तुत गर्नु,

ख) उनका व्यक्तित्वका विविध पक्षहरूको विश्लेषण गर्नु,

ग) उनका साहित्यिक कृतिहरूको विवेचना गर्नु,

घ) उनका सृजनात्मक विशेषताहरू पहिल्याउनु ।

## १.६ पूर्वकार्यको समीक्षा

भक्तपुरको भैखेलमा जन्मेर स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरी हाल सरकारी सेवामा आवद्ध रहेका बाबा न्यौपानेका कथा सिर्जनयात्राको प्रारम्भ **डायरी एउटा बहुलाको** फुटकर कथाबाट भएको हो । वर्तमान समयमा पनि अनवरत रूपमा साहित्यसिर्जनामा लागिरहेका न्यौपानेले पहिलो पुस्ताका महत्त्वपूर्ण प्रतिभा हुन् । तर न्यौपानेका बारेमा समालोचनात्मक विस्तृत विश्लेषण र मूल्याङ्कन गरिएको पाइँदैन । यिनका बारेमा जे जति अध्ययन र विश्लेषण भएका छन् ती केवल परिचयात्मक मात्र छन् । यसै क्रममा न्यौपानेका बारेमा भएका त्यस्ता पूर्वकार्यहरूको सर्वेक्षण र समीक्षा कालक्रमका आधारमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) **बैंसको आकाश** (२०५६) कथासङ्ग्रहमा  प्रकाशनले प्रकाशकीय प्रस्तुत गरेको छ । यसमा न्यौपाने मनोवैज्ञानिक प्रकारका कथाकार भईकन पनि सामाजिकतालाई झल्काउने प्रयास कथामा राम्रोसित गरेका कारण हामीले देखेजस्ता पात्रहरू समाजबाट ल्याएर पाठकका अगाडि राखिदिने र पाठकका मनको खालिपन हटाइदिनका लागि पाठकभित्र पस्न सशक्त प्रवेश माग्छन् भनिएको छ । कथाकार प्रायः सबै कथाहरूमा आफ्नो सहज उपस्थिति जाहेर गर्छन् । उनका कथाका नारी पुरुष पात्रहरू कुनै पनि परिवेशमा बन्ने यौनाकर्षणको विम्बलाई चित्रण गर्न सफल रहेका छन् भनिएको छ ।

ख) **कान्तिपुर** २०५६ पुस परिशिष्टाङ्कमा मनोज दाहालले 'बैंसका हजार रङ्ग' शीर्षकमा **बैंसको आकाश** कथासङ्ग्रहसम्बन्धी लेख प्रस्तुत गरेका छन् । यसमा दाहालले जीवनको पाँचौं दशकमा हिँड्दै गरेका न्यौपानेले जोवन तथा जीवन बुझेका छन् भनी उल्लेख गरेका छन् । यसमा मानिसको बैंस उमेरसँगै रित्तिएर सकिए पनि कहिल्यै रित्तिएर नसकिने बैंसालु मन नियालेर पत्र-पत्र उघार्दै न्यौपाने अघि बढ्छन् भनिएको छ । त्यस्तै दाहालले मनोवैज्ञानिक चिरफारमा खप्पिस रहेका  न्यौपाने नारी तथा पुरुष सम्बन्धका हजार रूप देखाउँदै यौनका गम्भीरता स्पष्टसँग पाठकसामु राख्छन् भनी उल्लेख गरेका छन् ।

ग) **मधुपर्क** २०५८ असार वर्ष ३४, अङ्क २, पूर्णाङ्क ३८३ मा भाउपन्थीले 'मनोविश्लेषणप्रधान कथाहरू' शीर्षकमा **बैंसको आकाश** कथासङ्ग्रहसम्बन्धी लेख प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा उनले बाबा न्यौपानेका कथाहरू आकारका हिसाबले औसत लम्बाईभन्दा बढी लामा रहेको जनाएका छन् । उनका विचारमा न्यौपाने नेपाली समाजका मध्यम र निम्नवर्गीय जीवनशैली बाँच्ने सहरी र ग्रामीण क्षेत्रका पात्र र परिवेशको प्रयोग गर्दै नारी र पुरुषको रागात्मक सम्बन्धलाई प्रमुखता दिएर यौनमनोविश्लेषणको आभास दिनेखालका कथा सिर्जना गर्ने कथाकार हुन् । नेपाली कथाका क्षेत्रमा मनोविश्लेषणवादी कथाहरू लुप्त हुन लागेको भए पनि न्यौपानेको कथाकारीताले उनलाई यस परम्पराकै सचेत कथाकारको रूपमा स्थापित गरेको कुरा पनि भाउपन्थीले प्रस्तुत गरेका छन् ।

घ) **दोस्रो प्रहर** (२०६२) कथासङ्ग्रहमा साझा प्रकाशनले प्रकाशकीय प्रस्तुत गरेको छ । यसमा न्यौपानेका कथाहरू प्रायशः पारिवारिक, सामाजिक, विविध समस्या र गतिविधिसँग सम्बन्धित रहेको कुरा देखाइएको छ । त्यस्तै उनका कथाहरूमा प्रयुक्त सहज र मिठासयुक्त

भाषा, गतिशील , सुसङ्गठित र सबल रचनाढाँचाले कथालाई अभिरुचिपूर्ण बनाएको छ भनी उल्लेख गरिएको छ ।

ङ) **गरिमा** २०६३ माघ वर्ष २५, अङ्क २, पूर्णाङ्क २९० मा रमेश गोर्खालीले 'बाबाको कथामा यौनदर्शन' शीर्षकमा **बैंसको आकाश** र **दोस्रो प्रहर** कथासङ्ग्रहसम्बन्धी लेख प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा गोर्खालीले सटिक शीर्षकचयन, विचारणीय कथावस्तु, सुन्दर भाषाशैली, सशक्त पात्र विधान, दृढ चारित्रीकरण र त्यस्तै समुद्देश्यको उठान गरेकाले न्यौपानेको कथाकारीय सिर्जना स्तरीय र परीक्षेय रहेको कुरा प्रस्तुत गरेका छन् । त्यस्तै पुरुषसत्ता र नारीसत्ताको सापेक्षिक रूपमा तुलना गर्दै स्त्रीयोचित वृत्तमा न्यौपाने बढी अल्झिएको सत्यलाई पनि प्रस्तुत गरेका छन् ।

च) **मधुपर्क** २०६३ फागुन वर्ष ३९, अङ्क १०, पूर्णाङ्क ४५३ मा शशी लुमुम्बुले 'यथार्थपरक कथाहरूको सङ्ग्रह' शीर्षकमा लेख प्रस्तुत गरेका छन् । प्रस्तुत लेखमा लुमुम्बुले न्यौपानेका कथाहरू विशेष गरी सामाजिक, पारिवारिक तथा विविध भँगालोमा भँगालिएका कुरा प्रस्तुत गरेका छन् । त्यस्तै उनका कथामा प्रेम, यौन, कुण्ठा, आवेग, अतृप्तता, असन्तुष्टि एवम् आक्रोसजस्ता विषयवस्तुलाई पनि कथामा प्रशस्त मात्रामा समाहित गरेको उल्लेख गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य

लेपाली साहित्यको कथा विधामा कलम चलाएका न्यौपानेको 'जीवनी, व्यक्तित्व र कृतित्व' को बारेमा अहिलेसम्म विषद् एवम् व्यवस्थित अध्ययन भएको छैन । आजसम्म देखिएका उनका कृतिहरूको सामान्य परयिचमूलक पूर्वकार्य बाहेक अन्य केही नभएको अवस्थामा उनको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विस्तृत अध्ययन गरिएकोले यस शोधको औचित्य स्वतः सिद्ध छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

यस शोधपत्रमा **बाबा न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** गरिएको छ । उनका कृतिहरूको अध्ययनअन्तर्गत प्रकाशित केही कथा सिर्जनाहरू अनुपलब्ध रहेकाले त्यस्ता कथाहरूको सूचि प्रस्तुत गरी यहाँ **बैंसको आकाश** र **दोस्रो प्रहर** कथासङ्ग्रहमा

सङ्ग्रहित कथाहरूको मात्र विश्लेषण गरिएको छ । यसका अतिरिक्त न्यौपानेका जीवनी, व्यक्तित्व र कृतित्वका यिनै विविध पाटाहरूको अध्यनमा नै यस शोधलाई सीमाङ्कन गरिएको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य पूरा गर्नका लागी विशेषतः पुस्तकालयीय पद्धतिको प्रयोग गरिएको छ । त्यस्तै शोधनायक एवम् उनका आफन्तहरू लगायत अन्य व्यक्तित्वहरूसँग प्रत्यक्ष अन्तर्वार्ता लिएर आवश्यक सामग्री सङ्कलन गरिएको छ । यसैगरी न्यौपानेको जीवनी र व्यक्तित्वका लागि जीवनीपरक समालोचना पद्धतिको तथा उनका कथा कृतिहरूको अध्ययन तथा विश्लेषणका लागि कथासिद्धान्तलाई आधार बनाइएको छ । यी बाहेक यस शोधपत्रमा आवश्यकताअनुसार ऐतिहासिक तथा तुलनात्मक पद्धतिको पनि उपयोग गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रका संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा तयार पार्न निम्नलिखित परिच्छेदमा विभाजन गरी सम्पन्न गर्ने लक्ष्य लिइएको छ ।

पहिलो परिच्छेद :शोधपरिचय

दोस्रो परिच्छेद :बाबा न्यौपानेको जीवनीको अध्ययन

तेस्रो परच्छिेद :बाबा न्यौपानेको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद :बाबा न्यौपानेको कृतित्वको अध्ययन

पाँचौं परिच्छेद :उपसंहार तथा निष्कर्ष

सन्दर्भविवरण

उपर्युक्त पाँच शीर्षकहरूलाई पनि आवश्यकताअनुसार विभिन्न शीर्षक, उपशीर्षकहरूमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो परिच्छेद शोधप्रस्ताव अर्न्तगत विभिन्न उपशीर्षकहरूमा यस शोधकार्यको प्रयोजन, विषयपरियच, समस्याकथन, उद्देश्य, औचित्य, सीमाङ्कन आदिका बारेमा जानकारी गराइएको छ । यसै परिच्छेदमा प्रस्तुत शोधकार्यबारे भएका पूर्वकार्यहरूको समीक्षाका साथै शोधपत्रको रूपरेखा पनि प्रस्तुत गरिएको छ । दोस्रो परिच्छेदमा 'बाबा न्यौपानेको जीवनीको अध्ययन' अर्न्तगत विभिन्न

उपशीर्षकहरूमा न्यौपानेको वंशपरम्परादेखि जन्म, शिक्षा, विवाह आर्थिक अवस्था, साहित्यिक अवस्थालगायत जीवनका मुख्य-मुख्य घटनाक्रमहरूलाई प्रस्तुत गरिएको छ । तेस्रो परिच्छेद ‘बाबा न्यौपानेको व्यक्तित्वको अध्ययन’ अन्तर्गत उनको शारीरिक व्यक्तित्व र स्वभाव, प्रशासनिक व्यक्तित्व, सामाजिक व्यक्तित्व, बहुभाषी व्यक्तित्वको विवेचनाका साथै अन्त्यमा जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तः सम्बन्धका बारेमा चर्चा गरिएको छ । चौथो परिच्छेद ‘बाबा न्यौपानेको कृतित्वको अध्ययन’ अन्र्तगत उनका कृतिहरूको विश्लेषण गरिएको छ । यस परिच्छेदमा मूलतः न्यौपानेका लेखनको शुभारम्भ र विस्तार, कथा यात्रा, कथाको सैद्धान्तिक परच्छिेदमा उनका कथा विश्लेषण र कथागत विशेषताहरू प्रस्तुत गरिएको छ । यसैगरी अन्तिम पाँचौँ परिच्छेदमा उपसंहार तथा निष्कर्ष अन्तर्गत न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित यस अध्ययनका निष्कर्षहरू प्रस्तुत गरिएका छन् ।

# दोस्रो परिच्छेद

# बाबा न्यौपानेको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थल

रत्नमणि न्यौपाने र सरस्वतादेवी न्यौपानेका एउटै मात्र सुपुत्र देवकृष्ण न्यौपाने र उनकी श्रीमती दुर्गादेवी न्यौपानेका कोखबाट जन्म भएको थियो ।[१] उनको जन्म वि, सं २०२३ माघ २६ गते शुक्रबारका दिन हालको भक्तपुर जिल्लाको झौखेल गा.वि.स. वडा नं ६ न्यौपाने गाउँ भन्ने ठाउँमा एक मध्यमवर्गीय परिवारमा भएको थियो ।[२] काठमाडौं उपत्यकाअर्न्तगत पर्ने भए पनि सहरिया चलखेलले अलि छोइनसकेको प्राकृतिक तथा मनोरम वातावरणयुक्त न्यौपानेहरूका बाहुल्य रहेको भक्तपुर झौखेलस्थित न्यौपाने गाउँ नै बाबा न्यौपानेको जन्मस्थल हो ।

## २.२ पुर्खा र वंशपरम्परा

बाबा न्यौपाने थरका कौण्डिण्य गोत्रीय ब्राह्मण कुलमा जन्मिएका थिए । उनको पुर्ख्यौली थलो जुम्ला जिल्लास्थित सिँजा भन्ने ठाउँ हो । उनका पुर्खाका सम्बन्धमा खोजबिन गर्दा उनीभन्दा दश पुस्ता माथिका बलि पाध्यासम्मको नामावली प्राप्त भएको छ । यिनै बलि पाध्याका वंशजहरू भारतको कान्यकुब्जी भन्ने ठाउँमा मुसलमान समुदायद्वारा पीडित भएकाले त्यस बेलाको समृद्ध मानिने कर्णाली प्रदेशको सिँजामा आएर बसोबास गरेका थिए । भारतमा पीडित भई सिँजामा बसाइँ सरी आएका न्यौपानेहरू व्यापार-व्यवसाय, पठनपाठन, खेतीपाती लगायतका विविध कुराहरूको सुविधा खोज्दै जाने क्रममा हालको सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा भन्ने ठाउँमा के कति सालमा बसाइँ सरेर आएका थिए भन्ने चाहिँ यकिन भएको पाइँदैन । यसैगरी बसाइँ सर्ने क्रममा वि.सं. १७२८ देखि १७४० को बीचमा न्यौपानेहरू भक्तपुर जिल्लाको झौखेलमा पर्ने न्यौपाने गाउँमा बसाइँ सरेका थिए ।[३] यसरी

---


१ शोनायकबाट प्राप्त जानकारीअनुसार ।
२ ऐजन ।
३ ऐजन ।

जुम्ला जिल्लाबाट सिन्धुपाल्चोक हुँदै भक्तपुर जिल्लामा बसाइँ सरेर आएपछि जन्मेका बाबा न्यौपानेले हाल आएर ललितपुरस्थित धोबीधारा भन्ने ठाउँमा घर बनाएर बसेका छन् ।[४]

बाबा न्यौपानेभन्दा माथि दसौं पुस्ताको रूपमा रहेका बलि पाध्या, उनका पुत्र लक्ष्मण, लक्ष्मणका पुत्र वशिष्ठ र वशिष्ठका पुत्र विश्वेश्वर, विश्वेश्वरका पुत्र देवनारायण र उनकी श्रीमती अयोध्यादेवी, त्यस्तै देवनारायणका पुत्र तारानिधि र उनकी श्रीमती नन्दकुमारी र यिनका पनि पुत्र रत्नमणि र उनकी श्रीमती सरस्वतादेवी रहेकी छन् ।[५] यिनै रत्नमणि र उनकी श्रीमती सरस्वतादेवीकी नाति र देवकृष्ण तथा दुर्गादेवीको पुत्र नै बाबा न्यौपाने हुन् । पुर्ख्यौली रूपमा नै न्यौपानेहरू आर्थिक तथा शैक्षिक रूपमा सु-सम्पन्न ब्राह्मण परिवारका रूपमा रहेका थिए । मूलतः खेती किसानी र पौरोहित्य पेसामा आबद्ध न्यौपानेहरू प्रायसः अनौपचारिक संस्कृत शिक्षा हासिल गरी कर्मकाण्डादि कार्य गर्ने र कोही-कोहीले भने औपचारिक संस्कृत शिक्षा नै पनि हासिल गर्ने गरेका थिए ।[६] यसर्थ शिक्षाप्रति सचेत परिवार भएकाले बाबा न्यौपानेलाई शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित गराइएको थिएन । यसरी जीवनको एक्काइसौं वसन्तको पूर्वार्द्धतिर लक्ष्मीप्रभा भट्टराईसँग विवाह सम्पन्न गरेका बाबा न्यौपाने हाल श्रीमती, जेठो छोरा विभूति र कान्छा विवेकका साथ सुखद जीवनयापन गरिरहेका छन् ।

यसरी बाबा न्यौपानेको वंशजहरूमा बलि पाध्यादेखि छोरा विभूति र विवेकसम्मको पुस्तालाई क्रमिकताका आधारमा तालिकामा यसप्रकार देखाइएको छ :

४ ऐजन ।
५ ऐजन ।
६ ऐजन ।


बलि पाध्या
रामेश्वर
लक्ष्मण
वशिष्ठ
विश्वामित्र
अच्युतानन्द
चन्द्रशेखर
महेश्वर
त्रिलोचन
घनश्याम
शिवराम
ब्रह्मानन्द
देवानन्द
नारायण
वंशिधर
श्रीहर्ष
दण्डपाणि
प्रेमनाथ
दशरथ
विश्वेश्वर
देवनारायण
रामनारायण
जगन्नाथ
तारानिधि
गोविन्दप्रसाद
रत्नमणि
गोविन्दप्रसाद
देवकृष्ण
वामन
उमेश
विभुति
विवेक

## २.३ नामकरण

बाबा न्यौपानेको न्वारनको नाम एकनाथ न्यौपाने हो ।[७] तर उनको आधिकारिक लब्धाङ्कपत्र तथा प्रशासनिक क्षेत्रमा भने वामनप्रसाद न्यौपाने नाम प्रचलित रहको छ ।[८] यसरी आफ्नो न्वारनको नाम र व्यवहारिक जीवनको नाम फरक-फरक भए झैँ साहित्यिक नाम पनि फरक-फरक रहेको छ । आफ्नो साहित्यिक यात्रासँगै कृतिहरू प्रकाशनका क्रममा उपनाम स्वरूप बाबा न्यौपाने नामलाई नै प्रचलित बनाएका छन् । यसरी यिनको नामकरणलाइ हेर्दा न्वारनको नाम एकनाथ, औपचारिक नाम वामनप्रसाद एवम् साहित्यिक नाम बाबा न्यौपाने समेत गरी तीनथरी नाम रहेको देखिन्छ ।

## २.४ बाल्यकाल

बाल्यकाल जीवनयात्राको एक महत्त्वपूर्ण भाग हो । यस समयमा बाल मस्तिष्कमा पर्न गएका छापहरूले पछिसम्म अर्थात् जीवनको अन्तिम क्षणसम्म पनि केही हदसम्म प्रभाव पारिरहेको हुन्छन् । बाबा न्यौपानेको बाल्यकाल आफ्नै जन्मस्थल झक्तपुरको झौखेलस्थित न्यौपाने गाउँमा नै बितेको थियो । देवकृष्ण न्यौपाने र दुर्गादेवी न्यौपानेका जेठा पुत्ररत्नका रूपमा जन्मिएका बाबा न्यौपानेको बाल्यकाल सुखपूर्वक नै बितेको थियो । आमाबुबाको न्यानो काख, दिदीको न्यानो मायामा हुर्कने अवसर पाएका न्यौपानेलाई बाल्यकालमा कुनै ठूला दुःख र सङ्कटहरू आइपरेनन् ।[९] उनको बाल्यकालीन व्यक्तित्व निर्माणमा आफ्ना बाबुको प्रत्यक्ष प्रभाव परेको पाइन्छ ।[१०] बाबुको शिष्टता, नम्रता, सरलता, सुसंस्कृतताजस्ता व्यवहारबाट उनले बाल्यकालमा धेरै कुराहरू सिके जसको प्रभाव अद्यापि उनमा पाइन्छ । उनी बाल्यकालदेखि नै तीक्ष्ण बुद्धि, तार्किक र जिज्ञासु स्वभावका थिए । अध्ययनमा लगनशील र मिहिनेती भए पनि बाल्यकालीन उमेरले होला उनी केही हदसम्म चकचके स्वभावका थिए ।[११] उनको यही स्वभावले गर्दा पनि कक्षामा शिक्षकहरूले माया गर्थे । पारिवारिक पेसामा खेती-किसानी तथा पशुपालन पनि रहेकाले उनी घरमा भएका समयमा गाई, बाख्रा चराउन पनि जाने गर्दथे । उनी साथीभाइहरूसँग डन्डीबियो,

---

७ ऐजन ।
८ ऐजन ।
९ ऐजन ।
१० ऐजन ।
११ ऐजन ।

गोट्टिफोर, कपर्दी, हुतूतू आदि खेल्थे र तीक्ष्ण बुद्धि भएकाले साथीहरूको पनि प्यारो हुन पुगेका न्यौपाने सानैदेखि आइलाग्नेलाई जाइलाग्न पनि पछि पर्दैनथे ।[१२] शिक्षित तथा सु-संस्कृत परिवारका सदस्य न्यौपाने साथीभाइहरूलाई नजानेका पाठबारे सिकाइदिने गर्दथे । बाल्यकालमा प्राथमिक तथा माध्यमिक विद्यालयहरूको राम्रो व्यवस्था नभएका कारण विभिन्न स्कुलमा गएर पढ्नु पर्ने बाल्यकालीन कठिनाइ भोगेका भए पनि आर्थिक रूपमा सम्पन्न पारिवारिक अवस्थाले गर्दा उनले कुनै आर्थिक सङ्कटको महसुस गर्नु परेको थिएन । न्यौपाने त्यतिधेरै घनिभूत रूपमा खेलहरूमा सङ्लग्न नभए पनि बाल्यकालीन केही घटनाहरू यस्ता छन् जसले खेल खेल्दाको र बाल्यकालीन समय दुवैलाई एकै पटक सम्झाइदिने गरेको बताउँछन् । उमेरको हिसाबले १२-१३ बर्षको हुँदासम्म पनि न्यौपाने साथीहरूसँग कपडा खाँदेर बनाइएको सानो भकुन्डो खेल्ने गर्दथे । यही भकुन्डो खेल्ने क्रममा भकुन्डोलाई हान्दा साथीसँग गोडा जुधेर दाहिने गोडाको दुई औंलाको बीचबाट चिरिएको थियो ।[१३] बाल्यकालीन केही अविस्मरणीय घटनाका बारेमा कुरा गर्दा न्यौपाने अझै पनि यस घटनाको पुनरावृत्ति गर्दै गोडामा मेटिन लागेको खत देखाउने गर्दछन् । यसरी न्यौपानेले बाल्यकाल पारिवारिक रेखदेखका साथै आफ्नै जन्मस्थलमा सहज, सरल, सुखद वातावरणमा यापन गरेको देखिन्छ ।

## २.५ चूडाकर्म

बाबा न्यौपानेको चूडाकर्म आफ्नै जन्मस्थल न्यौपाने गाउँमा २०१८ साल माघ वसन्तपञ्चमीका दिन भएको थियो ।[१४] पारिवारिक पृष्ठभूमि, संस्कार र संस्कृतिको शिरोपर गर्ने खालको भएकाले न्यौपानेको चूडाकर्म छिटो गर्नु पर्ने स्थिति रहेको थियो । त्यसबेलामा आफ्नो चलनअनुसार चूडाकर्म नगरी स्कुल पढ्न नजाने चलन थियो । त्यस्तै चूडाकर्मपूर्व कपाल काट्न नहुनेजस्ता चलनको पनि न्यौपानेले पालन गरेका थिए ।[१५] कपाल काट्न नहुने कारणले नै सानामा उनको कपाल लामो थियो र उनी कपाल तीन चुल्ठी बाटेर पनि हिँडने गर्थे ।[१६] पारिवारिक रूपमा प्रस्तावित यिनै चलनहरूले गर्दा पनि न्यौपानेको चूडाकर्म

१२ ऐजन ।
१३ ऐजन ।
१४ ऐजन ।
१५ ऐजन ।
१६ ऐजन ।

बाल्यावस्थामै भएको थियो । उनको चूडाकर्म घरमा पारम्पारिक रूपमा सहज ढङ्गले नै सम्पन्न गरिएको थियो ।

## २.६ शिक्षादीक्षा

### २.६.१ अक्षरारम्भ

बाबा न्यौपानेको प्रारम्भिक शिक्षा विशेष गरी घरपरिवारको पाठशाला र प्रकृतिरूपी पाठशालामा सम्पन्न भएको थियो । यसका अतिरिक्त उनले जीवनको प्रारम्भिक अवस्थामा छरछिमेक, नातागोता, साथीसँगिनीका साथै समाजका श्रेष्ठ र बौद्धिक खालका व्यक्तिबाट विविध कुराहरू सिकेका थिए । सानै उमेरदेखि नै जिज्ञासु स्वभाव भएका न्यौपानेका पुस्तामा प्रशस्त मात्रामा शिक्षित व्यक्तिहरू भएको पाइँदैन । उनको परिवारमा उनका हजुरबुबा रत्नमणि र बुबा देव कृष्ण न्यौपाने भने अनौपचारिक शिक्षा पाएका व्यक्ति थिए ।[१७] बाबुलगायत हजुरबुबाहरू शिक्षित भएका कारण न्यौपाने दुई वर्षका छँदै २०१५ साल वसन्तपञ्चमीका दिन पारेर उनलाई र दिदीलाई हजुरबुबा रत्नमणि न्यौपानेले अक्षरारम्भ गराएका थिए ।[१८] उनलाई अक्षरारम्भका क्रममा सिकाएका अ, आ जस्ता अक्षरहरू सानामा पनि उनले पछिसम्म नबिर्सिएको कुराको जानकारी पाइन्छ । यसरी न्यौपानेलाई अक्षरारम्भ गराउनमा उनका हजुरबुबाको ठूलो भूमिका रहेको थियो । प्रथमतः उनले आफ्नै घरको ममतामयी पाठशालामा नै साधारण लेख्न पढ्न सिकेका थिए । बाबा न्यौपाने आजका बौद्धिक व्यक्तित्व बन्नमा यही पारिवारिक पाठशालाको उल्लेखनीय भूमिका रहेको छ । यसरी जीवनको प्रारम्भमा शिक्षारम्भ गराएका यिनै व्यक्तिहरूबाट उनी आजसम्म पनि प्रभावित रहेका छन् ।

### २.६.२ प्रारम्भिक शिक्षा

आफ्नै घरमा हजुरबुबाद्वारा अक्षरारम्भ गराइएका न्यौपानेलाई औपचारिक शिक्षा हासिल गराउन झौखेल वडा नं. ४ र दुवाकोट वडा नं. ५ को सिमानामा पर्ने चाँगुनारायण आधार स्कुलमा भर्ना गरिएको थियो । २००२/०३ सालतिर पद्म शमशेरले उपत्यका र प्रायः सदरमुकामहरूमा आधार स्कुलहरूको विस्तार गरेका थिए । यही विस्तार गरिएको स्कुलअन्तर्गत पर्ने यस चाँगुनारायण आधार स्कुलमा कक्षा तीनसम्म मात्रै अध्ययनको

---

१७ ऐजन ।
१८ ऐजन ।

व्यवस्था रहेको थियो । आफ्नो गाउँबाट अलि पर पर्ने यस चाँगुनारायण आधार स्कुलबाट नै न्यौपानेले कक्षा एकबाट आफ्नो औपचारिक अध्ययनको सुरुवात गरेका थिए ।[१९] उनका बुबा शिक्षित पण्डित भएकाले सानै उमेरमा नै उनलाई बुबाले वेद, रूद्री, चण्डी, कौमुदी लगायत वैदिक स्तोत्रहरू कण्ठस्थ गराएका थिए ।[२०] न्यौपाने अझै पनि उक्त स्तोत्रहरू सजिलैसँग भनेर सुनाउने गर्दछन् । यसरी घरमा नै धेरै कुरा सिकिसकेका न्यौपानेले विद्यालयमा गुरुहरूको निर्देशन तथा घरमा बुबाको नियन्त्रण, निर्देशन र निगरानीले गर्दा, छोटो समयमा नै स्कुलका निर्धारित पाठ्यवस्तु पूरा गरिसक्दथे । यसरी उनले चाँगुनारायण आधार स्कुलबाट कक्षा तीनसम्मको अध्ययन पूरा गरेका थिए । चार कक्षाको अध्ययनका लागि न्यौपाने २०२१ सालमा भक्तपुर बजारमा पर्ने संस्कृत पाठशालामा जाने गर्दथे ।[२१] पारिवारिक पृष्ठभूमि पनि विशेष गरी संस्कृतमा रुचि राख्ने खालको भएकाले उनी कक्षा चारको अध्ययनका लागि भक्तपुर संस्कृत पाठशाला पुगेका थिए । चार कक्षाको अध्ययन पश्चात् पाँच कक्षाको अध्ययनका लागि उनले पुनः झौखेल गा.वि.स. वडा नं. २ स्थित बालभूषण प्राथमिक विद्यालयमा गई अध्ययन प्रारम्भ गरेका थिए ।[२२] उनको पारिवारिक पृष्ठभूमिलाई हेर्दा शिक्षाप्रति सचेत भएकाले नै न्यौपानेलाई स्कुलको अभाव हुँदा पनि अन्य स्कुलमा लगेर शिक्षाको उज्यालो ज्योति प्रदान गरेका थिए । यसरी प्राथमिक शिक्षाको क्रममा स्कुल अभावका कारणले पटक-पटक नयाँ स्कुलमा गएर शिक्षक तथा साथीभाइहरूसँग घुलमिल भएर अध्ययन पूरा गर्नुपर्ने देखि लिएर अलि टाढा-टाढा सम्म हिँडेर जानुपर्ने कठिनाइका बीच उनले आफ्नो प्राथमिक शिक्षा पूरा गरेको देखिन्छ ।[२३]

### २.६.३ माध्यमिक तहसम्मको शिक्षा

कक्षा एकदेखि पाँच कक्षासम्मको अध्ययन गर्दा तीनवटा स्कुल फेर्नु परेको न्यौपानेले कक्षा ६ देखि दशसम्म भने एउटै स्कुलमा पढेर बिताएका थिए । २०२३ साल फागुनदेखि भक्तपुर नगरस्थित सरस्वतीविद्यागृह माध्यमिक विद्यालयमा कक्षा ६ मा भर्ना गरी कक्षा दशसम्मको अध्ययन त्यहीँबाट पूरा गरेका थिए ।[२४] झौखेलबाट चार कि.मि. दक्षिणमा पर्ने

---

१९ ऐजन ।
२० ऐजन ।
२१ ऐजन ।
२२ ऐजन ।
२३ ऐजन ।
२४ ऐजन ।

उक्त विद्यालयसम्म घरबाट हिँडेर जाँदा ४५ मिनेट जति लाग्थ्यो । त्यस समयमा शिक्षाप्रति त्यति सचेत र जागरुक भएर पढ्न जाने विद्यार्थीहरूको सङ्ख्या पनि थिएन । उनी कक्षामा जान्ने विद्यार्थी भएकाले साथीभाइहरू उनीसँग पाठका कुराहरू सिकाइमाग्थे यसैले उनी साथीहरूका बीच पनि लोकप्रिय रहेका थिए । उनले २०२८ सालमा एस.एल.सी. को परीक्षा दिई २०२९ सालमा परीक्षा परिणाम आउँदा राम्रैसँग उत्तीर्ण गरेका थिए ।[२५] उनलाई एस.एल.सी. पास भएकोमा खुसी लाग्यो किनभने त्यस समयमा एस.एल.सी. पास गर्ने विद्यार्थीको सङ्ख्या न्यून हुने गरेको थियो । शैक्षिक क्षेत्रमा गुरुहरूबाट प्राप्त सहयोग र प्रेरणाको कुरा गर्दा उनी केही अविस्मरणीय घटनाहरू बताउँछन्, जसबाट गुरुहरूले प्रदान गरेको प्रेरणा उत्साह आदिको पुष्टि हुन्छ । कक्षा सातमा पढिरहेको समयमा न्यौपाने सर नआएकाले खाली पिरियड र टिफिनको समय गरी डेढ घण्टाको समयमा साइकल सिकेर कक्षामा नगई सोझै घर फर्केका थिए । भोलिपल्ट स्कुलमा प्रधानाध्यापक शिक्षक शारदाभक्त मद्दिकर्मीले हिजो कक्षामा नबसेर कहाँ गएको भनी प्रश्न गरे । न्यौपानेले उत्तरमा साइकल सिक्न गएको बताएपछि सरले साइकल चढ्न जान्नेलाई पियन पदको माग भएको देखाइ साइकल चढ्न जान्ने मानिस पियन हुन्छ, त्यसैले फुर्सदको समयमा साइकल सिक्न नगई पढेर बस्नु भने ।[२६] यस्तै विविध कुराहरू गरेर गुरुहरूको सहयोग र प्रेरणाका साथै उपर्युक्त पारिवारिक शैक्षिक वातावरणका बीचमा रहेर सहज, सरल र सुखपूर्वक नै माध्यमिक तहसम्मको शिक्षा पूरा गर्न सफल भएका थिए ।[२७]

### २.६.४ उच्चशिक्षा

बाबा न्यौपाने माध्यमिक तहको अध्ययनपश्चात् घरपट्टिको हजुरबुबा पर्ने हरिशचन्द्रको जोडले त्रिचन्द्र क्याम्पसमा भर्ना भएका थिए । उनी न्यौपानेको शैक्षिक गतिविधिबारे विशेष ख्याल गर्दथे । न्यौपानेले प्रवीणता प्रमाणपत्र तह संस्कृत, नेपाली र अर्थशास्त्र गरी तीन ऐच्छिक विषय लिएर २०३० सालमा पूरा गरेका थिए । [२८] यही समयदेखि नै न्यौपानेमा साहित्यप्रति विशेष रुचि जागेको थियो । क्याम्पसमा पढ्दाका समयमा र अन्य समयमा पनि विशेष गरी अध्ययन गरिएका साहित्यिक कृतिहरूले उनमा साहित्यिक सिर्जनाका लागि प्रेरित गरेका थिए । उनले जीवनको यही साहित्यिक प्रथम

---

२५ ऐजन ।
२६ ऐजन ।
२७ ऐजन ।
२८ ऐजन ।

प्रहरमा नै आफ्ना कथाकृतिहरूलाई लिखित रूपमा लिपिबद्ध गरेका थिए ।[२९] उनले डा. ध्रुवचन्द्र गौतमजस्ता साहित्यिक तथा शैक्षिक व्यक्तित्वबाट कथा पढ्ने अवसर प्राप्त गरेका थिए । कक्षामा गौतमको वर्णन शैली अति नै मनपराउने न्यौपाने आजसम्म पनि उनको नाम गुरु र साहित्यकारको रूपमा लिन पाउँदा खुसी हुन्छन् । न्यौपानेले प्रवीणता प्रमाणपत्र तहको पढाइपश्चात् स्नातक तहका लागि त्रिचन्द्र क्याम्पसमा नै प्रवेश परीक्षा दिए तर घर पाएक नपरेकाले भक्तपुर क्याम्पसमा नै आएर पढेका थिए । उनले त्यहीँबाट २०३४ सालमा स्नातक तह उत्तीर्ण गरेका थिए ।[३०] उनले स्नातक तहको अध्ययनकै क्रममा भक्तपुरमा अल्पकालीन रूपमा माध्यमिक तहसम्मका विद्यार्थीहरूलाई ट्युसन तथा कोचिङ पनि पढाएका थिए । शारीरिक र मानसिक रूपमा परिपक्व हुँदै गएका न्यौपानेले २०३०/३१ सालतिरदेखि नै लिपिबद्ध गर्न सुरु गरेका आफ्ना कथाकृतिहरूलाई यही समय (२०३३) मा **गोरखापत्र** मार्फत प्रकाशित गराएका थिए । [३१]

अध्ययनको क्रमलाई उच्च सतर्कताका साथ गति दिने दृढ अभिलाषा बोकेको भए पनि स्नातक तह सकेर श्रम विभागमा अस्थायी जागिरमा आबद्ध हुन पुगेका थिए । जागिरकै क्रममा २०३५ सालमा बाबा न्यौपाने निजामति सेवातर्फ शाखा अधिकृतमा जागिरे भएपछि भने लामो समयसम्मको लागि औपचारिक अध्ययनमा पूर्णविराम लागेको थियो । तथापि अध्ययनलाई तदारुकता दिँदै त्रिभुवन विश्वविद्यालयबाट प्राइभेट परीक्षा दिएर उनले नेपाली विषयमा २०४६ सालमा स्नातकोत्तर उत्तीर्ण गरेका थिए । [३२] यसरी न्यौपानेले जीवनमा अध्ययनको गहिराइ र त्यसको महत्त्वलाई राम्रोसँग बुझेकाले जागिरे जीवनको बीचमा रहेर पनि औपचारिक रूपमा नै स्नातकोत्तर तहसम्मको अध्ययन पूरा गरे ।

## २.७ पारिवारिक स्थिति

### २.७.१ बाबा न्यौपानेका दाजुभाइ-दिदीबहिनी

देवकृष्ण न्यौपाने र दुर्गादेवी न्यौपानेका कोखबाट जन्मेका तीन छोरी र दुई छोरा मध्येका एक छोरी पछि जन्मेका जेठा छोरा नै बाबा न्यौपाने हुन् । न्यौपानेका दिदीबहिनी तथा भाइ सबैको विवाह भई आ-आफ्नो घरजममा व्यस्त रहेका छन् । न्यौपानेका दिदी

---

२९ ऐजन ।
३० ऐजन ।
३१ ऐजन ।
३२ ऐजन ।

गङ्गा पौडेल घरायसी व्यवहारमा संलग्न छिन् भने अन्य दुई बहिनी उषा अधिकारी र जयन्ती सिग्देल क्रमशः त्रिभुवन विश्वविद्यालयको डिन कार्यालयमा कार्यरत र घरायसी व्यवहारमा सङ्लग्न रहेका छन् ।[३३] त्यसैगरी न्यौपानेका भाइ उमेशकुमार न्यौपाने चाहिँ सिंचाइ विभागमा कार्यरत रहेका छन् ।[३४]

बाबा न्यौपानेले विशेष गरी स्नातकोत्तर तहसम्मको अध्ययनमा नेपाली विषय लिएकाले पनि उनलाई साहित्यसम्बन्धी अभिरुचि जागेको पाइन्छ । साहित्यमा नै आफ्नो जीवनलाई समर्पण गरेका न्यौपानेले सामाजिक तथा प्रशासनिक व्यक्तित्वका रूपमा पनि आफूलाई उभ्याएका छन् । बाल्यकालदेखि नै साहित्य क्षेत्रमा अभिरुचि राख्ने न्यौपाने आज आएर कुशल कथाकारका रूपमा चिनिन्छन् । हाल उनी स्थायी रूपमा आफ्नो परिवारसहित ललितपुरको धोबीधारामा बसेका छन् ।[३५]

### २.७.२ वैवाहिक जीवन

बाबा न्यौपानेको विवाह हिन्दू परम्परानुसार नै २०३३ साल फागुन १६ गते काभ्रेको महाकालचौर गा.वि.स. भूग्देउ गाउँको डोलप्रसाद भट्टराई र पवित्रा भट्टराईकी तीन छोरी मध्येकी कान्छी छोरी लक्ष्मीप्रभा भट्टराईसँग भव्यतापूर्वक समापन भएको थियो ।[३६] बीस वर्षे उमेरमा नै ब्राह्मण कुलकी कन्यासँग वैवाहिक जीवनमा बाँधिएका न्यौपाने त्यतिखेर स्नातक तहको अध्ययनको अन्तिम चरण र साहित्यिक लेखन तथा प्रकाशनको प्रारम्भिक समयमा गुज्रिरहेका थिए । पत्नीको शिष्ट, सरल, सहयोगी र सिर्जनामा प्रोत्साहित गर्ने स्वभावका कारण न्यौपानेलाई आफ्नो साहित्यिक क्षमता प्रदर्शन गर्न अनुकूल वातावरण बनेको थियो । उनको विवाहपश्चात् प्रारम्भ भएको सरकारी सेवा औपचारिक अध्ययनमा केही समयको लागि विश्राम, २०४० सालदेखि भएको पुत्रलाभ र वैवाहिक जीवनपश्चात् पनि गतिवान् रहेको साहित्य सिर्जनाजस्ता विविध पाटाहरू एकसाथ अगाडि बढेको देखिन्छ । उनले औपचारिक अध्ययनको महत्त्वलाई ध्यानमा राखी नेपाली विषयमा स्नातकोत्तर तहको अध्ययनका लागि २०४४/०४५ सालमा स्नातक तहमा नेपाली विषयको परीक्षा दिई २०४६ सालभित्र नेपाली विषयमा नै स्नातकोत्तर तह पनि पूरा गरेका थिए ।[३७] यसरी वैवाहिक

---

३३ उमेश कुमार न्यौपानेबाट प्राप्त जानकारीअनुसार ।
३४ ऐजन ।
३५ ऐजन ।
३६ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
३७ ऐजन ।

जीवन र सँग-सँगै गतिशील बनेका साहित्यिक सिर्जना, औपचारिक अध्ययन तथा पुत्रलाभजस्ता सुखद सन्दर्भहरू उनको युवा जीवनमा देखापरेका थिए ।

मानसिक, शारीरिकरूपमा परिपक्व हुँदै व्यवहारमा पनि शिष्टता, भद्रता, सहयोगी भावना देखाउने लक्ष्मीप्रभासँगको विवाहपश्चात् जीवनको व्यवहारिक तथा साहित्यिक दुवै क्षेत्रमा बाबा न्यौपानेले सहयोगको महसुस गरेका छन् ।[३८] सु-संस्कृत तथा पारिवारिक संस्कारको मर्यादामा रहने दम्पति स्वभाव भएकाले यिनीहरूका जीवनमा कुनै बाधा अड्चन देखा परेन । पारिवारिक समस्यालाई सल्लाह र छलफलमार्फत समाधान गरी अगाडि बढ्ने न्यौपाने दम्पति एकअर्कालाई राम्रो कार्यमा प्रोत्साहन र गलत कार्यमा सचेत गर्ने गराउने गर्दछन् । आफ्ना पतिको व्यावहारिक आर्थिक समस्यामा सल्लाह र सहयोग दिनुका साथै साहित्यसिर्जना गर्न र न्यौपानेको सिर्जनाका पहिलो पाठक बनेर हौसला प्रदान गर्न उनी क्रियाशील रहँदै आएकी छन् ।[३९] यसरी न्यौपाने दम्पति वैवाहिक जीवनपश्चात् आजसम्म पनि आर्थिक, सामाजिक, व्यावहारिक र साहित्यिकजस्ता जीवनका पाटाहरूमा एक अर्काको सहयोग लिएर सरल, सहज र सुखद जीवनयापन गरिरहेका छन् ।

### २.७.३ सन्तान

बााब न्यौपानेका सन्तानका रूपमा जम्मा दुई छोराहरू रहेका छन् । उनको जेठो छोराको नाम विभूति न्यौपाने हो ।[४०] उनको जन्म २०४० साल वैशाख १६ गते भएको थियो । उनको जन्म साधारणतया जन्म हुने समयभन्दा दुई महिना अगावै वा सात महिनामा भएको थियो । उनको जन्म हुँदा आमा (लक्ष्मीप्रभा) लाई गाह्रो भएकाले प्रसूतिगृहमा लगिएको थियो । यसरी विभूतिको जन्म अस्पतालमा भएको थियो । हाल उनी नेपालमा नै एम्.बी.बीएस्.को अध्ययन गरिरहेका छन् । न्यौपानेको कान्छा छोराको नाम विवेक न्यौपाने हो ।[४१] उनको जन्म २०४१ साल असोज २७ गते भएको थियो । उनको जन्म हुँदा आमालाई त्यतिधेरै कष्ट नभएको र घरमा नै मास महिना पुगेपछि जन्मिएका थिए । हाल उनी इन्जिनियरिङ्ग विषयको अध्ययन गरी सम्बद्ध क्षेत्रमै कार्यरत छन् । न्यौपानेका यी दुवै छोराहरूको विवाहकार्य भने भएको छैन ।

---

३८ ऐजन ।
३९ ऐजन ।
४० ऐजन ।
४१ ऐजन ।

सन्तानको रूपमा दुई छोराहरूको जन्म भइसकेपछि सचेत रूपमा नै अन्य सन्तान प्राप्तिको इच्छालाई रोकेका थिए । दुई पुत्र मात्रै भएकाले एउटी छोरी आवश्यक ठाने पनि उनी छोरीको अभाव खड्किन नदिएको कुरा व्यक्त गर्दछन् । घरपरिवारमा पर्ने विविध चाडपर्वहरूमा भान्जी भतिजीहरूलाई बोलाएर कार्यसम्पन्न गरी सन्तोष लिँदै आएका न्यौपानेले छोरी कै आवश्यकताले सन्तानवृद्धि गर्ने सोच भने पटक्कै गरेनन् ।[४२] तर पनि एक्लै बसेर सम्झँदा न्यौपानेलाई कता-कता छोरी नभएको खल्लोपना भने अझै महसुस भएको बताउँछन् ।[४३]

## २.७.४ पारिवारिक वियोग/पिताको देहावसान

बाबा न्यौपानेको जीवनमा त्यतिधरै आर्थिक तथा व्यावहारिक दुःख कष्टहरू नदेखिए पनि पारिवारिक रूपमा पितृ वियोगबाट भने उनी धेरै दुःखी र मर्माहित बनेका थिए । आफ्नो विवाहको लगभग एक दशकपछि २०४३ साल जेठ महिनामा भने उनले पितृशोक बेहोर्नु परेको थियो ।[४४] समाजमा घुलमिल भई सहयोगी भावना राख्ने, पण्डित्याइँ जस्तो सम्मानजनक र साँस्कृतिक कार्यमा संलग्न एक असल कृषक रहेका आफ्ना पिता देवकृष्ण न्यौपानेको निधनले यिनलाई निकै भावविह्वल र मर्माहत बनाएको थियो ।

न्यौपानेको पिताको निधन भए पनि माता दुर्गादेवी न्यौपाने भने हालसम्म पनि जीवित नै छिन् । हाल उनी कान्छो छोरा उमेशकुमार न्यौपानेका साथ पुरानो वासस्थान झौखलेमा नै बसेकी छन् ।[४५] यसरी न्यौपानेले आफूलाई जन्म दिने पिता गुमाए पनि माताको माया-स्नेहबाट भने बञ्चित हुनुपरेको छैन ।

## २.८ आर्थिक अवस्था

बाबा न्यौपानेको जन्मले पनि भक्तपुर वा भनौं नेपालको राजधानीमा पर्ने उपत्यका जस्तो सुविधासम्पन्न ठाउँमा जन्मेका मध्यमवर्गीय सु-संस्कृत परिवारका सदस्य हुन् । उनले जीवनको अधिकांश समय उपत्यकाभित्र नै बसेर बिताएका छन् । न्यौपानेको पारिवारिक रूपमा पहिलादेखि नै पुर्ख्यौली सम्पत्ति पनि रहेको थियो ।[४६] न्यौपानेहरू समाजमा वेद

४२ ऐजन ।
४३ ऐजन ।
४४ ऐजन ।
४५ ऐजन ।
४६ ऐजन ।

पुराणादिको ज्ञान भएका शिक्षित पण्डित र आर्थिक रूपमा पनि लाउन खान पुग्ने मध्यमवर्गीय आर्थिक अवस्था भएका परिवार हुन् । मूल पेसाको रूपमा खेती, पशुपालन र पुरोहित्याँइ पनि गर्ने भएकोले यिनीहरूको परिवारमा पहिलादेखि नै लाउन खान र कुनै काम गर्नका लागि नगद पैसाको पनि कमी हुँदैनथ्यो ।[४७] सांस्कृतिक रूपमा संस्कारलाई मान्ने, पारिवारिक रूपमा अनुशासित मध्यमवर्गीय परिवार भएकाले अनावश्यक फजुल खर्च नगर्ने, कुनै प्रकारको कुलतमा परेर पैसा खर्च नगर्ने सोझो, सरल तथा मर्यादित ब्राह्मण परिवार भएकाले पनि उनीहरूको आर्थिक अवस्था राम्रो रहेको थियो ।

पारिवारिक रूपमा नै बलियो रहेको अवस्थामा बाबा न्यौपानेले अध्ययनका क्रममा पढाएर कमाएको पैसाले पनि खर्चमा राम्रो टेवा पुऱ्याएका थिए । त्यसैगरी स्नातक तहसम्मको अध्ययनपश्चात् न्यौपाने केही समय श्रम विभागमा अस्थायी र पछि स्थायी अधिकृत स्तरको सरकारी सेवामा नै नाम निकालेर सेवारत भएपछि यिनको आर्थिक अवस्था अझ सुदृढ हुँदै आएको पाइन्छ ।[४८] पिताको निधनको ६/७ वर्ष बितेपछि जागिरे जीवनका सिलसिलामा विभिन्न जिल्ला जाने क्रममा स्याङ्जा जिल्लामा हुँदा न्यौपानेले श्रीमती र दुई छोरा सँगै लिएर गए । यसरी दुई भाइको परिवार दुईतिर भएपछि औपचारिक रूपमा अंशवण्डा गरेर भिन्न नबसे पनि अनौपचारिक रूपमा नै चुलो चौको भिन्न भयो र आ-आफ्नो व्यक्तिगत अर्थउपार्जन तथा संरक्षण कार्य प्रारम्भ भयो ।[४९] यसरी भिन्न बस्न पुगेका न्यौपाने जीवनमा अधिकृत, स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला अधिकारी हुँदै विशिष्ट श्रेणीको पदसम्म आइपुग्दा उनको आर्थिक अवस्था धेरै भरपर्दो र आशलाग्दो बनेको छ । हाल उनले ललितपुरको धोबीधारामा आफ्नै पक्का घर बनाएर बसेका छन् ।[५०]

यसरी न्यौपानेको पुर्ख्यौली आर्थिक अवस्था राम्रो थियो । उनले पनि आफ्नो जीवनमा पेसारत रहँदा मिहिनेत गरेकाले सफलता पाए । यिनै विविध कारणले गर्दा नै न्यौपानेको जीवन आर्थिक रूपमा दुःख तथा कष्ट नझेलीकनै राम्रो आर्थिक अवस्थाबीच बितेको पाइन्छ ।

---

४७ ऐजन ।
४८ ऐजन ।
४९ ऐजन ।
५० ऐजन ।

## २.९ साहित्यिक लेखनको प्रेरणा

भक्तपुरको सुन्दर प्राकृतिक वातावरणमा हुर्केका बाबा न्यौपानेको साहित्यिक लेखनमा त्यहाँका सामाजिक, प्राकृतिक, पारिवारिक, सांस्कृतिक लगायत सहरिया वातावरण र यसका विविध पक्षहरूले प्रभाव पारेको देखिन्छ । उनी बाल्यकालदेखि नै भावुक, कल्पनाशील र एकान्तप्रेमी व्यक्ति भएकाले उनलाई सानातिना घटनाले पनि तुरुन्तै प्रभाव पार्ने गर्दथे । उनका परिवारमा सचेतरूपमा कोही पनि साहित्यानुरागी थिएनन् ।[५१] आफ्नो पुर्खादेखि चलिआएको जजमानी कार्यले गर्दा संस्कृततर्फको झुकाव भने पारिवारिक रूपमा नै बढी थियो । संस्कृततर्फको वेदका श्लोक, मन्त्रवाचन, भजन, गायन लगायतका कुराहरूले पनि कता-कता उनी भित्र साहित्याङ्कुरणमा सहयोग गरेको थियो । त्यस्तै चाडपर्व तथा विविध अवसरमा गाइने देउसी, भैलो, भजन, चुड्का, तीजेगीतजस्ता श्रुतिमधुर गीत गायन र श्रवणका सन्दर्भहरूले पनि उनलाई साहित्य लेखनतर्फ प्रेरणा प्रदान गरेको बुझिन्छ । जीवनको गतिसँगै समाजमा देखापरेका विविध आरोह-अवरोह, सकारात्मक-नकारात्मक पक्ष मानिसका आन्तरिक तथा बाह्य चारित्रिक गुण र दोषहरूसँगको सामीप्यले पनि उनलाई प्रभाव पारिरहेको हुन्थ्यो ।[५२] यसरी समाजको मर्यादित चौघेरा भित्र र त्यसभन्दा बाहिर हुने विविध प्रकारका क्रियाकलाप तथा वातावरणले पनि न्यौपानेलाई साहित्यिक लेखनमा प्रेरणा प्रदान गरेको थियो ।

बाबा न्यौपानेले उच्चशिक्षा अध्ययनका क्रममा नेपाली साहित्य, संस्कृत जस्ता विषय लिएर अध्ययन गरेका थिए ।[५३] उनले अध्ययनका क्रममा नेपाली साहित्यका धरोहर मानिने गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पुश्कर शमशेर, गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल, पोषण पाण्डे जस्ता साहित्यकारहरूको कृति पढ्ने अवसर प्राप्त गरे ।[५४] मूलतः गुरूप्रसाद मैनालीका कृति समाजका यथार्थतालाई सरल, सहज, संवेध ढङ्गले प्रस्तुत गर्न सफल आधुनिक कथाहरू अति मनपराउँथे । त्यस्तै न्यौपाने विश्वेश्वरका कथामा मानव मनका अन्तरकुन्तर भित्रसम्म केलाएर शिष्ट ढङ्गले प्रस्तुत गर्ने मनोवैज्ञानिक कथाकारिताबाट पनि प्रभावित भएका थिए । यसरी उनी नेपाली साहित्यकारका साथै विदेशी साहित्यकार म्याक्सिम गोर्की, मोपासा, एड्गर एलेन पो,

---

५१ उमेशकुमार न्यौपानेबाट प्राप्त जानकारीअनुसार ।
५२ ऐजन ।
५३ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
५४ ऐजन ।

टल्सटाय आदिका अनूदित तथा मौलिक कृतिहरूबाट पनि साहित्य सिर्जनामा प्रेरणा ग्रहण गर्न पुगेका थिए ।[५५] जीवनका यिनै विविध देखाइ र भोगाइ, औपचारिक तथा आफ्नै स्वाध्ययन र समाजका प्राकृतिक, सामाजिक, साँस्कृतिक पक्ष पनि साहित्यिक लेखनका आंशिक प्रेरणाका स्रोत हुन् ।

## २.१० लेखनको शुभारम्भ र विस्तार

बाबा न्यौपालेको साहित्य लेखनको शुभारम्भ बाल्यकालदेखि नै भएको देखिन्छ । प्रारम्भमा अभ्यास गरिएका साहित्यिक रचनाहरू प्राप्त छैनन् । लेखनसम्बन्धी कुनै पनि विधाको ज्ञान नभए पनि उनको लेखनको सुरुवात १७ वर्षे कलिलो उमेरदेखि नै भएको थियो । १७ वर्षको उमेरदेखि नै साहित्यसिर्जना गर्न थालेका साहित्यकार न्यौपानेको साहित्यलेखनको प्रारम्भ कथा विधाबाट भएको हो । उनका प्रारम्भिक अवस्थामा रचना गरिएको प्रथम कथा **डायरी एउटा बहुलाको** शीर्षकको कथा हो । यो कथा २०३० सालतिर रचना गरिएको थियो ।[५६] त्यस्तै २०३०-३१ सालको आसपासमा रचना गरेका उनको 'कल्पनाको शिकार' शीर्षकको कथा पहिलो पटक कथा प्रतियोगितामा प्रथम भएको थियो । यसले उनलाई साहित्यिक लेखनमा हौसला प्रदान गऱ्यो । प्रारम्भदेखि नै लेखिएका उनका कथाहरू मानवीय मनोजगत् प्रस्तुत गर्न उन्मुख रहेका छन् । साहित्यका मूलतः कथा विधामा विशेष कलम चलाएका न्यौपानेले एउटा एकाङ्की पनि प्रस्तुत गरेका छन् । उनका हालसम्म अत्याधिक मात्रामा गीत, कविता र दुईवटा उपन्यास अप्रकाशित रूपमा नै संरक्षित रहेका छन् ।[५७]

बाबा न्यौपानेको साहित्यिक लेखन कार्य २०३० सालबाट नै प्रारम्भ भए तापनि प्रकाशन कार्य भने २०३२ सालदेखि प्रारम्भ भएको पाइन्छ । उनको पहिलो प्रकाशित रचना 'जीवन एक अभिव्यक्ति' शीर्षकको एकाङ्की रहेको छ ।[५८] यो एकाङ्की उनले पढ्ने भक्तपुर क्याम्पसको प्रथम मुख प्रकाशन **स्वर्णद्वार** नामक पत्रिकामा २०३२ सालमा प्रकाशित भएको थियो ।[५९] २०३२ सालदेखि पत्रपत्रिकाको माध्यमबाट साहित्यिक रचनाहरू प्रकाशन गर्न लागेका न्यौपानेका मूलतः कथा र एकाङ्कीका पुस्तकाकार तथा फुटकर कृतिहरू प्रकाशित

---

५५ ऐजन ।
५६ ऐजन ।
५७ ऐजन ।
५८ ऐजन ।
५९ ऐजन ।

भएका छन् । उनका हालसम्म पुस्तकाकार रूपमा **बैंसको आकाश** (२०५६) र **दोस्रो प्रहर** (२०६२) कथासङ्ग्रहहरू प्रकाशित भएका छन् ।

बाबा न्यौपानेले सिर्जनाका क्रममा मूलतः कथा विधामा विशेष सफलता हासिल गरेका छन् । कथाका अतिरिक्त प्रकाशनका दृष्टिले हेर्दा एकाङ्की 'जीवन एक अभिव्यक्ति' नै पहिलो प्रकाशन हो तर एकाङ्की सृजनले गति लिन सकेन । एकाङ्कीका रूपमा प्रकाशित यो नै उनको पहिलो र अन्तिम कृतिको रूपमा रहेको देखिन्छ । प्रकाशनका दृष्टिले देखिएका यी कृतिबाहेक न्यौपानेका धेरै गीत, कविता र दुईवटा 'अभिनय' र 'समाप्ति' शीर्षकका उपन्यास अप्रकाशित रूपमा रहेका छन् ।[६०] न्यौपानेका यी उपन्यास क्रमशः २०३२ र २०३८ सालमा लेखिएका थिए । यसरी न्यौपाने नेपाली साहित्यका क्षेत्रमा प्रकाशित तथा अप्रकाशित जे-जस्ता अवस्थामा रहे पनि साहित्यका सबै विधामा कलम चलाउने स्रष्टाका रूपमा परिचित छन् ।

## २.११ स्वभाव र रुचि

### २.११.१ स्वभाव

बाबा न्यौपाने बाल्यकालमा पनि त्यति धेरै चटपटे स्वभावका नभई भद्र र लगनशील स्वभावका थिए । उनका बाबु अत्यन्तै सरल, शिष्ट स्वभावका भएकाले न्यौपानेले बाल्यकालमा शीलस्वभावबाट धेरै कुरा सिकेका थिए । उनी बालककालदेखि नै सरल, सहयोगी, कसैसँग झगडा नगर्ने तर आइलागे जाइलाग्ने स्वभावका थिए ।[६१] काठमाडौं उपत्यकाको सहरिया परिवेश भए पनि न्यौपाने भक्तपुरको ग्राम्य अनुशासित परिवेशमा हुर्किएका नम्र, शिष्ट, मितभाषी, मिलनसार र सहयोगी स्वभावका रहेका छन् ।

बाबा न्यौपानेमा कल्पनाशीलता, संवेदनाशीलता, एकान्तप्रियता, अन्तर्मुखी र भावुकताजस्ता प्रवृत्ति विद्यार्थीकालदेखि नै विकसित हुँदै आएका छन् ।[६२] मानवीय व्यवहार अँगाल्ने न्यौपानेले समाजमा समानताको भावना राख्दछन् । सानातिना कुराको पनि स्पष्ट उत्तर दिने, नरिसाउने, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देश र जनताको निम्ति काम गर्ने जस्ता स्वभाव उनमा रहेको पाइन्छ । सबैप्रति समानता र मानवताको व्यवहार गर्ने उनको स्वभाव भएको पाइन्छ । उनी वास्तविक जीवनमा ब्राह्मण कुलमा जन्मिए पनि जातिगत

---

६० ऐजन ।
६१ ऐजन ।
६२ ऐजन ।

भेदभावको विरोधी स्वभाव भएका व्यक्ति हुन् । उनी मानिसलाई जातिगत आधारमा वर्गीकरण नगरी उसको कर्मको आधारमा मूल्याङ्कन गर्नुपर्ने बताउँछन् ।[६३] काठमाडौं उपत्यकाका कतिपय मन्दिरमा पुजारी नेवार, मगर भए पनि मानिसले उनीहरूलाई पण्डित भनेर श्रद्धा गर्छन तर बहिष्कार गर्दैनन् । अर्थात् उनीहरू जातले ब्राह्मण नभए पनि कर्मले ब्राह्मण भएका छन् । त्यसैले मानिसलाई कर्मका आधारमा वर्गीकरण गर्नु पर्ने न्यौपाने बताउँछन् ।[६४] यसरी मानिसलाई जातका आधारमा वर्गीकरण नगरी कर्मका आधारमा वर्गीकरण गर्नुपर्छ भन्ने संवेदनायुक्त मानवीय स्वभाव न्यौपानेमा रहेको छ ।

### २.११.२ रुचि

बाबा न्यौपानेको मूल रुचिक्षेत्र भनेको अध्ययन, लेखन, भ्रमण र आफ्नै धर्मसंस्कृतिको जगेर्ना गर्ने रहेको छ । न्यौपानेले नेपाली साहित्यमा स्नातकोत्तर गरेका छन् । नेपाली साहित्यको अध्ययनले उनलाई पूर्वीय तथा पाश्चात्य दुवै साहित्यको अध्ययनमा रुचि जगाएको छ ।[६५] न्यौपाने पूर्वीय साहित्यभन्दा पर गएर पाश्चात्य साहित्यका कथालगायत अन्य कृतिहरूसमेत पढ्नमा उत्तिकै रुचि राख्छन् । पूर्वीय तथा पाश्चात्य दुवै साहित्यको अध्ययन गर्ने न्यौपाने समाजमा देखा पर्ने जीवनका विविध पाटाहरूलाई कथामा सिर्जनात्मक स्वरूप प्रदान गर्न पनि उत्तिकै रुचि राख्दछन् । न्यौपाने देशका विभिन्न प्राकृतिक तथा सांस्कृतिक महत्त्वका स्थल घुम्न अति नै मन पराउँछन् । नेपाल बाहिर ९/१० वटा देशमा विविध प्रशासनिक कार्यका सिलसिलामा गएका न्यौपाने विदेश भ्रमण गर्न पनि उत्तिकै रुचि राख्दछन् ।[६६] त्यस्तै न्यौपाने आफ्नो धर्म-संस्कृतिप्रति अगाध स्नेह राख्ने परिवारमा हुर्केका हुन् । उनी परम्परागत रूपमा चलिआएका आफ्नो संस्कृतिको जगेर्ना गर्नेतर्फ अति नै रुचि राख्छन् । आफ्नो धर्म-संस्कृतिको नराम्रो पक्ष मात्रै देखाउने, राम्रो पक्षको मूल्याङ्कन नगर्ने र हेय दृष्टिकोण राखेर धर्म परिवर्तनमा नै जोड दिने कार्य मन पराउँदैनन् ।[६७] यसरी न्यौपाने आफ्नो धर्म-संस्कृतिको नराम्रो पक्षलाई परिष्कार तथा परिमार्जन गरी संरक्षण-सम्वर्द्धन गर्नमा रुचि राख्दछन् । उनी खानपानतर्फ सामान्य नेपाली खाना नै मन पराउँछन् । साधारणतया बिहान दाल, भात, तरकारी बेलुका रोटी, ढिँडो र विशेषगरी

---

६३ ऐजन ।
६४ ऐजन ।
६५ ऐजन ।
६६ ऐजन ।
६७ ऐजन ।

शाकाहारी खानामा नै रुचि राख्छन् ।[६८] त्यस्तै कुनै विशेष कार्यक्रमहरूमा खाए पनि मूलतः मदिरापानमा उनको त्यति रुचि रहेको छैन । उनलाई भड्किलो खालको पोसाक मन पर्दैन । कार्यालय जाँदा दौरा-सुरुवाल र घरतिर बस्दा जे सजिलो लाग्छ त्यही लगाउने गर्दछन् । उनी कोट पाइन्ट लगाउन मन पराउँदैनन् । कोट पाइन्ट लगाएर जानुपर्ने ठाउँमा जान परे हुन्थ्यो भन्ठान्छन् ।[६९] राष्ट्रको सेवा गर्नु, देशलाई बचाउनु, दीनदुःखीहरूलाई सहयोग गर्नु उनका रुचिका अन्य विषयहरू हुन् । मूल रूपमा सामाजिक सेवामा जीवन बिताउने, अध्ययन गर्ने, साहित्य लेख्ने, नयाँ-नयाँ ठाउँको भ्रमण गर्ने र धर्म-संस्कृतिको संरक्षण गर्ने जस्ता रुचिहरू उनमा रहेका छन् ।

## २.१२ भ्रमण

बाबा न्यौपाने भक्तपुरको भ्रौखेलमा जन्मेर हाल ललितपुरको धोबीधारामा बसोबास गरिरहेका छन् । यिनले सरकारी सेवाको क्रममा देश तथा विदेशका विभिन्न ठाउँको भ्रमण गरेका छन् । न्यौपानेले नेपालका धेरै जिल्लाहरू भ्रमण गरेका छन् । सरकारी सेवा कै क्रममा पनि धनकुटा, भोजपुर, सुनसरी, रौतहट, जनकपुर, नुवाकोट, स्याङ्जा, कैलाली आदि जिल्लाहरूको भ्रमण गरेका छन् ।[७०] उनी जिल्लामा स्थानीयवासीहरूसँग निकट सम्बन्ध कायम गर्न पनि सफल भएका थिए । यसरी उनी विविध जिल्ला र जिल्लावासीहरूसँगको निकट सम्बन्धका कारण त्यहाँको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक, भौगोलिकजस्ता विविध पक्षहरूको जानकारी लिन पनि सफल भएका थिए ।

यसैगरी बाबा न्यौपानेले विदेशको विभिन्न ठाउँहरूको पनि भ्रमण गरेका छन् । विशेष गरी न्यौपानेले सरकारी सेवाका क्रममा आइपर्ने तालिम, अनुसन्धान, सेमिनारजस्ता विविध कार्यक्रमका सिलसिलामा विदेश भ्रमण गरेका छन् । यस क्रममा यिनले विभिन्न कार्यले १०/११ पटक नै भारत भ्रमण गरेका छन् । त्यस्तै यिनले २०३६ सालमा दुई हप्ताको लागि दक्षिण भारत र श्रीलङ्काको, २०४० सालमा कात्तिकदेखि पुससम्म इटलीमा पर्ने टुरिन सहरको, २०५८ साल माघतिर अमेरिकामा पर्ने वासिङटन र न्यूयोर्कको, २०५९ साल चैतमा एक हप्ताको लागि पाकिस्तानमा पर्ने लाहोर र इस्लामावादको, २०६३ साल भाद्रमा ४ दिनका लागि बङ्गलादेशमा पर्ने ढाकाको, २०६३ साल कात्तिकमा एक हप्ताको

---

६८ ऐजन ।
६९ ऐजन ।
७० ऐजन ।

लागि जेनेभाको, २०६३ साल माघतिर १० दिनका लागि बेल्जियम, नेदरल्यान्ड र लक्जेम्बरको र २०६४ साल पुसमा दुई हप्ताका लागि अमेरिकामा पर्ने हवाइ राज्यको भ्रमण गरेका थिए ।[७१] कुनै ठाउँको भ्रमण गर्नु केवल सोखका लागि मात्र नभई ती ठाउँहरूसँग राम्ररी परिचित भई त्यहाँका सामाजिक, साँस्कृतिक, राजनीतिक, आर्थिक, भौगोलिक पक्षको जानकारी लिनु पनि हो भन्ने मान्यता उनको रहेको छ ।

## २.१३ जीवनमा घटेका अविस्मरणीय घटना

मानिस एउटा चेतनशील प्राणी हो । ऊ जीवनमा देखे भोगेका हरेक घटनाक्रमबाट पाठ सिक्दै अगाडि बढ्दछ । जीवन पनि एक किसिमले घटनाक्रमहरूको शृङ्खला हो । यसैले जीवनमा मानिसले चाहेर वा नचाहेर अनेक किसिमका घटनाहरू झेल्दै गन्तव्य तय गर्नु पर्ने हुन्छ । बाबा न्यौपाने पनि यी र यस्ता स्थितिबाट अलग  रहेका छैनन् । उनका जीवनमा अमिट छाप राख्ने यस्ता केही घटनाहरू छन्, जसका सम्झनाले उनी बेलाबखत गम्भीर बन्न पुग्दछन् । साहित्य सिर्जनाका प्रथम प्रहरतिर आफ्ना रचनाहरू प्रकाशित गराउनु त्यति सजिलो थिएन। यही समयमा देशका अधिकांश क्षेत्रमा पुग्ने **गोरखापत्र** पत्रिकाको प्रकाशन कार्यालयमा पुग्दा त्यहीँ कार्यरत साहित्यकार केशवराज पिँडालीसँग न्यौपानेको भेट भएको थियो ।[७२] आफ्ना कथा सिर्जनाहरू प्रकाशित गराउने आशा बोकेर त्यहाँ पुगेका न्यौपानेको कथा सिर्जनालाई इङ्गित गर्दै पिँडालीले ‘बाँदरलाई पनि आफ्नो सन्तान राम्रो लाग्छ’ भनेपछि न्यौपाने निराश बन्न पुगेका थिए ।[७३] यसरी साहित्यका क्षेत्रमा नव-आगन्तुक स्रष्टा प्रतिभाहरूलाई अग्रज स्रष्टाहरूले गरेको नकारात्मक व्यवहारको सम्झनाले न्यौपाने अझै पनि कहिलेकाहीँ मर्माहत बन्न पुग्छन् ।

बाबा न्यौपाने विशेष गरी साहित्यको कथा विधामा कलम चलाउने व्यक्ति  हुन् । उनले केही उपन्यास पनि लेखेका छन् । उनका दुई अप्रकाशित उपन्यासहरू पाण्डुलिपिमा नै सुरक्षित रहेका छन् । ती दुई उपन्यास मध्ये ‘समाप्ति’ उपन्यास २०३४ सालमा प्रकाशनको लागि साझा प्रकाशनलाई प्रदान गरेका थिए । तर पछिल्ला समयमा आएर सझा प्रकाशनले न्यौपानेलाई उक्त उपन्यासको पाण्डुलिपि हराएको जानकारी दियो ।[७४] यस घटनाले आफ्ना सिर्जनालाई सन्तान झैँ माया गर्ने न्यौपाने वास्तवमै मर्माहत बन्न पुगे ।

७१ ऐजन ।
७२ ऐजन ।
७३ ऐजन ।
७४ ऐजन ।

समयको अन्तरालसँगै न्यौपानेले **दोस्रो प्रहर** (२०६२) कथासङ्ग्रह साझा प्रकाशनबाट प्रकाशित गरे । यसै क्रममा न्यौपानेले आफ्नो 'समाप्ति' उपन्यास प्रकाशनको क्रममा यही प्रकाशनबाट हराएको जानकारी गराउँदा लगभग तीनदशकपछि उक्त उपन्यास फिर्ता पाए ।[७५] यसरी आफ्नो तथाकथित हरायो भनिएको उपन्यास पाउँदा उनलाई सारै खुसी लाग्यो । यी र यस्ता घटनाहरू जीवनमा बिर्सन खोजेपनि प्रसङ्गवस सम्झनामा आएर न्यौपानेको मानसपटलमा साँच्चै नै अविस्मरणीय घटनावलीको रूपमा रहेको छ ।

## २.१४ आजीविका

बाबा न्यौपाने एउटा मध्यमवर्गीय परिवारका व्यक्ति हुन् । उनी मध्यमवर्गीय परिवारमा हुर्किए पनि उनको हजुरबुबादेखि नै आर्थिक रूपमा भने कुनै दुःख भोग्नु पर्ने अवस्था थिएन । न्यौपानेका हजुरबुबा, बुबा शैक्षिक रूपले नभए पनि साँस्कृतिक रूपले शिक्षित थिए । उनका बुबा गाउँघरमा पुरोहित्याँइ गर्दथे भने पुर्ख्यौली सम्पत्तिका रूपमा उनीहरूको खेतीयोग्य जग्गा जमिन पनि रहेको थियो । यही पुर्ख्यौली रूपमा चलिआएको खेतीपाती र पुरोहित्याइबाट न्यौपानेको पारिवारिक रूपमा जीविकोपार्जन भएको थियो ।[७६] समयको क्रम सँग सँगै बाबा न्यौपाने पनि बाल्यकालीन अवस्था पार गर्दै युवावस्थामा आइपुग्दा कहिले ट्युसन र कहिले स्कुलमा शिक्षण कार्य गरी आय आर्जन गर्ने गर्दथे । यसै पृष्ठभूमिमा २०३३ सालमा न्यौपानेले श्रम विभागमा अस्थायी र २०३५ सालदेखि निजामती प्रशासनमा अधिकृतको रूपमा स्थायी जागिर भएपछिका दिन भने आर्थिक दृष्टिले सबल हुँदै बितेको पाइन्छ । उनको जागिरे जीवनको सुरुदेखि हालसम्मको कालक्रमिक अवस्थालाई यस प्रकार देखाउन सकिन्छ :

| पद | विभाग | मिति | स्थान |
|---|---|---|---|
| अधिकृत | सहकारी विभाग | २०३५-४ देखि २०४३-२ सम्म | काठमाडौं |
| स्थानीय विकास अधिकारी | सिंचाइ विभाग | २०४३-२ देखि २०४७-६ सम्म | |
| स्थानीय विकास अधिकारी | | २०४७-७ देखि २०४९-८ सम्म | धनकुटा |
| प्र.जि.अ. | | २०४९-११ देखि २०५१-१ सम्म | स्याङ्जा |
| प्र.जि.अ. | | २०५१-२ देखि २०५२-३ सम्म | भोजपुर |

७५ ऐजन ।
७६ ऐजन ।

| | | | |
|---|---|---|---|
| उप-सचिव | गृह मन्त्रालय | २०५२-३ देखि २०५२-७ सम्म | काठमाडौं |
| प्र.जि.अ. | | २०५२-७ देखि २०५३- १२ सम्म | पाल्पा |
| उप-सचिव | आपूर्ति मन्त्रालय | २०५४-१ देखि २०५४- ७ सम्म | काठमाडौं |
| प्र.जि.अ. | | २०५४-८ देखि २०५४- १० सम्म | रौतहट |
| सह-सचिव | गृह मन्त्रालय | २०५४-११ देखि २०५५- २ सम्म | काठमाडौं |
| प्र.जि.अ. | | २०५५-३ देखि २०५७- ७ सम्म | कैलाली |
| प्र.जि.अ. | | २०५७-८ देखि २०५८- ३ सम्म | सुनसरी |
| सह-सचिव | गृह मन्त्रालय | २०५८-४ देखि २०५८- ८ सम्म | काठमाडौं |
| सह-सचिव | रक्षा मन्त्रालय | २०५८-९ देखि २०५९- १२ सम्म | काठमाडौं |
| प्र.जि.अ. | | २०६०-१ देखि २०६०- ३ सम्म | धनुषा |
| प्र.जि.अ. | | २०६०-४ देखि २०६२- २ सम्म | काठमाडौं |
| महानिर्देशक | कारागार व्यवस्था विभाग | २०६२-३ देखि २०६३- ३ सम्म | काठमाडौं |
| सह-सचिव | गृह मन्त्रालय | २०६३-३ देखि २०६४- ६ सम्म | काठमाडौं |
| सचिव | रक्षा मन्त्रालय | २०६५-६ देखि हालसम्म | काठमाडौं |

यसरी बाबा न्यौपानेको जीवनकालमा मूलतः जागिरले जीविकोपार्जनमा ठूलो टेवा पुऱ्याएको छ । अधिकृत स्तरबाट निजामती प्रशासनमा प्रवेश गरेका न्यौपाने हाल विशिष्ट श्रेणीमा कार्यरत छन् । समयको क्रमसँगै २०५० सालतिरै संयुक्त परिवारबाट भिन्न भई आफ्ना दुई छोरा र श्रीमतीका साथ बसेका न्यौपानेलाई जीविकोपार्जनका लागि पैतृक सम्पत्तिका रूपमा रहेको खेतीपातीबाट र जागिरको आम्दानीबाट पुगेको छ । त्यसैले आर्थिक वा आजीविकाका दृष्टिले उनलाई खासै समस्या रहेको देखिँदैन ।

## २.१५ सम्मान तथा पुरस्कार

असल कार्य गर्ने मानिसलाई त्यस्ता कार्यतर्फ अझ सक्रिय बनाउनका लागि सम्मान तथा पुरस्कार दिने गरिन्छ । यस्तो किसिमको सम्मानले व्यक्तिगत हौसला प्रदान गर्दछ र अझ उसलाई लगनशील बनाउँदछ । बाबा न्यौपाने क्याम्पस स्तरको औपचारिक अध्ययनकै क्रममा सरकारी सेवामा संलग्न भएका थिए । त्यस्तै औपचारिक अध्ययनपश्चात् उनी

विभिन्न सङ्घ-संस्था एवम् सामाजिक कार्यहरूमा संलग्न हुँदै आएका छन् । हालसम्मको यस सक्रियताको परिणाम स्वरूप २०५७ साल पौष १४ गते सुनसरी जिल्लाको प्रमुख जिल्ला अधिकारी रहेका बेलामा उनलाई राजा वीरेन्द्रको जन्मोत्सवका उपलक्ष्यमा **प्रबल गोरखा दक्षिण बाहु तेस्रो** द्वारा सम्मानित गरिएको थियो ।[७७]

## २.१६ जीवनदर्शन

प्रत्येक मानिसको जीवनसम्बन्धी भिन्ना-भिन्नै दृष्टिकोण तथा मान्यता रहेको पाइन्छ । मान्छे विवेकशील प्राणी भईकन मरणशील पनि छ । तसर्थ आफूले पाएको छोटो जीवनलाई पनि बुद्धिमान मानिस सार्थक बनाउन चाहन्छ । बाबा न्यौपानेले सङ्घर्षशील मानव जीवनमा थुप्रै उकाली-ओराली, उतार-चढाव, आँसु-हाँसो, वेदना र छटपटीहरूलाई भोगेका छन् । यिनै आँसु, हाँसो, वेदना र छटपटीहरूलाई आफ्ना कृतिमा मिहिन ढङ्गले प्रस्तुत गरेका छन् ।

जीवनदर्शनका बारेमा बाबा न्यौपाने भन्छन्- “मानिस एउटा अस्तित्व भएको प्राणी हो । यसको आफ्नै निजीपन छ । हामी हाम्रो निजत्वबाट डग्नु हुँदैन । आज साराका सारा नेपालीहरू आफ्नो पूर्वीय धर्म-संस्कृति र मूल्य मान्यताबाट पर-पर भागिरहेका छन् ।”[७८] यसरी आफ्नो सँस्कारबाट भाग्दै गएमा आफू नरहनु बराबर हुन्छ । पश्चिमीभन्दा पूर्वीय दर्शन, सँस्कार र जीवनपद्धति नै उत्तम रहेकाले पनि हामीले हाम्रो जीवनशैली त्याग्न हुँदैन भन्छन्, जसको मूल दर्शन नै शिष्टाचार हो । त्यस्तै न्यौपाने जन्मले आफू ब्राह्मण भए पनि सेवा गर्ने व्यक्तिको रूपमा रहेकाले पेसा वा कार्यका हिसाबले स्वभावैले आफूलाई वैश्य जस्तो रहेको बताउँछन् ।[७९] यसरी समग्र पूर्वीय मूल्यमान्यताको जीवनपद्धति जिउनु, शिष्टाचार र आफूले आफैलाई सेवाकार्यमा तल्लीन वैश्य सम्झनु नै उनको जीवनदर्शन रहेको पाइन्छ ।

---

७७ ऐजन ।
७८ ऐजन ।
७९ ऐजन ।

# तेस्रो परिच्छेद

# बाबा न्यौपानेको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

व्यक्तिको जीवनीका विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एकरूपता वा अनेकरूपताको निर्माण हो । एकरूपता भन्नाले सधैं एकै किसिमको काम मात्र गर्नु नभई परिवेशअनुसारको एकरूपता भन्ने बुझिन्छ । वास्तवमा व्यक्तित्वको अभिप्रायः आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु पनि हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन छाप छोड्न  सक्नुपर्छ । यस अर्थमा व्यक्तित्वको अर्थले परिवर्तनशीलता भन्ने नभई प्रतिकूल स्थितिको अनुकूल चल्न सक्ने त्यो शक्ति सत्ता हो जसले मानिसलाई प्रत्येक क्षणमा आफ्नो दृष्टिकोण देखाउन प्रस्तुत गर्छ । परिस्थिति अनुकूल चल्न सक्ने र प्रत्येक क्षणमा नवीन दृष्टिकोण प्रस्तुत गर्न सक्ने व्यक्तिभित्र निहित प्रतिभा नै व्यक्तित्व हो ।[८०]

## ३.२ शारीरिक व्यक्तित्व, स्वभाव

मानिसको शारीरिक आकार-प्रकारले उसको व्यक्तित्वको ओज बढिरहेको हुन्छ । शारीरिक सु-संगठनले मानिसलाई प्रतिभाशाली देखाउन मद्दत गर्दछ । शारीरिक बनावटका आधारमा हेर्दा बाबा न्यौपानेलाई यस प्रकार देखाउन सकिन्छ । यिनी ५ फुट ४ इन्च अग्ला, न ज्यादा मोटा न दुब्ला, गहुँगोरो वर्ण, फराकिलो निधार, तालु केही खुइलिएको पातलो कालो कपाल, तेजिला आँखा, न धेरै बाक्लो न पातलो जुँघा, सुहाउँदो नाक, नाकको पोराभन्दा माथि जुँघाको दुई छेउबाट गालामा रेखा आएका र  गोलाकार मुखाकृति भएका न्यौपाने सरल, शान्त र सौम्य व्यक्तित्व हुन् ।[८०] न्यौपाने जीवनका जस्तै कठिन परिस्थितिमा पनि धैर्य, संयम र सन्तुलन नगुमाई जीवनमा सधैं क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएका व्यक्ति हुन् । कुनै पनि विषयमा बोल्दा शिष्ट र मिठासपूर्ण तरिकाले बोल्नु उनमा पाइने निजी विशेषता हो । जस्तै जटिल परिस्थिति आइपर्दा पनि धैर्य र विचारपूर्वक निर्णयमा पुग्ने परिपक्व एवम् स्थिर र स्वाभिमानी प्रवृत्तिजस्ता मानवीय असल गुणहरू

---

१ टी.एन. जोशीबाट प्राप्त जानकारीअनुसार ।

उनमा पाइन्छन् ।[८१] सबै मानिससँग मित्रवत् व्यवहार गर्ने, साना कुरामा पनि नझिज्जिने, सोधेका कुराको स्पष्ट उत्तर दिने, ठूलो आपद्-विपद्मा नआत्तिने र खुसीमा नमात्तिने खालको व्यक्तित्व उनमा पाइन्छ । उनमा सबैँसँग मित्रता र सौहार्द गास्ने, कसैको कुभलो नसोच्ने, चियो चर्चो नगर्ने, आफू ठूलो मान्छे हुनुको अभिमान नगर्नेजस्ता प्रवृत्तिहरू पाइन्छन् ।

बाबा न्यौपाने सानै उमेरदेखि कल्पनामा डुब्ने, कुनै काममा लागेपछि त्यसैमा घन्टौ बिताउने, सहपाठी एवम् दौंतरीहरूसँग सहयोग आदान-प्रदान गर्ने छरछिमेक तथा आफन्तहरूको सम्बन्धमा जिज्ञासा राख्ने स्वभावका व्यक्ति हुन् ।[८२] यिनी उमेरको वृद्धि सँगसँगै बालसुलभ चञ्चले प्रवृत्तिबाट क्रमशः शान्त, गम्भीर, शिष्ट एवम् मितभाषी, एकान्तप्रेमी तथा प्रकृतिप्रेमी बन्दै गएकाले पनि कथा सृजना जस्ता साहित्यिक रचनातर्फ अभिमुख हुँदै गएको बुझिन्छ । झ्वाट्ट हेर्दा यिनी सहज, सरल र शान्त देखिए पनि गहिरिएर हेर्दा भित्र-भित्रै कुनै कुराको चिन्तन गरिरहेको जस्तो यिनको मुखाकृतिले देखाइरहेको हुन्छ । समाज एवम् राष्ट्रका लागि आफ्नो कीर्ति फिँजाउन प्रयत्नशील न्यौपानेमा आडम्बरहीन स्वभाव तथा मान्छेको प्रवृत्ति अनुरूप उसप्रति देखाउन सक्ने व्यवहारिक कुशलताले गर्दा हरेक वर्ग र तहका मान्छेसँग सम्पर्क कायम गर्न सक्ने क्षमता उनमा रहेको पाइन्छ ।[८३]

सानैदेखि स्वाभिमानी र स्वावलम्बी स्वभावले गर्दा यिनी विद्यार्थी जीवनदेखि नै विभिन्न समस्यामा विचलित नभईकन सङ्घर्ष गर्दै आएको बुझिन्छ । असहाय एवम् गरिब निमुखाप्रति यिनको सदा सहानुभूति रहँदै आएको बुझिन्छ । त्यसैगरी यिनमा पूर्वीय अध्यात्मवादको सकारात्मक तथा भौतिकवादी चिन्तनका व्यावहारिक पक्षमा झुकाव रहेको छ । चाकडी, चाप्लुसी स्वभाव पटक्कै मननपराउने न्यौपाने कर्मयोगी बन्नुपर्छ भन्ने कुरामा विश्वास राख्छन् । यसरी न्यौपाने सहज,सरल, सहयोगी, भावुक, कर्तव्यपरायण, कर्मयोगी, स्वावलम्बी स्वभावले युक्त व्यक्ति प्रतिभा हुन ।[८४]

## ३.३ व्यक्तित्वका विभिन्न पाटाहरू

व्यक्तित्वका निर्माणमा कुनै पनि मानिसका जीवन भोगाइमा आउने विविध, घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घात-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूद्वारा प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक

---

८१ ऐजन ।
८२ ऐजन ।
८३ ऐजन ।
८४ ऐजन ।

पृष्ठभूमि, सामाजिक-साँस्कृतिक, रुचि, पेसा, शिक्षा-दीक्षा आदिले पनि उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । जीवनका उकाली ओरालीहरूमा व्यक्तिले आफूमा समाहित गरेको विविध नेतृत्वको आधारमा उसको व्यक्तित्वको विविध पाटाहरू निर्धारित हुन्छन् । यसैगरी बाबा न्यौपानेका जीवनमा निर्धारित हुन पुगेका व्यक्तित्वका विविध पाटाहरूलाई नियाल्न सकिन्छ । बाबा न्यौपाने नेपाली साहित्यका एक सर्जक व्यक्तित्व हुन् । उनी मूलतः प्रशासक हुन् तापनि साहित्यिक क्षेत्रको योगदानमा पनि उनको अहम् भूमिका रहेको छ । २०३० सालदेखि आजसम्म यिनी साहित्य एवम् साहित्यतर क्षेत्रमा संलग्न हुँदै आएका छन् ।[८५] यसबाट यिनको बहुमुखी प्रतिभा तथा व्यक्तित्वको निर्माण भएको छ । साहित्य भित्र कथा, कविता, गीतजस्ता विधामा यिनको कलम सशक्तरूपमा चलेको छ भने विभिन्न प्रशासनिक कार्यमा संलग्न भएर साहित्यतर व्यक्तित्व पनि निर्माण भएको छ ।[८६] न्यौपानेका व्यक्तित्वका यिनै विभिन्न पाटाहरूलाई यसप्रकार देखाउन सकिन्छ :

### ३.३.१ प्रशासनिक व्यक्तित्व

बाबा न्यौपानेको जीवनकालमा फेरा लगाउँदा प्रशासनिक व्यक्तित्व नै प्रबल रूपमा देखा पर्दछ । बाबा न्यौपानेको प्रशासनिक व्यक्तित्व नियाल्दा प्रथमतः शिक्षक पेसामा संलग्न रहेको पाइन्छ । उनी अध्ययनका साथै अध्यापनमा पनि उत्तिकै रुचि देखाउँथे । अध्ययन कै समयमा गाउँ-घरका केटा-केटीहरूलाई पाठका कुराहरू सिकाउँथे । यसरी अनौपचारिक अध्यापनमा लागेका न्यौपानेले २०३० सालमा भने औपचारिक अध्यापन कार्य प्रारम्भ गरे ।[८७] आफैले अध्ययन गरेको भक्तपुरस्थित चाँगुनारायण आधार स्कुलमा स्वयम्सेवक शिक्षकको रूपमा दुई-तीन महिना अध्यापन कार्य गरे ।[८८] उनले गरेका यस कार्यले स्कुलको स्थायित्वका लागि महत्त्वपूर्ण भूमिका खेलेको थियो । यसैगरी न्यौपाने स्नातक तहको अध्ययनका लागि २०३१ सालदेखि २०३४ सालसम्म भक्तपुर बस्दा पनि विद्यार्थीहरूको अनुरोधमा नेपाली संस्कृतलगायतका विषयहरूको ट्युसन, कोचिङ कक्षा पढाउँथे ।[८९] उनी सरल ढङ्गले बुझ्नेगरी पढाउन सक्ने क्षमता भएकाले विद्यार्थीहरू माझ हाइ-हाइ भएका थिए ।

---

८५ ऐजन ।
८६ ऐजन ।
८७ ऐजन ।
८८ ऐजन ।
८९ ऐजन ।

बाबा न्यौपाने अध्ययन-अध्यापनका अतिरिक्त प्रशासनका क्षेत्रमा कार्यरत व्यक्तित्व हुन् । प्रशासनिक काम आफैमा महत्त्वपूर्ण हुन्छ । सम्पूर्ण कार्यालयकै जिम्मा लिएर सबैको रेखदेख तथा उनीहरूको इच्छानुसार पनि काम गर्दै जाँदा धेरै ठाउँमा व्यवधान पनि उत्पन्न हुने गर्छ तर त्यसको उचित व्यवस्थापन गर्दै संयोजन गर्नु पनि कम गाह्रो विषय भने होइन । न्यौपानेले स्नातक तहको अध्ययनपश्चात् श्रमविभागमा २०३४ सालमा अस्थायीरूपमा नै भए पनि कार्य प्रारम्भ गरे ।[९०] अस्थायी जागिरे जीवन भए पनि कमाइको स्वादले गर्दा विद्यार्थी जीवनमा भने केही बाधा आइपऱ्यो । श्रम विभागमा कार्यरत रहेकै समयमा उनले प्रथम पटक शाखा अधिकृतको लागि लोकसेवा आयोगमा प्रतिस्पर्धा गरी २०३५ सालमा नाम निकालेर निजामती सेवामा अस्थायी रूपले कार्य गर्न थाले ।[९१] सेवाकालको प्रारम्भिक समयदेखि नै आफ्नो जीवन र कार्य-कुशलता समाजका लागि समर्पित गर्नुपर्छ भन्ने भावना बोकेर हिँडेका थिए । उनको अधिकृतको कार्यकालका समयमा देशमा पञ्चायती शासन व्यवस्था रहेको थियो । त्यस बेला पनि जनताका अहित र असुविधा हुने कार्य नगरी काम, कर्तव्य र अधिकारप्रति सचेत बनेका थिए ।[९२] जागिर कै क्रममा उनको बढुवा भई उनीमाथि विशेष जिम्मेवारीहरू बढ्दै गए भने देशको शासन व्यवस्थामा पनि परिवर्तनका लहरहरू देखिए । राजनैतिक कारणले देशमा रहिआएको पञ्चायती व्यवस्थाको अन्त्य र प्रजातन्त्रको स्थापना भयो । राष्ट्रको अधिकृत, स्थानीय विकास अधिकारी, प्रमुख जिल्ला अधिकारी, उप-सचिव, सह-सचिव, सचिव जस्ता महत्त्वपूर्ण र विशिष्ट ओहदामा रहेका न्यौपानेले देशको शासन व्यवस्था परिवर्तनसँगै प्रशासनिक रूपमा जनतालाई दिने सेवा सुविधामा अझ सरलता र सहजता प्रदान गरे ।[९३] जनताको इच्छानुसार जनताकै सेवकको रूपमा आफु र आफु मातहतको प्रशासन तथा मन्त्रालयलाई प्रस्तुत गरे । प्रजातन्त्रकालीन राजनैतिक परिवेश राष्ट्रमा बढ्दै गएको अन्याय-अत्याचार, भ्रष्टाचार जस्ता कार्यभन्दा पर रहेर उनी स्वच्छ तथा सफल प्रशासकको रूपमा जनताको सेवामा तल्लीन रहे यसरी देशमा बढ्दै गएको प्रजातन्त्रकालीन छाडातन्त्र र माओवादी समस्याका बीचमा उनी दुई ढुङ्गाबीचको तरुल जस्तै बन्न पुगेका थिए । यी समस्या हुँदा हुँदै पनि जनताका माझमा जाने, समस्या समाधानका उपायहरू निर्क्यौल गर्ने, शिक्षा तथा साहित्यका कार्यमा स्वयम् नै

---

९० ऐजन ।

९१ ऐजन ।

९२ ऐजन ।

९३ टी.एन. जोशीबाट प्राप्त जानकारीअनुसार ।

उपस्थित भई हौसला प्रदान गर्ने, स्थानीय स्तरमा शान्ति सु-व्यवस्था कायम गर्ने जस्ता कार्य गर्दथे ।[९४] माओवादी समस्याको चपेटामा परेर देश नै जर्जर भएका बेलामा पनि आफ्नो काम, कर्तव्यप्रति विचलित नभई सेवामा समर्पित रहन्थे । एउटा जिल्लाको नेतृत्व लिएर बसेपछि उनको काँधमा आइपरेका जिम्मेवारीलाई पन्छाएर भ्mारो टार्ने काम नगरी समस्या समाधानको उपायमा लाग्दथे । यसरी प्रजातान्त्रिक खेल र माओवादी समस्यायुक्त जर्जर अवस्थामा समेत विचलित नभई कार्यक्षेत्रमा आफ्नो कुशलता प्रस्तुत गरेका न्यौपानेले लोकतान्त्रिक गणतन्त्र नेपालको पूर्वार्द्धमा नै आएर विशिष्ट श्रेणीमा बढुवा भई अझ थप जिम्मेवारी वहन गरेका छन् ।[९५]

यसरी समयको प्रवाह सँग-सँगै कहिले शिक्षकको रूपमा आफ्नै क्षेत्रमा, कहिले निजामती प्रशासनका विभिन्न कार्यालय तथा मन्त्रालयसम्म लगायत विविध क्षेत्रमा आफ्नो कार्यकुशलताका साथ प्रस्तुत हुने बाबा न्यौपाने साच्चै एक असल र कुशल प्रशासनिक व्यक्तित्वको रूपमा देखापरेका छन् ।[९६] नेपालको परिवर्तित राजनैतिक परिस्थितिअनुसार पञ्चायती शासन व्यवस्थादेखि प्रजातान्त्रिक काल हुँदै लोकतान्त्रिक गणतन्त्र नेपालसम्म आइपुग्दा आफ्नो पदीय जिम्मेवारी कुशलताका साथ वहन गर्ने असल र सफल प्रशासक व्यक्तित्व हुन् । प्रशासनिक क्षेत्रमा आइपर्ने आपद्-विपद्मा आत्तिने र सफलतामा मात्तिने व्यक्तित्व नभई सबै अवस्थामा आफ्नो कार्यकुशलताको प्रयोग गर्दै समस्यालाई चिरेर अगाडि बढ्ने न्यौपाने कुशल प्रशासक व्यक्तित्व हुन् ।[९७]

## ३.३.२ साहित्यिक व्यक्तित्व

सामान्यतया कुनै पनि व्यक्तिको साहित्यिक व्यक्तित्व त्यस व्यक्तिका सृजनात्मक विधाका आधारमा लगाइन्छ । साहित्यका कविता, कथा, नाटक, निबन्ध आदि विधाका सृजनात्मक गतिविधिबाट नै साहित्यिक व्यक्तित्व प्रकट भएको हुन्छ । बाबा न्यौपानेका साहित्यिक व्यक्तित्वलाई पनि उनका प्रकाशित कृतिहरूको सापेक्षताका आधारमा छुट्याउँदा सान्दर्भिक हुन्छ । साहित्य सिर्जनाको प्रारम्भदेखि दुई दशक लामो समय पार गरिसक्दा पनि उनका कथा र एकाङ्की बाहेक अन्य कृतिहरू प्रकाशित रूपमा देखापरेका छैनन् । कथा र एकाङ्कीका अतिरिक्त गीत र कवितामा विशेष रुचि राख्ने, न्यौपानेका ५०-६० वटा गीत

९४ ऐजन ।
९५ ऐजन ।
९६ ऐजन ।
९७ ऐजन ।

एवम् प्रशस्तै मात्रामा कविता पनि रहेको पाइन्छ ।[९८] हालसम्म पनि यिनी उपर्युक्त विद्याहरूको सिर्जनामा लागिरहेका छन् ।

बाबा न्यौपाने नेपाली साहित्यको क्षेत्रमा प्रकाशनका दृष्टिले हेर्दा प्रथमतः एकाङ्कीकार व्यक्तित्वको रूपमा देखापरेका थिए । नेपाली साहित्यका क्षेत्रमा न्यौपाने प्रथम पटक २०३२ सालमा भक्तपुर क्याम्पसद्वारा प्रकाशित **स्वर्णद्वार** पत्रिकामार्फत 'जीवन एक अभिव्यक्ति' शीर्षकको एकाङ्की लिएर देखापरेका हुन् ।[९९] न्यौपानेले साहित्यका अन्य विधाको तुलनामा एकाङ्कीका क्षेत्रमा आफ्नो उपस्थिति मात्र देखाएका छन् । एकाङ्कीका क्षेत्रमा न्यौपानेका अन्य एकाङ्कीहरू प्रकाशनमा आउने सम्भावना भए पनि हालसम्म भने ती अप्रकाशित नै रहेका छन् । यसरी हेर्दा साहित्यको अन्य विधामा सशक्त देखिए पनि जीवनकै पहिलो प्रकाशित कृतिको रूपमा सम्झाउनु बाहेकका एकाङ्कीका क्षेत्रमा न्यौपानेले खासै कलम चलाएका छैनन् । यिनै प्रकाशित तथा अप्रकाशित एकाङ्कीका आधारमा न्यौपानेको एकाङ्कीकार व्यक्तित्व पहिल्याउन सकिन्छ ।

नेपाली साहित्यका क्षेत्रमा बाबा न्यौपानेले कथामा विशेष सक्रियता देखाएका छन् । २०३०/०३१ सालदेखि कथासृजना प्रारम्भ गरे पनि प्रकाशनका दृष्टिले उनी २०३२ सालमा एकाङ्की लिएर देखापरेका थिए ।[१००] पछि उनले साहित्यका विविध विधामध्ये कथालाई नै आफ्नो सिर्जनाको गन्तव्य बनाए । कथाकारका रूपमा उनले पहिलो पटक २०३३ साल मंसिर २६ गते शनिवारको 'गोरखापत्र' मा प्रकाशित 'डायरी एउटा बहुलाको' शीर्षकको फुटकर कथा लिएर देखापरेका हुन् ।[१०१] उनका कथाहरू सङ्ग्रहमा देखिनुपूर्व **गोरखापत्र**, **गरिमा**, **मधुपर्क**, **समकालीन साहित्य**, **आँखा**, **बगर** जस्ता पत्रिकाहरूमा प्रकाशित भइरहे । उनका कथाकार व्यक्तित्वलाई समष्टिमा उजागर गर्ने कथासङ्ग्रहका रूपमा **बैंसको आकाश** (२०५६) र **दोस्रो प्रहर** (२०६२) देखा पर्‍यो । साझा प्रकाशनद्वारा प्रकाशित यी कथासङ्ग्रहहरूमा फुटकर रूपमा प्रकाशित तथा अप्रकाशित गरी क्रमशः १५ र ९ वटा कथाहरू समाविष्ट रहेका छन् । आउँदा दिनहरूमा पनि उनका धेरै कथाहरू प्रकाशित हुने सम्भावना रहेको छ । यिनै प्रकाशित तथा प्रकाशोन्मुख कथाकृतिहरूका आधारमा न्यौपानेको कथाकार व्यक्तित्व पहिल्याउन सकिन्छ ।

---

९८ ऐजन ।
९९ ऐजन ।
१०० ऐजन ।
१०१ बाबा न्यौपाने 'डायरी एउटा बहुलाको' गोरखापत्र (२०३३, मङ्सिर), पृ.६ ।

सङ्ख्यात्मक दृष्टिले बाबा न्यौपानेको कथा विधा नै मूल सिर्जना विधाको रूपमा रहेको छ । उनले आफ्नो कथालाई यथार्थवादी मनोविश्लेषणात्मक कथाका रूपमा स्थापित गरेका छन् ।[१०२] उनी साहित्य समाजको दर्पण हो जसले समाजको यथार्थलाई प्रतिविम्बित गर्नुपर्छ भन्ने मान्यता राख्छन् । उनका कथाहरूले समाजका विविध घटनाहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्ने गर्छ । कथाको मूल विषयवस्तु समाज कै भए पनि त्यसमा भएका पात्रहरूको मनोलोकमा विचरण गरी कथा प्रस्तुत गर्ने शैली उनमा रहेको छ । समाजका पात्रका मनमा रहेका रिस, डाह, कुण्ठा, उकुस-मुकुस जस्ता विविध पक्षलाई प्रस्तुत गर्न सक्ने पात्रहरूलाई कथामा प्रस्तुत गरेका छन् । उनले कथामा सहरिया तथा ग्रामीण दुवै परिवेशको प्रयोग गरेका छन् । यी दुवै परिवेशमा हुने यौनशोषण तथा भ्रष्ट नैतिकतालाई स्त्री तथा पुरुष दुवै पात्रका मार्फत् प्रस्तुत गरेका छन् । स्त्री तथा पुरुष मनभित्रका यौन कुण्ठालाई सरल रूपमा देखाएका छन् । समाजमा हुने आर्थिक शोषण, वर्गीय विभेद, अन्याय-अत्याचार, दमन, मानसिक पीडा, व्यथा, जलन आदिलाई कथामा पात्रमार्फत प्रस्तुत गरेका छन् ।[१०३] समाजका विविध पक्षहरूलाई कथामा उच्च, मध्यम र निम्न सबैखाले पात्रहरूको प्रयोगद्वारा यथार्थीकरण गर्न सफल भएका छन् । यिनका कथामा पुरुषभन्दा स्त्री पात्रको विशेष भूमिका रहेको पाइन्छ । उनका कथामा सरल, सहज र संवेध भाषाशैली रहेको पाइन्छ । कथालाई जटिल रूपमा नभई सरल रूपमा प्रस्तुत गरी हृदयस्पर्शिता प्रदान गर्नु उनको चमत्कारिता नै हो । सरल र सहज भईकन पनि स्तरीय भाषाशैलीले कथालाई आस्वाद्य बनाएको छ ।

यसरी हेर्दा समाजमा रहेका पारिवारिक जीवनका वाद-विवाद, अविश्वास, आशङ्काले निम्त्याएको विखण्डन, जीवनका यौनभोक, अभाव, कुण्ठा, स्त्रीमनोलोकको सजीव चित्रण प्रेम र विवाहबीच समाधान खोज्ने प्रयास, वैवाहिक जीवनको असमानता आदिलाई न्यौपानेले आफ्नो कथाको विषयवस्तु बनाएका छन् । अतः न्यौपाने नेपाली साहित्यकाशमा युवा कथाकारको रूपमा परिचित नाम हो । साहित्यमा साधनारत कथाकारको रूपमा बाबा न्यौपानेको नेपाली साहित्यप्रतिको लगाव, क्षमता, प्रतिभा र साहित्यसेवालाई लरतरो भन्न मिल्दैन ।[१०४] उनका कथामा आफ्नोपन छ र त्यही उनको

---

१०२ शशी लुमुम्बु 'यथार्थपरक कथाहरूको सङ्ग्रह' मधुपर्क (२०६३ फागुन, वर्ष ३९, अङ्क १०, पूर्णाङ्क ४५३) पृ. ।

१०३ ऐजन ।

१०४ इन्दिरेस दाहालबाट प्राप्त जानकारीअनुसार ।

प्राप्ति हो । यसरी बाबा न्यौपानेले आफ्नो तीन दशक लामो साहित्ययात्राका क्रममा सफल कथाकार व्यक्तित्वको रूपमा आफूलाई उभ्याउन सफल भएका छन् ।

बाबा न्यौपानेले विभिन्न साहित्यिक सङ्घ-संस्थामा संलग्न रहेर आफ्नो कुशल व्यक्तित्वको निर्माण गरेका छन् । सानैदेखि साहित्यिक कार्यक्रममा विशेष रुचि राख्ने न्यौपानेले पारिवारिक संलग्नतामा गाउँमा साहित्यिक पुस्तकालय पनि स्थापना गरेका थिए । त्यस्ता पुस्तकालयको कथा, कविता, गजल लेख्न तथा वाचन कार्यमा सहयोग पुगेको थियो ।[१०५] न्यौपाने यस्ता कार्यमा सानैदेखि विशेष सहभागी भए पनि औपचारिक संलग्नतामा भने केही पछि देखा परे । पछिल्लो समयमा आएर उनी ‘साझा प्रकाशन’ को साधारण सदस्य, ‘वाणी प्रकाशन’ को आजीवन साधारण सदस्य, ‘सुदूरपश्चिमाञ्चल साहित्य समाज’ को साधारण सदस्य र ‘न्यौपाने बन्धु समाज’ को संस्थापक सदस्यसम्म भएका छन् ।[१०६] यसरी उनले साहित्यिक सेवामा आफूलाई विविध रूपमा प्रस्तुत गरेका छन् ।

बाबा न्यौपाने नेपाली साहित्यमा सृजनशील तथा साधक व्यक्तित्व हुनाका साथै साहित्यसेवी व्यक्तित्व पनि हुन् । उनी रचनाकारिताले मात्र नेपाली साहित्यको सेवा गर्ने व्यक्तित्व नभई साहित्यका सिर्जनशील प्रतिभाहरूलाई प्रकाशनमा ल्याउन साहित्यिक पत्रिकाको सम्पादन गर्ने व्यक्तित्व पनि हुन् । उनले **स्वर्णद्वार** (२०३२) जस्तो भक्तपुर क्याम्पसको मुख प्रकाशन साहित्यिक पत्रिकाको सम्पादक मण्डलको सदस्यको रूपमा कार्य गरेका छन् ।[१०७] न्यौपाने प्रशासनिक व्यक्तित्वको रूपमा विभिन्न जिल्लामा कार्यरत हुँदा ‘कर्मचारी मिलन केन्द्र’ अधिकृत सङ्गमहरूद्वारा प्रकाशित पत्रिकाहरूमा संरक्षक व्यक्तित्वको रूपमा पनि कार्य गरेका थिए, जसलाई यसप्रकार देखाउन सकिन्छ :

| क.सं. | पत्रिका | प्रकाशक | मिति | भूमिका |
|---|---|---|---|---|
| क) | | कर्मचारी मिलन केन्द्र, स्याङ्जा | २०५० | संरक्षक |
| ख) | चिरबिर | अधिकृत सङ्गम, भोजपुर | २०५१ | संरक्षक |
| ग) | सङ्गम | कर्मचारी मिलन केन्द्र, पाल्पा | २०५२ | संरक्षक |
| घ) | कैलाली सङ्गम | अधिकृत सङ्गम, धनगढी | २०५५ | संरक्षक |
| ङ) | सुनसरी सङ्गम | अधिकृत सङ्गम, सुनसरी | २०५७ | संरक्षक |

१०५ उमेशकुमार न्यौपानेबाट प्राप्त जानकारीअनुसार ।
१०६ शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
१०७ ऐजन ।

यसरी बाबा न्यौपाने कथाकार, एकाङ्कीकार, सम्पादक, संरक्षक, सस्थापक लगायत विविध कार्यमा संलग्न सफल एवम् कुशल साहित्यिक व्यक्तित्वको रूपमा रहेका छन् । नेपाली साहित्यका क्षेत्रमा अथक प्रयास गरिरहेका न्यौपानेले मूलतः कथाका क्षेत्रमा विशेष सफलता हासिल गरेका छन् । नेपाली साहित्यका क्षेत्रमा एउटा आशालाग्दो व्यक्तिका रूपमा देखा परेका न्यौपानेबाट अझ धेरै साहित्यिक सेवाको अपेक्षा स्वभाविक नै देखिन्छ ।

### ३.३.३ समाजसेवी व्यक्तित्व

बाबा न्यौपानेले समाज-सुधारकार्यलाई पनि आफ्नो कार्य क्षेत्र बनाएका छन् । उनी समाजमा आइपर्ने हरेक समस्यासँग जुध्न तयार हुन्छन् । यस सन्दर्भमा आफ्नो गाउँ-ठाउँको बाटाघाटा बनाउने, विद्युतीकरण गर्ने, खानेपानीको व्यवस्था मिलाउने, विद्यालयको भौतिक सुधार गर्ने, निःसहाय व्यक्तिलाई सहयोग गर्ने, बालबालिकाहरूको अधिकार संरक्षण गर्ने जस्ता सामाजिक सेवासँग सम्बद्ध सङ्घ-संस्थाहरूमा पनि न्यौपाने संलग्न रहेका छन् । सङ्घ-संस्थागत संलग्नताबिना पनि समाजमा आइपर्ने झै-झगडा, साँध-सीमानासम्बन्धी, विवाह, कुलानाला, दाइजो प्रथासम्बन्धी समस्याहरूलाई समाधान गर्न अग्रसर रहँदै आएका छन् । उनले सामाजिक क्षेत्रमा लाभ पुऱ्याउने संस्थाहरूमा पनि सहभागिता देखाएका छन् ।

### ३.३.४ बहुभाषी व्यक्तित्व

बाबा न्यौपाने मातृभाषा नेपालीका अतिरिक्त ‘अङ्ग्रेजी’, ‘हिन्दी’ भाषामा बोल्न, लेख्न र ‘नेवारी’ भाषामा बोल्न सक्छन् । यिनी मूलतः भक्तपुरस्थित नेवार समुदायसँग बढी घुलमिल हुने भएकाले नेवारी भाषा र प्रशासनिक जीवनका क्रममा तराईका विविध स्थानमा रहनु परेकाले हिन्दी भाषामा जानकार भएका हुन् । यसरी अध्ययन र व्यावहारिक जीवनको यात्राले गर्दा मातृभाषा नेपालीका अतिरिक्त अन्य तीन भाषा जानेकाले उनलाई बहुभाषी व्यक्तित्वको रूपमा लिन सकिन्छ ।

## ३.४ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तःसम्बन्ध

बाबा न्यौपानेको ५२ वर्षको लामो जीवन विभिन्न परिवेशका माध्यमबाट गुज्रेको देखिन्छ । यति लामो अवधिको जीवन भोगाइमा उनले अनुभव गरेका सरल र जटिल परिस्थिति, बसोवासको आरोह-अवरोह, विभिन्न सङ्घ-संस्थामा रहेर काम गर्दाको अनुभव, विदेश यात्रा गर्दाको अनुभव, जागिरे जीवनको अनुभव आदिका ज्ञान एवम् सीपबाट उनको

साहित्यिक तथा सामाजिक व्यक्तित्व निर्माण भएको देखिन्छ । उनको जीवनशैलीले निर्माण गरेको सार्वजनिक र पठनपाठनबाट प्राप्त गरेको ज्ञानले साहित्यिक लेखनलाई डोऱ्याएको छ । उनको साहित्यिक व्यक्तित्व मूलतः कथाकार हो भने एकाङ्कीकार व्यक्तित्वको रूपमा पनि आफ्नो उपस्थितिलाई देखाएका छन् । उनका रचनाहरूमा समाजका कुरीतिप्रति व्यङ्ग्य गर्दै समाजसुधारको भावनाका साथै मानव मनभित्र दमित रूपमा रहेको यौनकुण्ठा, यौन शोषण, सामाजिक जीवन भोगाइको कटु यथार्थ र मानव मनोलोकको विचरण पाइन्छन् । उनका आफ्नै जीवनमा आइपरेका विविध घटना, आफ्नै मिहिनेत, विभिन्न भाषामा लेखिएका अग्रज साहित्यकारहरूका कृतिका अध्ययन, आफ्नो जीवनमा सम्पर्कमा आएका साहित्यकार तथा पाठकहरूको प्रोत्साहन नै यिनका साहित्य लेखनको प्रेरक तत्त्व बनेका छन् । साहित्यका कथा विधामा विशेष कलम चलाएका न्यौपाने विश्वेश्वरप्रसाद कोइराला, गुरूप्रसाद मैनाली, गोविन्दबहादुर मल्ल 'गोठाले', पुष्कर शमशेर, विजय मल्ल, पोषण पाण्डे, डा.ध्रुवचन्द्र गौतमप्रति श्रद्धा गर्थे भने उनीहरूको साहित्यिक रचनाकौशलबाट पनि धेरथोर प्रभावित भएको देखिन्छ । यसैगरी नेपाली साहित्यकारका अतिरिक्त विदेशी साहित्यका विशिष्ट कृतिहरूको अध्ययनले पनि उनका कृतिमा आंशिक प्रभावित भएको देखिन्छ ।

सामाजिक तथा प्रशासनिक जीवनका विभिन्न पाटाहरू भोगिसकेका न्यौपाने सहरिया तथा ग्रामीण परिवेशलाई हेरी साहित्यसिर्जना गर्दछन् । त्यसैले उनका साहित्यिक रचनामा ग्रामीण तथा सहरिया जीवनको सामाजिक वस्तुस्थिति, चाकडी-चाप्लुसी, श्रमको मूल्य, नारीप्रतिको सद्भाव, समानता, राष्ट्रप्रेम, तीव्र प्रणयभाव, देशभक्ति, प्रकृतिचित्रणका साथै सामाजिक विकृति र विसङ्गतिप्रति तीव्र रोष प्रकट भएका हुन्छन् । साहित्यसिर्जनामा भावनाको सरलता, सहज अभिव्यक्तिको साथै स्पष्ट शैलीमा रोचक ढङ्गले प्रस्तुत गरी आफ्नो छुट्टै वर्चस्व कायम गर्न खप्पिस न्यौपानेको अधिकांश जीवन साहित्यसिर्जनामै बितेको छ । साहित्यसिर्जनामा हाल पनि लागिरहेका न्यौपानेबाट नेपाली साहित्यले अझै धेरै कुरा प्राप्त गर्ने सम्भावना रहेको देखिन्छ । यसरी आजसम्मको न्यौपानेको जीवनी र व्यक्तित्वलाई सर्वेक्षण गर्दा साहित्यसिर्जनामा यी दुई पक्षका आन्तरिक संयोजन रहेकै देखिन्छ ।

# चौथो परिच्छेद

# बाबा न्यौपानेको कृतित्वको अध्ययन

## ४.१ लेखनको प्रारम्भ र विकास

बाबा न्यौपाने सानै उमेरदेखि साहित्य सिर्जनामा उत्सुक देखिन्थे । उनी साथीभाइहरूलाई आफ्ना रचनाहरू सुनाउने र विभिन्न साहित्यिक प्रतियोगिताहरूमा पनि भाग लिने गर्दथे । न्यौपानेको स्कुले जीवनताका २०१९ सालमा न्यौपाने परिवार भित्रै एउटा सानो पुस्तकालय स्थापना गरिएको थियो । यही पुस्तकालयमा सबैजना जम्मा हुने, अध्ययन गर्ने र रचनाहरू प्रस्तुत गर्ने गर्दथे जसमा न्यौपाने पनि उत्सुकताका साथ प्रस्तुत हुन्थे । स्वतस्फूर्त रूपमा साहित्य सिर्जनामा लागेका न्यौपानेले २०३१ सालतिर 'डायरी एउटा बहुलाको', 'कल्पनाको शिकार' जस्ता कथाहरू सिर्जना गरे । उनको 'कल्पनाको शिकार' कथाले वीरेन्द्र राजाको राज्याभिषेकका अवसरमा भएको प्रतियोगितामा प्रथम स्थान हासिल गरेको थियो । साहित्य सिर्जनाकै क्रममा प्रकाशनका दृष्टिकोणले आधिकारिक रूपमा उनको 'जीवन एक अभिव्यक्ति' शीर्षकको एकाङ्की भक्तपुर क्याम्पसको मुखप्रकाशन पत्रिका **स्वर्णद्वार** मार्फत २०३२ सालमा देखापऱ्यो । त्यस्तै कथा सिर्जनाका क्षेत्रमा सानैदेखि लागिपरे पनि प्रकाशनका दृष्टिकोणले २०३२ सालदेखि देखापरेका न्यौपानेले मूलतः कथा सिर्जनामा नै आफूलाई केन्द्रित गरेका छन् । सिर्जनाका क्षेत्रमा गुरूप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पोषण पाण्डे, गोविन्दबहादुर मल्ल 'गोठाले' जस्ता साहित्यिकारका कृतिहरूबाट प्रभावित र आफ्नै परिवार, सहकर्मी तथा पाठकहरूका हौसलाबाट प्रेरित भई आजसम्म निरन्तर रूपमा लागिरहेका छन् । कथा विधामा प्रकाशनका दृष्टिले २०३३ सालदेखि देखापरेका न्यौपानेका फुटकर रूपमा धेरै कथाहरू प्रकाशित भएका छन् । उनका कतिपय प्रकाशित फुटकर कथाहरू जागिरे जीवनका क्रममा देशका विविध जिल्लाका पत्र-पत्रिका मार्फत प्रकाशित भएकाले हाल अनुपलब्ध अवस्थामा पनि रहेका छन् । यही फुटकर रूपमा प्रकाशित र केही नयाँ कथाहरूलाई समेटेर न्यौपानेले दुईवटा **बैंसको आकाश** (वि.सं.२०५६) र **दोस्रो प्रहर** (२०६२) कथासङ्ग्रह प्रस्तुत गरेका छन् । हालसम्ममा देखापरेका र जानकारीमा आएसम्मका उनका यिनै प्रकाशित सम्पूर्ण रचनाहरूलाई यसप्रकार देखाउन सकिन्छ :

| क्र.सं. | शीर्षक | प्रकाशित पत्रिकाको नाम | प्रकाशित मिति |
|---|---|---|---|
| १. | डायरी एउटा बहुलाको | गोरखापत्र | २०३३ असोज |
| २. | रेणु दिदीको लोग्ने र एक पाटो जिन्दगी | गरिमा | २०४८ असोज |
| ३. | घोडसवार | मधुपर्क | २०४८ पुस |
| ४. | बाटो र पाइलाहरू | मधुपर्क | २०४९ असार |
| ५. | एकादेशकी वसुधा | गरिमा | २०४९ असार |
| ६. | कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी | मधुपर्क | २०४९/०५० |
| ७. | युद्ध | मधुपर्क | २०५१ जेठ |
| ८. | डर | मधुपर्क | २०५१ फागुन |
| ९. | कोटकी तारा | मधुपर्क | २०५३ जेठ |
| १०. | झेल | मधुपर्क | २०५४ जेठ |
| ११. | नहारिएको युद्ध | मधुपर्क | २०५५ कार्तिक |
| १२. | इडियट | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| १३. | कल्पनाको शिकार | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| १४. | कुहिरोभित्रका इमेजहरू | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| १५. | छोरो | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| १६. | ठूलो कोठा | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| १७. | ताजा खबर | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| १८. | नाम | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| १९. | राप | बैंसको आकाश कथासङ्ग्रह | २०५६ असार |
| २०. | महामाया र दोस्रो प्रहरको यात्री | मधुपर्क | २०५६ पुस |

| | | | |
|---|---|---|---|
| २१. | एक चोटि फेरि | मधुपर्क | २०५९ माघ-चैत्र |
| २२. | सनातन, रुमानी र एउटा लहड-वृत्त | गरिमा | २०६० |
| २३. | म, मेनका र पराजित विश्वामित्र | समकालीन साहित्य | २०६० साउन |
| २४. | रतेली | मधुपर्क | २०६० भदौं |
| २५. | इन्द्रेणी लागेको दिन | गरिमा | २०६१ मङ्सिर |
| २६. | कन्याग्रह | गरिमा | २०६२ माघ |
| २७. | बाई ऽऽ मिस मारिया ! | मिर्मिरे | |
| २८. | स्पर्श | समकालीन साहित्य | |
| २९. | सानुमैँया र अन्तिम रमिता | समकालीन साहित्य | |
| ३०. | त्यस्ती मान्छे | समकालीन साहित्य | |
| ३१. | बाध | मधुपर्क | |
| ३२. | हारजित | पाल्पालीसङ्गम/दायित्व | |
| ३३. | नमस्ते | गोरखापत्र | |
| ३४. | उपहार | गोरखापत्र | |
| ३५. | चालक | गोरखापत्र | |
| ३६. | अर्धसत्य | प्रक्षेपण | |
| ३७. | घटना | साङ्ग्रीला/आँखा | |
| ३८. | चिनो | साङ्ग्रीला/आँखा | |
| ३९. | शेष सम्झौता | जुनेली | |
| ४०. | कोही एउटा मान्छे | बगर | २०६४ |

यसरी सानै उमेरदेखि साहित्यप्रति रुचि देखाउने न्यौपानेले विविध विधामा कलम चलाए पनि प्रकाशनका दृष्टिले उनी मूलतः कथाकारका रूपमा परिचित रहेका छन् । न्यौपानेले आफ्ना कथाहरूमा वैयक्तिक, पारिवारिक तथा सामाजिक रूपमा देखे-भोगेका यथार्थ घटनाहरूलाई यौनगतवृत्तिसँग जोडेर सरल, सरस र बोधगम्य भाषाशैलीमा प्रस्तुत गरेका छन् । यसरी यिनै विविध परिवेश तथा परिस्थितिका बीचमा रहेर साहित्य सिर्जना प्रारम्भ गरी विकासको यो चरणसम्म आइपुग्दा न्यौपाने मूलतः यौनमनोवैज्ञानिक यथार्थवादी कथाकारको रूपमा स्थापित भएका छन् ।

## ४.२ बाबा न्यौपानेको कथायात्रा

सानै उमेरदेखि साहित्य सृजनातर्फ अभिमुख भएका बाबा न्यौपानको बालमस्तिष्कमा स्थानगत, सामाजिक र प्राकृतिक रमणीय वातावरणका कारणले पारेको प्रभाव उल्लेखनीय रहेको छ । विद्यार्थी अवस्थादेखि नै कविता, कथा सिर्जना गर्ने, सुनाउने, विभिन्न कार्यक्रममा भाग लिने न्यौपाने २०३२ सालमा 'जीवन एक अभिव्यक्ति' शीर्षकको फुटकर एकाङ्की प्रस्तुत गरी साहित्यका क्षेत्रमा प्रकाशित रूपमा देखापरे । न्यौपाने २०३३ सालमा **गोरखापत्र** पत्रिका मार्फत 'डायरी एउटा बहुलाको' शीर्षकको कथा प्रथम पटक प्रकाशित गरेपछि भने कथा सृजनाका क्षेत्रमा अनवरत रूपमा लागिरहेका छन् । एकाङ्की विधाबाट नेपाली साहित्यमा प्रवेश गरेका न्यौपाने मूलतः कथाकारको रूपमा नेपाली साहित्यमा परिचित छन् । साहित्य साधनाको यति लामो यात्रामा उनका रचनामा देखिने प्रवृत्तिगत मोडहरूको निर्क्यौल, विवेचना र विश्लेषण गर्नु नै उनको कथायात्राको चरण निर्धारण गर्नु हो । तथापि न्यौपानेका अझै प्रशस्त कृतिहरू अप्रकाशित रूपमा नै रहेको र उनी सृजनाका क्षेत्रमा पनि उत्तिकै सशक्त रहेको अवस्थामा यिनै सीमित कृति तथा प्रवृत्तिका आधारमा चरण विभाजन गर्नु भने त्यति वैज्ञानिक ठहरिँदैन । अन्ततः यस सबातीन दशक लामो समयावधिभित्र देखापरेका प्रकाशित कृतिहरू र यसमा आएका विविध उतारचढाव, कृतिको परिणाम र गुणस्तर, प्रवृत्तिगत अन्तर्विकास, फुटकर कृतिहरूको वैचारिक, भाषिक, विषयवस्तुगत, शैल्पिक, परिष्कार-परिमार्जन, आयामगत नवीनता तथा प्रकाशन आदिका आधारमा यिनको कथायात्रालाई मूलतः दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

क) प्रथम चरण (वि.सं. २०३३ देखि २०५६ सम्म)

ख) द्वितीय चरण (वि.सं. २०५७ देखि हालसम्म)

**क) प्रथम चरण (वि.सं. २०३३ देखि २०५६ सम्म)**

कथाकार बाबा न्यौपानेले सानै उमेरदेखि साहित्य सृजनका लागि अभ्यास थालेका हुन् । न्यौपानेले विद्यार्थी अवस्थादेखि नै कथा लेख्ने र साहित्यिक कार्यक्रममा भागलिने गरेको पाइन्छ । न्यौपानेको कथा लेखनको शुभारम्भ २०३३ सालमा **गोरखापत्र** दैनिक पत्रिकामा प्रकाशित **डायरी एउटा बहुलाको** कथाबाट भएको हो । पन्ध्रवटा कथाहरूको सङ्ग्रह **बैँसको आकाश** (वि.सं. २०५६) यस चरणको प्रतिनिधि कथासङ्ग्रह हो । न्यौपानेका फुटकर रूपमा र सङ्ग्रहमार्फत प्रकाशित भएका यस चरणका कथाहरूमा 'डायरी एउटा बहुलाको' (२०३३), 'घोडसवार' (२०४८), 'रेणुदिदीको लोग्ने र एक पाटो जिन्दगी' (२०४८), 'बाटो र पाइलाहरू' (२०४९), 'एकादेशकी वसुधा' (२०४९), 'कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी' (२०४९/०५०), 'युद्ध' (२०५१), **डर** (२०५१), 'कोटकी तारा' (२०५३), 'भ्mेल'(२०५४), 'नहारिएको युद्ध' (२०५५), 'महामाया र दोस्रो प्रहरको यात्री' (२०५६) आदि कथाहरू पहिलो पटक **मधुपर्क**, **गरिमा र गोरखापत्र** पत्रिकामार्फत र 'ईडियट', 'कल्पनाको शिकार', 'कुहिरोभित्रका इमेजहरू', 'छोरो', 'ठूलो कोठा', 'ताजा खबर', 'राप' आदि कथाहरू पहिलो पटक 'बैँसको आकाश' कथासङ्ग्रहमार्फत प्रकाशित भएका हुन् । पन्ध्रवटा मात्रै कथाहरू समेटिएको 'बैँसको आकाश' कथा सङ्ग्रहमा 'डायरी एउटा बहुलाको', 'भ्mेल', 'नहारिएको युद्ध', 'महामाया र दोस्रो प्रहरको यात्री', 'कोटकी तारा' आदि कथाहरू भने समेटिएका छैनन् ।

नेपाली साहित्यका क्षेत्रमा यति धेरै रचना प्रस्तुत गरेका न्यौपानेले आफ्नो कथा सिर्जनामार्फत विविध कुराहरूलाई प्रस्तुत गर्न खोजेका छन् । 'बैँसको आकाश' प्रथम सँगालाको 'इडियट' मा अल्पवयस्क दासी सरलाको प्रशिक्षित यौनवाद, 'एकादेशकी वसुधा' मा नायिकाको सन्तानेच्छाको जैविक लिप्सामा पिल्सिएका अभागी प्रेमी मेघराजको नियति, 'कल्पनाको शिकार' मा मातृतुल्य भाउजूप्रति दिनेशमा समुदित क्षणिक कुत्सित भाव, 'कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी' मा विवाहित अधिकृतसित घरबेटीकी छोरी चपलाको अतृप्त प्रेमाकाङ्क्षा, 'कुहिरोभित्रका इमेजहरू' मा दाम्पत्य जीवनमा रमेका सन्तानहीन रघुनन्दन र पतिहीना दुखिया सुधाको सम्बन्धको एकपक्षीय मनोद्वन्द्व, 'घोडसवार' मा घमण्डी भद्रराज्यलक्ष्मी कुँवरको निमूखा पशुको विषयले शुशीलासित मौलाएको प्रणयात्मक गाँठो, 'छोरो' मा पुत्र जन्मँदा हर्षित सानो तहका कर्मचारी मङ्गलेको

अन्तर्मनको दुविधा, 'ठूलो कोठा' मा समाजको ठूलाबडाको विलास गर्ने गोप्य थलाको चिनारी, **डर** मा अम्बरेप्रति किशोरी मैनाको सुषुप्त रागात्मक अन्तर्चेतना, 'ताजा खबर' मा अभिजातपरिवारकी तरुनीप्रति एक जना अखबार विक्रेता केटाको कोमल भाव, 'नाम' मा ख्यातिको महत्त्वाकाङ्क्षाले पृथक भएका नीर र शीलाबीच कालान्तरमा विकसित प्रगाढता, 'बाटो र पाइलाहरू' मा रमा र टीकादत्तको उदाहरणले प्रौढ दम्पत्तिले टेक्नुपर्ने स्वावलम्बी राजमार्गको बोध, 'राप' मा सरला, कुमार र सानीको त्रिकोणात्मक अनुभूतिको तस्वीर एवम् 'रेणु दिदीको लोग्ने र एक पाटो जिन्दगी' मा मुनाको यौनात्मक अपेक्षाको परिवर्तित मोडसम्बन्धी वृत्तान्तजस्ता मानवीय प्रवृत्तिहरूलाई प्रस्तुत गरेका छन् । त्यस्तै उनका अन्य कतिपय प्रकाशित यस चरणका कथाहरू विभिन्न जिल्लाका स्थानीय पत्रिकामा र कतिपय कुन पत्रिकामा कहिले प्रकाशित भएको हो भन्ने सूचनाको अनुपलब्धताले गर्दा आजसम्म अनुसन्धान कै विषय बनेर रहीरहेको छ । यसरी कथा उपलब्धताका दृष्टिले हेर्दा बाबा न्यौपानेको कथा सिर्जनाको यो पहिलो चरण लगभग सवादुई दशक लामो रहेको छ । उनले कथा लेखनको पहिलो चरणमा नै समाजमा घट्ने यथार्थ घटनाक्रमलाई कथानकको रूपमा ग्रहण गरेका छन् । यही समाजका यथार्थ पात्रले वहन गर्ने यौनको सु-सङ्गतता र विसङ्गतता जस्ता पक्षहरूलाई नारी ताथ पुरुष दुवै पात्रमार्फत प्रस्तुत गरेका छन् । समकालीन नेपाली कथा लेखनमा न्यौपानेले कथाहरूमा शिल्प र शैलीगत नवीनता देखाउनमा भन्दा सरल र सरस विश्लेषणात्मक भाषामा समाजका अनेक वर्गका नारी र पुरुष पात्रहरूको यौन मनोविश्लेषणहरूलाई कथामा उतार्ने प्रयत्न गरेका छन् । न्यौपानेका कथामा निहित नारी र पुरुषको सम्बन्ध र त्यस सम्बन्धको विश्लेषणमा प्रमुखता दिई चित्रण गरिने यौन तत्त्वको विश्लेषणलाई संयमपूर्ण भाषिक क्षमताद्वारा व्यक्त गरेका छन् । नेपाली कथाका आयामका दृष्टिले न्यौपानेका कथाहरू मध्येका केही कम लामा कथाहरू यस चरणमा रहेका छन् । गुणात्मक दृष्टिले पहिलो चरण तुलनात्मक रूपमा कम प्रखर भए पनि सङ्ख्यात्मक दृष्टिकोणले भने उर्वर चरणको रूपमा रहेको छ ।

**ख) द्वितीय चरण (वि.सं. २०५७ देखि हालसम्म)**

बाबा न्यौपानेको कथालेखनको द्वितीय चरण परिष्कार र परिमार्जनको चरण हो । यस चरणमा न्यौपाने विधागत गहनता र सूक्ष्मतातिर ढल्केका छन् । नौवटा कथाहरूको सङ्ग्रह **दोस्रो प्रहर** (वि.सं. २०६२) यस चरणको प्रतिनिधि कथासङ्ग्रह हो । उनका फुटकर रूपमा प्रकाशित यस चरणका कथाहरूमा 'एक चोटी फेरि' (२०५९), 'सनातन, रुमानी र

एउटा लहड-वृत्त' (२०६०), 'म, मेनका र पराजित विश्वामित्र' (२०६०), 'बाई··मिस मारिया (?)', 'स्पर्श' (?), 'रतेली' (२०६०), 'इन्द्रेणी लागेको दिन' (२०६१), 'कन्याग्रह' (२०६२), मध्ये 'रतेली' र 'इन्द्रेणी लागेको दिन' कथासङ्ग्रहमा सङ्ग्रहित रहेको छैन तर यस सङ्ग्रहमा पहिलो चरणका 'झेल', 'नहारिएको युद्ध' र 'महामाया र दोस्रो पहरको यात्री' गरी तीन कथाहरू चाहिँ यसै सङ्ग्रहमा सङ्ग्रहित रहेका छन् ।

द्वितीय चरणमा देखापरेका प्रस्तुत कथाहरू सङ्ख्यात्मक रूपले कम भए पनि गुणात्मक दृष्टिले तुलनात्मक रूपमा प्रबल रहेका छन् । यस चरणका कथामा **दोस्रो प्रहर** कथासँगालाको 'सनातन, रुमानी र एउटा लहड-वृत्त' मा अपरिपक्व युवकको उमरेदार परिचितासित प्रणयात्मक सहवासको विनिमय 'स्पर्श' मा विद्वान गुरु ललितसरसित प्रेममा फसेकी मानसीको कालक्रमिक नवगृहस्थी, 'कन्याग्रहमा' मा विवाहोन्मुख बुढीकन्ने मनसा र मनोजको विवाहपूर्वको स्वच्छन्द अभिसार, 'एक चोटी फेरि' मा प्रकृति र पुरुषनामधारी पात्र र पात्राको विवाहोपरान्तको प्रतीकात्मक गुप्त सम्बन्ध एवम् 'म, मेनका र पराजित विश्वामित्र' मा परपुरुषको कामनाले पटक-पटक थलिएकी रमणी नारीको नयाँ निर्णयका परिवृत्त आदि रहेका छन् । नेपाली कथा साहित्यका क्षेत्रमा मूलतः यस चरणका कथाहरूले बाबा न्यौपानेलाई यौनमनोवैज्ञानिक कथाकारको रूपमा स्थापित गर्दछ । सामाजिक यथार्थमा आधारित रहेर मानव मनका उतार चढाव, दमित यौन कुण्ठा, पीडा आदिलाई प्रष्ट रूपमा चित्रण गरेका छन् । कथामा पात्र विधानका क्रममा कथाकार मूलतः नारी पात्रमा विशेष केन्द्रित भई नारी यौनमनोविश्लेषण गर्न पुगेका छन् । तुलनात्मक रूपमा परिष्कृत, परिमार्जित र गुणात्कम मूल्य बोकेका यस चरणका कथाहरू आयामगत रूपमा लामा र कथानक र कथानक प्रस्तुतिका दृष्टिले समेत नवीनता प्रस्तुत गर्न सफल रहेका छन् । आयामगत लामा यस्ता कथाहरूमा 'बाई··मिस मारिया' १४ पृष्ठ लामो र 'स्पर्श', 'एक चोटी फेरि' आदि कथाहरू १८ पृष्ठसम्मका रहेका छन् । नारीमनोजगत्लाई अति सूक्ष्मताका साथ केलाएर नारी यौनेच्छा र तिनका रतिरागात्मक कार्यकलापलाई पनि शिष्ट र मर्यादित ढङ्गले प्रस्तुत गर्नु कथागत कलात्मकताको सफल र प्रबल पक्ष हो । न्यौपानेका यस चरणका कथामा भाषाशैलीगत स्तरीयता प्रस्तुतिगत नवीनता, सिर्जनात्मक स्तरीयता, पात्रगत नारी केन्द्रितता, विषयवस्तुगत यौनरागात्मकताजस्ता पक्षहरू सबल रूपमा देखापरेका छन् । उनको दोस्रो कथासङ्ग्रहको प्रकाशनपछि भने नेपाल सरकारको जिम्मेवार पदको कार्यभारले गर्दा पनि साहित्य साधनामा त्यति दृढसँग लाग्न पाएका छैनन् ।

यसरी बाबा न्यौपानेले सवातीन दशक लामो साहित्यिक यात्रामा विभिन्न अवस्थाहरू पार गर्दै आएका छन् । यिनी एकपछि अर्को नयाँ-नयाँ स्तरीय कथाहरू प्रस्तुत गर्न सफल भएका छन् । उनमा कथा सृजनाको पछिल्लो चरणमा आएर अझै भाषागत परिष्कार तथा परिमार्जन र विषयवस्तुगत गहनता आएको छ । न्यौपाने अझै पनि साहित्य सृजनाकै अवस्थामा रहेकाले नेपाली साहित्यले अझै स्तरीय कृतिहरू पाउने प्रबल सम्भावना रहेको छ । मूलतः सामाजिक यथार्थमा आधारित यौनमनोविश्लेषणात्मक कथा सिर्जना गर्ने कथाकारका रूपमा बाबा न्यौपाने एक उत्कृष्ट प्रतिभाका रूपमा स्थापित भएका छन् ।

## ४.३ 'बैँसको आकाश' कथासङ्ग्रहका कथाहरूको विश्लेषण

कथाकार बाबा न्यौपानेको **बैँसको आकाश** कथासङ्ग्रह वि.सं. २०५६ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो । यो उनको प्रथम प्रकाशित पुस्तकाकार कृति हो । यसमा न्यौपानेका पन्ध्रवटा कथाहरू सङ्गृहीत रहेका छन् । ती पन्ध्रवटा कथाहरू मध्ये प्राय कथाहरू गरिमा, मधुपर्कजस्ता मासिक पत्रिकामा प्रकाशित भएको देखिन्छ । यस सङ्ग्रहमा सातवटा पूर्वप्रकाशित र आठवटा नयाँ कथाहरूलाई समेटेर प्रकाशित गरिएको छ । न्यौपानेका सङ्ग्रहमा सङ्गृहीत बाहेकका पूर्वप्रकाशित फुटकर रचनाहरू विविध कारणवस उपलब्ध नभएकाले यिनै कथासङ्ग्रहका कथाकृतिहरूको मात्र अध्ययन विश्लेषण गरिएको छ । यस सङ्ग्रहमा रहेका कथाहरूको विश्लेषण क्रमिक रूपमा यसप्रकार गरिएको छ :

### ४.३.१ इडियट

**इटियट** कथा **बैँसको आकाश** (२०५६) कथासङ्ग्रहमा सङ्गृहीत पहिलो कथा हो । यसको प्रकाशन पहिलो पटक यसै सङ्ग्रहमा भएको देखिन्छ । यस कथाको शीर्षक विधान अङ्ग्रेजी आगन्तुक स्रोतको 'इडियट' शब्दबाट गरिएको छ । यस कथामा जर्साहबको घरमा नोकर्नी बसेकी सरला यौवनको कुनै हाउभाउ नदेखाउने लाटीजस्ती हुन्छे । त्यसैले उसलाई पटक-पटक 'इडियट' भनी सम्बोधन गरिएकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**इडियट** कथाकी 'सरला' जर्साहेबको घरमा नोकर्नी बसेकी सोझी ग्राम्य युवती हुन्छे । उसलाई सहरिया परिवेशको कुनै छाडापनले छोएको हुँदैन । ऊ यस्ता कुराहरूलाई हृदयदेखि नै घृणा गर्दछे । उसको यस्तो सोझोपन देखेर जर्साहिब उसलाई हिँड्न, बोल्न, लाउन, खान धेरै कुराहरू आफ्नै निगरानीमा सिकाउँछन् । तथापि ऊ परपुरुषसँग त्यति छिल्लिनु, बोल्नु ठीक मान्दिन । तर जर्साहिबकी छोरी बबी, छोरो र उनीहरूका साथीहरूबीच

हुने शारीरिक क्रियाकलापजस्ता वातावरणले सरला पनि प्रभावित भई अन्तमा बबीका साथीहरू र जर्साहेबका छोरासँग सुखभोगमा लिप्त हुन पुग्छे र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा सरला अति सोझी भएकीले जर्साहेबले हिँड्न बोल्नजस्ता कुराहरू सिकाउनु कथाको आदि भाग, सरला तारुण्यतासँगै जर्साहेबको घरको वातावरणका कारण यौनभोगलाई घृणा गर्ने प्रवृत्ति छोडेर परिवर्तन हुनु कथाको मध्यभाग र सरला पनि सुखभोगमा लिप्त हुनु कथाको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथामा समाजमा हुने यथार्थ घटनामा आधारित भएर नारी मनोजगत्का माध्यमले यौनाङ्कुरणलाई देखाइएको छ । कथामा सामाजिक यथार्थ र यौनमनोविज्ञानलाई कथानकको स्रोत बनाइएको छ । कथात्मक क्षीण भएको यस कथामा मूलतः सरलाको मनोजगत्लाई विशेष रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत कथामा सरला र जर्साहेब प्रमुख पात्र हुन् भने बबी, रानीसाहेब सहायक र कुमार, भद्र माहिला, ध्रुव, नरेश, प्रदीप आदि गौण पात्र हुन् । स्वभावका आधारमा पहिला सोझी ग्राम्य स्वभावकी युवती सरला वातावरणको प्रभावमा परेर सुखभोगमा लिप्त बनेकी गतिशील र गोलो पात्र हो । सामाजिक सम्बन्धका आधारमा जर्साहेबको घरमा नोकर्नी बसेकी निम्नवर्गीय र अन्तर्मुखी पात्र हो । त्यस्तै सरला, जर्साहेब आदि प्रमुख रूपमा देखा पर्ने मञ्चीय तथा बद्ध पात्र हुन् ।

यस कथामा सरला सहरको उच्चवर्गीय सम्भ्रान्त जर्साहेबको घरमा नोकर्नी बसेकी हुन्छे । यही सहरिया वातावरणमा घुलमिल भएर बसेका जर्साहेब सबै मान्छेको अगाडि श्रीमती रानीसाहेबलाई अँगालोमार्ने गर्छन् भने उनका छोराछोरी आफ्ना साथीहरू घरमै ल्याएर स्वेच्छिक ढङ्गले शारीरिक कार्यहरू गर्छन् । यसका साथै ग्राम्य स्वभावकी सरलामा यस्ता कुनै किसिमका हाउभाउ नदेखेर उसलाई ‘इडियट’ पनि भन्ने गर्दछन् । यसरी पात्रका क्रियाकलाप तथा वातावरणलाई नियाँल्दा यस कथामा सहरिया परिवेशको चित्रण गरेको पाइन्छ ।

**इडियट** कथामा कथाकारले सरलाका मनमा उब्जेका अनेक मनोद्वन्द्वहरू, यौनको रागात्मक अन्तर्चेतनाहरूको विशेष रूपले वर्णन गरेका छन् । तर अन्य घटना तथा प्रसङ्गहरूले भिन्नै कथानक प्रस्तुत नगरी सरलाकै मनोजगत्का र बाह्य घटनाक्रमलाई विकसित गराउनका लागि मात्र देखापरेका छन् । यसरी कथाकार सीमित पात्रमा केन्द्रित

भई कथानक बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा सरल, सरस र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा कथाकारले मनोजगत्को उद्घाटन गरी वर्णनात्मक शैली प्रयोग गरेकाले संवाद क्षीण हुन पुगेको छ । यसमा सहरिया परिवेश सुहाउँदो भाषाको प्रयोग गरिएको छ । त्यस्तै तत्सम स्रोतका अभ्यास, उच्च, तुच्छ, नितम्वस्थल, आगन्तुक स्रोतका चिया, इडियट र अनुकरणात्मक शब्दमा मुसुक्क, डिसिक्क, फिस्स, चिटिक्क, फऱ्याकफुरुक, प्याट्ट जस्ता शब्दहरूको प्रयोग गरेको पाइन्छ ।

एउटी ग्रामीण युवती सरला जर्साहिबको घरमा नोकर्नी बसेकी हुन्छे । ऊ यौवनगत छाडातन्त्र र शारीरिक लिप्साप्रति हृदयदेखि नै घृणा प्रकट गर्दछे । आफ्नै घरमा परपुरुषसँग बबीले सुखभोग गरेको कुरा रानीसाहेबलाई भन्ने सरला जर्साहिबको घरको यस्तो वातावरणको प्रभावसँगै आफू पनि शारीरिक सुखभोगमा लिप्न हुन पुग्दछे । यसरी मानिसमा सङ्गत र वातावरणको प्रभावले आचरण परिवर्तन हुन्छ भने चढ्दो उमेरसँगै यौन भोकले पनि मानिसलाई छुन्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.२ एकादेशकी वसुधा

'एकादेशकी वसुधा' कथा २०४९ साल असार महिनाको **गरिमा** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित हो । यो कथा **बैंसको आकाश** (२०५६) कथासङ्ग्रहको दोस्रो कथाको रूपमा रहेको छ । यस कथाको शीर्षक विधान कथाको प्रमुख नारी पात्रको नामबाट गरिएको छ । जीवनमा निःसन्तान हुनु परेकाले पारिवारिक विखण्डनसम्म झेल्न पुगेकी वसुधा सुखसुविधा र सम्पन्नताको बीचमा पनि आफूलाई एक्लो महसुस गरेकीले कथाको शीर्षक सार्थक रहेको छ ।

'एकादेशकी वसुधा' कथामा विवाहित तर निःसन्तान वसुधा आफ्नो विद्यार्थी मेघराजको कोठामा जाने गर्छे । वसुधाको गगनसँग प्रेमविवाह भएको भए पनि निःसन्तान भएपछि ऊ वसुधासँग टाढिन खोजको थियो । समय र परिस्थिति अनुकूल हुना साथै गगन अध्ययनको लागि विदेश गयो । लोग्ने विदेश गएको यस वैवाहिक जीवनमा निःसन्तान हुनुले परिवारमा ठूलो पीडा दिन्छ । त्यसैले वसुधा मेघराजसँग निकट भई उसैको गर्भधारणबाट पुत्रलाभ गरी लोग्ने गगनसँग खुसी र सुखी जीवन बिताएर बस्छे । यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा पूर्वदीप्तिको प्रयोग गरेकाले वृत्ताकारीय कथानक ढाँचा रहेको पाइन्छ । यस

कथाले सहरी तथा शिक्षित परिवारमा पनि निःसन्तान वा नारीको बाँझोपनको समस्याले पारेको प्रभावलाई चित्रण गरेको छ । यस कथामा सामाजिक यथार्थ र यौनमनोविज्ञानलाई कथानकको स्रोत बनाइएको छ । एउटी नारी नैसर्गिक अधिकार स्वरूप मातृत्व ग्रहणका लागि के कस्तो पाइला चाल्न समेत आँट गर्छे भन्ने कुरालाई वसुधा नारीपात्रको चरित्र तथा कार्यव्यापारको चित्रणबाट प्रस्ट भएको छ । क्षीण कथात्मक तथा चरित्रप्रधान यस कथामा गर्भधारणपश्चात् आफ्नै पति गगनसँग बस्ने कि मेघराजसँग जाने भन्ने कुरामा केही आन्तरिक द्वन्द्वको पनि विधान गरिएको छ ।

प्रस्तुत कथामा घटनाक्रमलाई अगाडि बढाउने वसुधा प्रमुख नारी पात्र हो भने मेघराज, गगन सहायक र वसुधाकी सहकर्मी, वसुधाकी आमा आदि गौण पात्र हुन् । स्वभावका आधारमा आवश्यकताअनुसार मेघराजसँग पनि सम्बन्ध कायम गर्ने वसुधा गतिशील र गोलो पात्र हो । जीवनचेतनाका आधारमा ऊ व्यक्तिगत र यथार्थ पात्र हो । आसन्नताका आधारमा ऊ मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो । त्यस्तै मेघराज पनि मञ्चीय तथा बद्ध पात्र हो ।

प्रस्तुत कथामा वसुधा काठमाडौंको सम्भ्रान्त परिवारकी छोरी हुन्छे । उसको विवाह पनि आफूसँगै काठमाडौंको विश्वविद्यालयमा अध्यापन कार्य गर्ने गगनसँग हुन्छ र यी दुवै यहीँ बस्छन् । कथामा त्यति प्रबल रूपले स्थानीय परिवेशको उपस्थिति नरहे पनि प्रस्तुत गरिएका धेरै प्रसङ्गहरूले काठमाडौंको उच्चवर्गीय सहरिया परिवेशको चित्रण गरेको पाइन्छ । त्यस्तै यस कथामा स्मृतिको रूपमा अन्तर्राष्ट्रिय परिवेशको पनि चित्रण गरिएको छ ।

‘एकादेशकी वसुधा’ कथामा सम्पूर्ण घटनाहरूको वर्णन गर्ने ‘म’ केन्द्रीय पात्र हो । उसकै अनुभव र अनुमानका आधारमा अन्य घटना तथा प्रसङ्गहरूको पनि वर्णन गरिएको छ । यसरी कथाकार ‘म’ पात्रको रूपमा कथानकभित्र बसेर कथा प्रस्तुत गरेकाले यस कथाम प्रथम पुरुष शैलीको आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

यस कथामा मूलतः सरल, सरस, संवेध र छिट्फुट रूपमा क्लिष्ट, कलात्मक तथा आलङ्कारिक भाषाशैलीको प्रयोग गरिएको छ । संवादात्मक तथा संस्मरणात्मक भाषाशैलीको प्रयोगाधिक्य रहेको यस कथामा शिक्षित पात्र सुहाउँदा एस.एल.सी., एम.ए., युनिभर्सिटी, इमेज, कलेज, फ्युज, डाक्टर, थेसिसजस्ता अङ्ग्रेजी आगन्तुक स्रोतका शब्दहरूको प्रशस्तै प्रयोग गरेको पाइन्छ । त्यस्तै यस कथामा पुरुष, बलिष्ठ, शून्य, शृङ्गार, परीक्षा, क्षण, पश्चात्तापजस्ता तत्सम स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको छ ।

नेपाली समाजमा वसुधाजस्ती शिक्षित नारीको परिवारमा पनि बाँझोपनको समस्याले विकराल रूप लिएको छ, जब कि उनीहरू धर्मपुत्र पालेर सन्तानेच्छा पूरा गर्न सक्छन् । त्यस्तै वसुधा मातृत्व ग्रहणका लागि परपुरुष मेघराजसँग पनि शारीरिक सम्पर्क राख्न पुग्छे । यसरी समाजमा अझै पनि रहेको बाँझोपनको विकराल समस्याले दिने पीडा र मातृत्व ग्रहणका लागि एउटी नारीले के सम्म गर्न सक्छे भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.३ कल्पनाको शिकार

'कल्पनाको शिकार' कथा **बैँसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहमा सङ्गृहीत तेस्रो कथा हो । यसको प्रकाशन पहिलो पटक यसै सङ्ग्रहमा भएको देखिन्छ । यस कथामा आफ्नो मनमा अनेक वासन्ती कुराहरू खेलाउने दिनेश यौनोत्तेजनाले आफ्नी भाउजू समात्न पुगी कल्पनाको शिकार बनेकाले यस कथाको शीर्षक सार्थक रहेको पाइन्छ ।

'कल्पनाको शिकार' कथामा बीस वर्षे दिनेश आफ्नो मनमा यौवनका वासन्ती कुराहरू खेलाएर बस्छ । यही यौवनको अतृप्त रागले बिरामी भएको देवरलाई रेखदेख गरेर भाउजू पनि सिरकको खोल सिएर बसेकी हुन्छे । आफूसँगै बसेकी भाउजूलाई सपनामा भोगेको देखिसकेको दिनेश नियन्त्रण बाहिर जान्छ र भाउजूलाई नै प्यास मेटाउने साधन बनाउन खोज्दा असफल हुन्छ । यसरी कथामा दिनेशले मनमा अनेक वासन्ती कुराहरू खेलाएर बस्नु कथानकको आदि भाग, अतृप्त यौनका कारण भाउजू समात्न जानु मध्यभागको चरम रूप हो भने दिनेशले आफूलाई झुङ्गी लागेछ भनेर टार्नु कथानकको अन्त्य भाग हो । आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा भएको यस कथामा उत्पाद्य कथावस्तुको प्रयोग गरिएको छ । यहाँ दिनेश भाउजूलाई अति आदर गर्छ । ऊ भाउजूलाई सपनामा भोगेको देख्दा मात्रै पनि भाउजूको अगाडि पर्न सक्दैन । यही पात्र दिनेशमार्फत आदर्श र यौनको कामन्धताबीच सफल आन्तरिक द्वन्द्व विधान गरिएको छ । यसरी प्रस्तुत घटनाक्रमलाई हेर्दा यस कथाले पुरुष यौनमनोविज्ञानलाई कथानकको स्रोत बनाएको पाइन्छ ।

प्रस्तुत कथाको घटनाक्रमलाई अगाडि बढाउने दिनेश प्रमुख पुरुष पात्र हो भने भाउजू सहायक स्त्री पात्र र कोल्डड्रिङ्क्सकी केटी, मदनकी बहिनी, पशुपति बाजेकी छोरी आदि स्मृतिमा आउने नेपथ्यीय र गौण पात्र हुन् । दिनेश भाउजूलाई आदर्श माने पनि उनैमाथि रतीभाव देखाउने गतिशील र गोलो पात्र हो । ऊ यौनको पीडाले जलेको

अन्तर्मुखी र प्रतिकूल वातवारण सिर्जना गर्ने पात्र हो । त्यस्तै आसन्नताका आधारमा दिनेश र भाउजू मञ्चीय पात्र हुन् ।

कथाकारले 'कल्पनाको शिकार' कथामा दाजु-भाउजूसँग बसेको बैंसले उन्मत्त तर प्यास मेटाउन नपाएको प्यासी युवक दिनेशको विशेष चर्चा गरेका छन् । ऊ अनेक युवतीहरूका कल्पना गरेर बस्छ भने राति पल्लो कोठामा सुनिने दाजुभाउजुको फुसफुसाहटलाई पनि ध्यान दिन्छ । यसरी हेर्दा अर्को कोठाको पनि फुसफुसाहट सुनिने काठेघर र दिनेशको बैंसालु क्रियाकलापलाई नियाल्दा कथामा ग्रामीण पारिवारिक र मूलतः रागात्मक परिवेश विधान गरेको पाइन्छ ।

'कल्पनाको शिकार' कथामा कथाकारले मूलतः दिनेशको रतीरागात्मक मनोजगत् र क्रियाकलापको सजीव चित्रण गरेका छन् । कथामा देखा परेका दाजुभाउजू र साधारण घटनाहरू पनि दिनेशकै वर्णनको पृष्ठपोषणका लागि प्रस्तुत गरिएको छ । यसरी कथाकारले एकै पात्रमा केन्द्रित भई कथानकभन्दा बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा सरल, सरस र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । कथा वर्णनको क्रममा कलात्मक र संवादका क्रममा पात्र सुहाउँदा मध्यमस्तरीय भाषाको प्रयोग गरिएको छ । कथामा विशेष गरी वर्णनात्मक शैलीको प्रयोग गरिएकाले संवादात्मक शैली क्षीण रहेको छ । यस कथामा टिनिक्क, जुरुक्कजस्ता अनुकरणात्मक र कोल्डड्रिङ्क्स, सिनेमाजस्ता आगन्तुक स्रोतका शब्दहरू प्रयोग गरिएका छन् ।

जीवनको बीसौं वसन्तमा पुगेको दिनेश भाउजूलाई आमा समान आदर र सम्मान गर्छ । तर आफूसँगै बसेकी भाउजूमा पशुपति बाजेकी छोरीको रूप देखेपछि भाउजूलाई समात्न जान्छ । यसरी मानिस कामान्ध भएपछि चेतना गुमाउँछ र जस्तो कदम पनि लाच्न अगाडि बढ्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.४ कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी

**कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी** कथा २०४९/५० सालको **मधुपर्क** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **बैंसको आकाश** (वि.सं.२०५६) कथासङ्ग्रहको चौथो कथाको रूपमा रहेको छ । यस कथाको शीर्षक मिथकीय प्रसङ्गबाट चयन गरिएको छ । यस कथाका प्रमुख दुई पात्र 'म' र 'चपला'लाई क्रमशः युधिष्ठिर र राज्यलक्ष्मीमा आरोप गरिएको शब्दबाट कथाको शीर्षक निर्माण भएको छ ।

**कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी** कथामा 'म' पात्र र चपलाको भेटघाट तथा चिनाजानी काठमाडौंबाट हवाइजहाजमा विराटनगर जाने क्रममा हुन्छ । चपला सानैदेखि होस्टेलमा बसेर पढेकीले पारिवारिक सान्निध्यता नपाएकी अलि चञ्चले स्वावकी हुन्छे । 'म' पात्रलाई उसको चञ्चलता  मन नपरे पनि सँगै यात्रा गर्छन् र अन्तसम्ममा घनिष्ट पनि बन्छन् । व्यावहारिक रूपले अपरिपक्व झैँ लाग्ने चपला 'म' पात्रको सङ्गतले व्यवहारिक हुनुका साथै उसलाई मनपराउन थाल्छे । तर 'म' पात्र वैवाहिक रूपले बाँधिइसकेकाले यी दुवै आ-आफ्नै गन्तव्यतर्फ लाग्छन् र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा 'म' पात्र र चपलाको भेट हुनु कथानकको आदि भाग, 'म' पात्रसँग चपला आकर्षित हुनु कथानकको मध्य भाग र चपला धनकुटाबाट काठमाडौं फर्कनु कथानकको अन्त्य भाग हो । यस कथामा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यो सुगठित र यथार्थमूलक अनुभवलाई कथानकको स्रोत बनाइएको कथा हो । यस घटनाप्रधान कथामा क्षीण द्वन्द्व विधान गरिएको छ । कथामा समाजका यथार्थ पात्रहरूमार्फत घटनाक्रमलाई प्रस्तुत गर्नुका साथै मिथकीय मिश्रण पनि गरिएको छ ।

प्रस्तुत कथामा 'म' पात्र र चपला प्रमुख पात्र हुन् भने बूढी सहायक र सान्दाइ, ठूल्दाइ, एकजोडी पति-पत्नी आदि गौण पात्र हुन् । स्वभावका आधारमा चञ्चल र अपरिपक्व व्यवहार गर्ने चपला 'म' पात्रको सङ्गतले परिवर्तन भएकी गतिशील र गोलो पात्र हो । ऊ अरुले मन पराए पनि वा मन नपराए पनि बोलिरहनुपर्ने बहिर्मुखी र अरुको कुभलो नचाहने अनुकूल पात्र हो । जीवनचेतनाका आधारमा 'म' पात्र र चपला दुवै व्यक्तिगत पात्र हुन् । त्यस्तै यी दुवै आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

यस कथानकको घटनाक्रमसँगै देखापरेका काठमाडौं, विराटनगर, धनकुटा आदि स्थानलाई कथाले कार्यस्थल बनाएको छ । यस कथामा कथाकारले विकसित तथा औद्योगिक क्षेत्रको रूपमा प्रख्यात र धनकुटाको छारा गाउँलाई स्थानीय रङ्गको रूपमा प्रस्तुत गरेका छन् । अतः कथामा ग्रामीण तथा सहरिया दुवै परिवेशको चित्रण गरेको पाइन्छ ।

**कुरुक्षेत्रका युधिष्ठिर र हस्तिनापुरकी राज्यलक्ष्मी** कथाको सम्पूर्ण घटनाहरूको वर्णन गर्ने 'म' केन्द्रीय पात्र हो । कथानकको केन्द्रमा रहेर 'म' पात्रले सबै घटनाहरूको वर्णन अनुभवका आधारमा गरेको छ । यसरी कथाकार  'म' पात्रको रूपमा कथानक भित्र बसेर

कथा प्रस्तुत गरेकाले यस कथामा प्रथप पुरुष शैलीका आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा पात्र तथा परिवेश सुहाउँदा भाषाशैलीको प्रयोग गरिएको छ । जीवनको अधिकांश समय सहरिया परिवेशमा बिताएकी चपला र एल.डी.ओ. भएका 'म' पात्र दुवैले प्रयोग गरेका भाषामा आगन्तुक स्रोतका क्लिष्ट पदावलीहरूको प्रयोगाधिक्य रहेको छ । कथाको आदिदेखि अन्त्यसम्म नै देखापर्ने आगन्तुक अङ्ग्रेजी स्रोतका जस्ट अ मोमेन्ट, थ्याङ्क यू, एस्क्यूज मी प्लीज, ह्वाट अ को-इन्सिडेन्स, आइ एम सरप्राइजली ह्याप्पी, ओभर स्मार्ट, केमेस्ट्रिको लेक्चरर जस्ता पदावलीहरूका प्रयोगले सामान्य पाठकका लागि कथाको भाषाशैली क्लिष्ट तथा दुर्बोध्य बन्न पुगेको छ ।

मानिसलाई धन-सम्पत्ति र शिक्षाको पूर्तिले मात्र सही मार्गनिर्देश गरेको हुँदैन । पैसैपैसाको थुप्रोले मानिसमा  यान्त्रिकता र देखावटीपन मात्र विकास गर्दछ । कथामा वसुधाजस्ती शिक्षित नारी व्यवहारिक जीवन, पारिवारिक रूपमा आत्मिक सान्निध्यता र सही मार्गनिर्देशनको कमीले भविष्यप्रति अन्योल थिई । तर सचेत, सजग र व्यवहारिक जीवन बुझेको 'म' पात्रको सङ्गतले चपला जीवनको मूल्यबोध गरी लक्ष्य हासिल गर्न  सचेत रूपमा अगाडि बढ्दछे । यसरी सही जीवन र मार्गनिर्देशनका साथै पारिवारिक तथा आत्मिक सान्निध्यता पाएमा मात्रै मानिस सफल रूपमा अगाडि बढ्न सक्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.५ कुहिरोभित्रका इमेजहरू

**कुहिरोभित्रका इमेजहरू** कथा **बैंसको आकाश** (२०५६) कथासङ्ग्रहमा सङ्गृहीत पाँचौँ कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको देखिन्छ । यस कथाको शीर्षकले कुनै पात्रको योजनाहरू कुहिरोमा रुमलिएर खेर गएको कुरालाई सङ्केत गर्न खोजेकाले कथावस्तु अनुसार कथाको शीर्षक सार्थक रहेको छ ।

'कुहिरोभित्रका इमेजहरू' कथामा सुधा एक छोरो साथमा भएकी तरुनी विधवा आइमाई हुन्छे । श्रीमान् मरेर बेसहारा बनेकी सुधालाई उसकै लोग्नेको साथी रघुनन्दनले सहयोग र संरक्षण गरेको हुन्छ । रघुनन्दनले आफ्नी श्रीमती सीताबाट सन्तान नभएकाले सुधाको विवाहपूर्व नै आफूले विवाह गर्ने इच्छा गरे पनि पूरा नभएको पूर्वदीप्तिको प्रयोगसँगै अझै पनि विवाह गर्न पाए हुन्थ्यो भन्ने उत्कट लालसा पालेको हुन्छ । सुधालाई सहयोग र संरक्षण गर्ने बहानामा झनै निकट बनेको रघुनन्दन उपयुक्त समय मिलाएर सुधासँग

विवाहको प्रस्ताव राख्ने तरखर गर्छ । तर कार्यालयको कामले १५-२० दिन पश्चिमाञ्चल बसेर आउँदा सुधा अर्केसँग पोइल गइसकेकी हुन्छे र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा पूर्वदीप्तिको प्रयोगले कथानक वृत्ताकारीय ढाँचामा आबद्ध भएको पाइन्छ । यस कथाले सामाजिक यथार्थमा आधारित यौनमनोविश्लेषणलाई कथानकको स्रोत बनाएको छ । यहाँ रघुनन्दनले सुधालाई 'बाँकी जीवन बिताउन केही सम्झौता गर्नु पर्छ' भन्नु, सुधाले मृत लोग्नेको लुगा र फोटाहरू यथास्थानबाट हटाएर अन्तै थन्क्याउनु मूलतः सुधाको दोस्रो विवाहको पूर्वसङ्केतको रूपमा आएको छ । त्यस्तै रघुनन्दनका मनमा सुधासँग विवाहका लागि प्रस्ताव राख्दा मान्छे कि मान्दिन भन्नेजस्ता आन्तरिक द्वन्द्वको पनि विधान गरिएको छ ।

**कुहिरोभित्रका इमेजहरू** कथामा घटनाक्रमलाई गतिशील बनाउने रघुनन्दन र सुधा प्रमुख पात्र हुन् भने सीता सहायक र रमेश, बिनु, धनमती, सुधाकी भाउजू, शिवराज आदि गौण पात्र हुन् । स्वभावका आधारमा एउटा छोरो साथमा भए पनि रमेशको मृत्यु पश्चात् अर्को पुरुषसँग पोइल गएकी सुधा गतिशील र अन्तर्मुखी पात्र हो । सुधाको विवाहपूर्व नै ऊसँग विवाह गर्ने इच्छा भए पनि बाहिर प्रकट गर्न नसक्ने रघुनन्दन अन्तर्मुखी पात्र हो । त्यस्तै रघुनन्दन सबैको भलो गर्ने अनुकूल र साथमा रहेको सानो छोरो छोडेर जवानीको धितमार्न पोइल गएकी सुधा प्रतिकूल पात्र हो । आफूलाई परिस्थितिअनुसार परिवर्तन गर्न सक्ने सुधा गोलो र रघुनन्दन च्याप्टो पात्र हो ।

कथाकारले कथामा सुधाले बी.एस्सी. पढेको ड्रग्स कम्पनिमा जागिर खाएको र रघुनन्दनले बी.ई. गरेपछि एम्.ए. पढेको देखाएका छन् । यसका साथै रघुनन्दन प्रायः सुधाको घरमा गइ ऊसँग एक्लै-एक्लै बस्ने र उसको शारीरिक सुगठनप्रति आकर्षित हुने गरेको पनि देखाएका छन् । यसरी प्रस्तुत प्रसङ्गलाई हेर्दा कथामा शिक्षित पारिवारिक तथा रागात्मक परिवेशको चित्रण गरेको पाइन्छ ।

'कुहिरोभित्रका इमेजहरू' कथामा कथाकारले रघुनन्दनमा केन्द्रित घटनाक्रम र उसका मनमा जागृत यौनावेग, कुण्ठा आदिलाई प्रस्तुत गरेका छन् । तर अन्य घटनाक्रम तथा प्रसङ्गहरूलाई भने सतही र सीमित रूपमा उल्लेख मात्र गरेका छन् । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानक बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

प्रस्तुत कथामा सरल, सरस र वर्णनात्मक भाषाशैलीको प्रयोग गरिएको छ । कथामा पात्रअनुसारको गैस्योस, नगैस्योस जस्ता उच्च आदरार्थी शब्दका साथै विचलनयुक्त भाषाशैलीको पनि प्रयोग गरिएको छ । त्यस्तै कथामा आग्रह, कृतघ्न, अक्षता, अर्धनग्न, जस्ता तत्सम इन्जिनियरिङ्ग, ब्रेनहेमरेज, ड्रगिस्ट एन्ड केमिस्ट, मेनेजर, मोटरसाइकल, टेलिफोन, बी.एस्सी., ट्युसन, ट्यालेन्ट, फिलिम, ल्याब जस्ता आगन्तुक र टुलुटुलु, पुलुक्क, उकुसमुकुस, टलपल, झल्याकझुलुक, सकसक जस्ता अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरेको पाइन्छ ।

कथामा रघुनन्दन आफू निःसन्तान भए पनि दोस्रो विवाह गरेर बच्चा जन्माउने कुरा कतै खुलेर गर्न सकेको छैन तर लोग्नेको मृत्यु भएपछि सुधा भने साथमा छोरा हुँदा हुँदै पनि पोइल गएकी छे । यसरी मानिसले सन्तानेच्छाको भोक खपेर बस्न सक्छ तर यौनभोक खपेर बस्न सक्दैन भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.६ घोडसवार

**घोडसवार** कथा २०४८ साल पुस महिनाको **मधुपर्क** मासिक पत्रिकामा प्रथम पटक प्राकशित भएको हो । यो कथा **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहको छैटौँ कथाको रूपमा रहेको छ । यस कथामा 'घोडसवार' शीर्षकले कसैलाई नटेर्ने सरकारी कार्यालयको घोडा तह लगाउने व्यक्तिलाई सङ्केत गरेकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**घोडसवार** कथाको सुरुमा दिवाकर र वसुधा एकापसमा जिस्किरहेका हुन्छन् । यसपछि यो प्रसङ्ग परिवर्तन हुन्छ र अर्को प्रसङ्ग सुरु हुन्छ । भद्रु केही महिनाको लागि बुबाको सरकारी आवास गृहमा बसेकी हुन्छे । त्यहीँ अर्को भवनमा अधिकृत शुशील पनि बसेको हुन्छ जसलाई भद्रु पटक्कै पन पराउँदिन । यस आवासगृहमा एउटा कसैले तह लगाउन नसकेको अनमत्त घोडा हुन्छ जसलाई भद्रु विस्तारै-विस्तारै मायाले आफ्नो बसमा पार्छे । तर एक दिन शुशीलले सबैको अगाडि घोडालाई पिट्पाट पारेर आफ्नो नियन्त्रणमा लिन्छ । यसरी कसैले तह लगाउन नसकेको घोडालाई शुशीलले तह लगाएपछि भद्रु पनि शुशीलप्रति आकर्षित भई ऊसँग बोल्ने, उसको कोठामा जाने गर्न थाल्छे । यहाँ पुनः प्रारम्भमा देखाइएका दिवाकरलाई वसुधाले लजाएर कर्के नजरले हेरेको देखाएपछि कथानकको अन्त्य हुन्छ । यस कथाको प्रारम्भ र अन्त्यमा मूल कथानकसँग सम्बन्ध नभएका दिवाकर र वसुधाको प्रसङ्गलाई प्रस्तुत गरेर कथाकारले कथानक विन्यासमा नौलो प्रयोग गरेका छन् । भद्रुको यौनमनोजगत्लाई सूक्ष्म ढङ्गले प्रस्तुत गरेको यस कथामा

यौनमनोविज्ञानलाई कथानकको स्रोत बनाइएको छ । अन्त्यका दृष्टिले सुखान्त रहेको यस कथामा भद्रको मनमा शुशीलप्रति उठेका रिस, डाह, काठमाडौंमा भए चप्पलले हान्ने जस्ता कुराहरू आन्तरिक द्वन्द्वको रूपमा देखा परेका छन् ।

प्रस्तुत कथामा भद्र प्रमुख स्त्री पात्र हो भने शुशील र भद्रको बुबा सहायक र मुमा, घोडसयस, दिवाकर, वसुधा आदि गौण पात्र हुन् । स्वभावका आधारमा पहिला पहिला शुशीललाई देखीनसहने भद्र पछि गएर उसैसँग आकर्षित भएकी गतिशील र गोलो पात्र हो । शुशीललाई देखेर भित्रभित्रै मुरमुरिएर पनि बाहिर प्रकट नगर्ने भद्र अन्तर्मुखी तथा अनुकूल पात्र हो । त्यस्तै भद्र, शुशील आदि पात्रहरू आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

प्रस्तुत कथामा भद्रले बाह्य वातावरणको रूपमा नाङ्गा डाँडाहरू, स-साना बजारहरू देख्नुका साथै सबैतिर गाडी जान नसकेकाले कार्यालयमा हाकिमहरूलाई घोडाको व्यवस्था गरिएको छ । त्यस्तै भद्र घोडाको भयङ्कर हृष्टपुष्ट जीउ देखेर लोभिने, घोडालाई अँगालो मार्ने, सुम्सुम्याउने गर्दछे । यसरी हेर्दा कथामा मूलतः ग्राम्य पहाडी तथा रागात्मक परिवेश विधान गरेको पाइन्छ ।

कथाकारले कथामा भद्रको मनमा उठेको रिस, डाह, यौनेच्छा जस्ता मनोजगत् र बाह्य क्रियाकलापको विशेष रूपले वर्णन गरेका छन् । तर अन्य पात्र तथा घटनाहरूलाई प्रसङ्गवस मात्रै प्रस्तुत गरेका छन् । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानक बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा बाह्य सीमित दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

**घोडसवार** कथामा सरल, सरस र पात्रअनुसारको स्तरीय लेख्य भाषाशैलीको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीको प्रयोगाधिक्य रहेको यस कथामा कतै-कतै कलात्मक र वक्रोक्तिपूर्ण भाषाशैलीको पनि प्रयोग गरिएको छ । त्यस्तै कथामा अर्थेलो, पाइन, लेप्र्याउँदै जस्ता झर्रा नेपाली टनक्क, क्वारक्वारती, फिस्स, पुलुक्क, चिटिक्क जस्ता अनुकरणात्मक र बी.ए., ओभरसियर, कम्पाउन्ड जस्ता आगन्तुक स्रोतका शब्दहरूको पनि प्रयोग गरेको पाइन्छ ।

मानिसलाई यौवनावस्थामा जैविक रूपमा नै यौनेच्छा जागेर आउँछ । सामाजिक तथा पारिवारिक मर्यादाले गर्दा मानिस कुण्ठित र दमित बनेका हुन्छन् । तर यिनै विविध कारणले गर्दा मानिसले भद्रले जस्तै मानवेत्तर प्राणीलाई अँगालो मार्ने , मुसार्ने जस्ता कार्य गरी

अप्रत्यक्ष रूपमा भए पनि यौनआनान्दानुभूति लिने गर्दछन् भन्ने देखाउनु नै यस कथाको सार वस्तु हो ।

### ४.३.७ छोरो

**छोरो** कथा **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहमा सङ्गृहीत सातौं कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । एक पदीय छोटो 'छोरो' शीर्षकको यस कथामा मङ्गले आफ्नो छोरो जन्मेकाले खुसी हुन्छ । तर कार्यालयमा उसका हाकिमहरूले त्यो छोरो तेरो हो कि होइन भन्ने कुरा त तेरी स्वास्नीलाई मात्र थाहा हुन्छ भनी शङ्का व्यक्त गर्दै पटक-पटक कथानकलाई छोरोतिरै केन्द्रित गरेकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**छोरो** कथामा मङ्गले आफ्नो छोरो जन्मेकाले खुसी भई कार्यालयका सबै कर्मचारीहरूलाई सुनाउँछ । यो खुसीको कुरा सुनेर सबैले उसलाई भोज खुवाउनु पर्छ भन्छन् । त्यसैले अर्को तिन कार्यालय गएर सबैलाई भोज/खाजा खुवाउँछु भन्दा कोही पनि खान मान्दैनन् तर मङ्गले सबैलाई भोज खान कर गरिरहन्छ । मङ्गलेले धेरै कर गरेकाले लेखापालले झर्किंदै त्यो छोरो तेरै हो भन्ने के छ, त्यो त स्वास्नीलाई मात्र थाहा हुन्छ बरु जा गएर सोधेर आइज भनेपछि ऊ खङ्ग्रङ्ग हुन्छ । ऊ घर जान्छ, छोरोलाई हेर्छ, मनमा अनेक कुराहरू खेलाउँछ र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा मङ्गले छोरो जन्मेकाले खुसी हुनु कथानकको आदि भाग, कार्यालयमा छोरो जन्मेको कुरा सुनाउनु र भोज खुवाउँछु भन्नु मध्य भाग र कर्मचारीहरूले भोज खान नमान्नु र त्यो मङ्गलेकै छोरो हो भन्नेमा शङ्का व्यक्त गर्नु कथानकको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथाले सामाजिक यथार्थमूलक अनुभवलाई कथानकको स्रोत बनाएको छ । सुगठित कथानक भएको यस कथामा मङ्गले मार्फत् सफल आन्तरिक द्वन्द्व विधान गरिएको छ । त्यस्तै यस कथाको कथानक बन्द अन्त्य ढाँचामा सकिएको छ ।

प्रस्तुत **छोरो** कथामा मङ्गले प्रमुख पुरुष पात्र हो भने लेखापाल, सुब्बासाहेब, नरेन्द्र सहायक र मङ्गलेको साथी, खरिदार, मुखिया, मङ्गलेकी स्वास्नी आदि गौण पात्र हुन् । मङ्गले मनमा सानो खुसीको कुरा पनि राख्न नसकी भन्दै हिड्नु पर्ने बहिर्मुखी तथा अनुकूल पात्र हो । ऊ स्वभावका आधारमा स्थिर र यथार्थ पात्र हो । आफ्नी श्रीमतीसँग कान्छो मुखियाको छोरो नरेन्द्र सल्केको हुन सक्ने शङ्का लाग्दा पनि बोल्न नसक्ने निम्नवर्गीय पात्र हो । त्यस्तै मङ्गले, लेखापाल, सुब्बासाहेब आदि मञ्चीय पात्र हुन् ।

कथाकारले कथामा कान्छो मुखिया र उसका घरमा आएर खेतीपातीको काम गरिदिने मङ्गलेजस्ता पात्र प्रस्तुत गरेका छन् । यसबाट कथामा ग्रामीण उच्च तथा निम्नवर्गीय समाजको यथार्थ परिवेश रहेको देखिन्छ । कथामा मङ्गलेले छोरो जन्मेकोले भोज खुवाउन घरबाट भाले ल्याउँछु भन्नु, सुब्बासाहेबले 'म त बाहुनको छोरो, कुखुरो खाँन्न भन्नु र कथाको घटनाक्रम प्राय कार्यालयमा नै प्रस्तुत हुनुले यस कथामा ग्रामीण सामाजिक तथा कार्यालयीय परिवेशको विधान गरिएको पाइन्छ ।

**छोरो** कथामा कथाकारले कथानक बाहिर बसेर कथा प्रस्तुत गरेका छन् । यसका कथाकारले कथाको प्रमुख पात्र मङ्गलेमा केन्द्रित भई उसैको क्रियाकलाप तथा मनोजगत्को वर्णन गरेका छन् । कथामा अन्य प्रसङ्गहरू मङ्गलेकै मूल कार्यव्यापारलाई पृष्ठपोषण गर्न प्रस्तुत भए झैँ लाग्दछ । यसरी कथाकारले कथानकभन्दा बाहिर बसेर सीमित पात्रको कार्यव्यापार तथा मनोजगत्को वर्णन गरेकोले कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको देखिन्छ ।

प्रस्तुत **छोरो** कथामा पात्रका स्तर सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको छ । मङ्गले र उसको साथीजस्ता निम्नस्तरीय पात्रले सरल, सरस र कथ्य भाषाशैलीको प्रयोग गरेका छन् । जस्तै : "दाइ मलाई हिजो कसैले खोज्याथ्यो ?", "कसैले नि खोज्या थेन ।" त्यस्तै प्रयोग गरिएका साउँ अक्षर, बजिया, नाटीकुटी, ट्याम्म, बाउँठो, त्यतिबिघ्न, अन्मार जस्ता ग्रामीण कथ्य भाषाको प्रयोगले पनि कथाको भाषाशैली सरल, सरस र हृदयस्पर्शी बनेको पाइन्छ ।

प्रस्तुत कथामा मङ्गलेले छोरो जन्मेको खुसीमा भोज खुवाउँछु भन्छ । तर उसका कर्मचारी साथीहरू कोही पनि भोज खान मान्दैनन् र मङ्गले अझै कर गर्छ । धेरै कर गरेकाले लेखापालले ठट्टैठट्टामा त्यो छोरो तेरै हो भन्ने के छ भनेपछि मङ्गले आफ्नी स्वास्नीप्रति शङ्का गर्छ । यसरी पितृसत्तात्मक नेपाली समाजमा पुरुषहरू सानो कुराले पनि नारीमाथि शङ्कालु दृष्टिले हेर्छन् भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.३.८ ठूलो कोठा

**ठूलो कोठा** कथा **बैँसको आकाश** (२०५६) कथासङ्ग्रहमा सङ्गृहीत आठौं कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । यस कथामा वीरबहादुर र उसकी श्रीमती ठूलोकाजीले बनाइदिएको धर्मशाला चलाएर बसेका हुन्छन् । त्यही धर्मशालाको एउटा ठूलो कोठामा हुने गोप्य कार्यलाई सङ्केत गरिएकोले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**ठूलो कोठा** कथामा वीरबहादुर र दिलमाया त्रिवेणीस्थित सानो बजारमा ठूलोकाजीले बनाइदिएको धर्मशाला चलाएर बसेका छन् । उक्त धर्मशालामा ठूलोकाजी आएको बेलामा सुत्ने एउटा ठूलो कोठा छ जुन कोठा बाटो सर्भे गर्न आएको इन्जिनियरले भाडामा माग्दा पनि वीरबहादुरले दिएन । यसर्थ अन्य कोठामा नै बसेर काम सकेपछि इन्जिनियरको टोली त्यहाँबाट हिड्छन् । उनीहरू हिँडेपछि ठूलोकोठाको ओछ्यान खजमजिएको देखेर ठूलोकाजीले अब के गर्ने हुन् भनेर मङ्गले डराउँछ तर दिलमायाले डराउनु पर्दैन सबै म मिलाउँछु भनी काजी सुतेको ठूलो कोठामा राती गएर खासखुस कुरा गर्छे र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा इन्जिनियरको टोलीले कोठा भाडामा माग्नु कथानकको आदि भाग हो भने उक्त टोली धर्मशालामा बसेर फर्कनु मध्य भाग र ठूलोकाजी धर्मशालामा आउनु र दिलमाया राती उसको कोठामा जानु कथानकको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्यतको रैखिक कथानक ढाँचा रहेको छ । यस कथाले सामाजिक यथार्थमा आधारित रागात्मक सौन्दर्यलाई कथानकको स्रोत बनाएको छ । त्यस्तै सुगठित कथानक भएको यस कथामा वीरबहादुर जङ्गिनुले बाह्य द्वन्द्व पनि देखा परेको छ ।

प्रस्तुत कथामा घटनाक्रमलाई अगाडि बढाउने वीरबहादुर र दिलमाया प्रमुख पात्र हुन् भने ठूलोकाजी, इन्जिनियर सहायक र मानबहादुर गौण पात्र हो । स्वभावका आधारमा हेर्दा ठूलोकाजीसँग लहसिएकी दिलमाया गतिशील र गोलो पात्र हो । ऊ सबैँसँग दिल खोलेर बोल्ने बहिर्मुखी पात्र हो । त्यस्तै आसन्नताका आधारमा वीरबहादुर दिलमाया आदि मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

कथाकारले कथामा अरुण र तमोर खोलाको सङ्गमस्थल त्रिवेणी बजारको पहाडी तथा बजारिया परिवेशको प्रयोग गरेका छन् । आञ्चलिकतालाई प्रस्तुत गर्ने कोशी खोला र वीरबहादुरले त्यहीँबाट मारेर ल्याएको एउटा ठूलो माछाले पनि कथामा स्थानीय रङ्गलाई प्रस्तुत गरेको छ । त्यस्तै समाजमा रहेका ठूलोकाजी जस्तो शोषक वर्गको प्रसङ्गले कथामा सामन्ती परिवेशलाई पनि चित्रण गरेको छ ।

**ठूलो कोठा** कथामा कथाकारले कथानक बाहिर बसेर प्रत्यक्ष आँखाले देखिने घटनाक्रमहरूको वर्णन गरेका छन् । कथामा कुनै पात्र विशेषको कार्यव्यापार र उसको मनोजगत्मा विचरण नगरी वस्तुगत रूपमा कथाको घटनाक्रमहरू प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य वस्तुपरक दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत **ठूलो कोठा** कथामा पात्रका स्तर सुहाउँदा कथ्य र लेख्य दुवै भाषाशैलीको प्रयोग गरिएको छ । कथामा इन्जिनियर, ठूलोकाजी आदिले स्तरीय र वीरबहादुर जस्ता पात्रले जान्या, भन्या, तेल्ले जस्ता कथ्य भाषको प्रयोग गरेको छ । त्यस्तै कथामा कुकुरलाई घिउ नपचेको, काला गए गोरा आउँछन् जस्ता उखान प्रयोगले पनि कथा सरल र सरस बनेको छ ।

कथामा वीरबहादुर ठूलो काजीको छाँया देखे पनि धेरै डराउँछ भने ठूलोकाजी आफ्नो खेतीपाती हेर्न आएको बेलामा ठूलो कोठामा प्रायः केटीहरू लिएर आउँछ । वीरेको श्रीमतीसँग पनि उसको अप्रत्यक्ष रूपमा शङ्कास्पद सम्बन्ध रहेको देखिन्छ । अतः कथाकारले यिनै प्रसङ्गमार्फत् नेपाली ग्रामीण समाजमा अझै पनि जडवस्तुको रूपमा रूढ मूल्य र मान्यता बोकेर दमन, उत्पीडन र यौनशोषण जस्ता सामन्ती प्रवृत्तिहरू बाँचीरहेको कुरालाई देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.९ डर

**डर** कथा २०५१ साल फागुन महिनाको **मधुपर्क** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको छ । यो कथा **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहको नवौं कथाको रूपमा रहेको छ । यस कथामा अम्बरेले गफैगफमा सुबेदारकी छोरीको शरीरमा तीन-चार पटक चलाएपछि ऊ बुबालाई भन्दिन्छु भन्दै घर जान्छे । सुबेदारले थाहा पाए भने मार्छन् भन्ने डरले अम्बरे घर छोडेर भागेको प्रसङ्गलाई इङ्गित गरेकाले कथाको शीर्षक सार्थक रहेको छ ।

**डर** कथामा सुबेदारकी छोरी मैनाले सधैं भुराहरू भेला गरेर अम्बरेको बगैंचामा गई नासपाती, सुन्तला चोरेर दिक्क लगाउँछे । त्यसैले अम्बरेले मैनालाई आवश्यक र मनलागेका फलफूलहरू बगैंचामा आएर खान दिने सर्तमा भुराहरू लिएर चोर्न नआउने बनाउँछ । मैना बगैंचामा प्राय फलफूल खान आइरहन्थी । एक दिन अम्बरेले गफैगफमा मैनाको शरीरमा चलाइदिन्छ । मैनाले यो कुरा बुबालाई भनिदिन्छु भनेकाले ऊ डरले केही दिन घर छोडेर भाग्छ । अम्बरे केही दिनमा फर्केपछि उसको चन्द्रकलासँग विवाहको प्रसङ्ग चल्छ । पछिल्ला दिनमा अम्बरेसँग ज्यादै लट्ठिएकी मैनाले उसलाई विवाहको प्रस्ताव अस्वीकार गर भन्दा नमानेपछि ऊ रिसाएर हिड्छे र यहीं कथाको अन्त्य हुन्छ । यस कथामा मैनाले फलफूल चोर्नु कथानकको आदि भाग, हो भने अम्बरेले मैनाको शरीर चलाइदिनु मध्य भाग र अम्बरेले चन्द्रकलासँगको विवाह अस्वीकार गर भन्दा नमान्नु कथानकको अन्त्य भाग हो ।

यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथामा यथार्थमूलक घटना र मनोविज्ञानलाई कथानकको स्रोत बनाएको छ । त्यस्तै कथात्मक सघनता भएको यस कथामा मैनाद्वारा अम्बरे पिटिनुले बाह्य द्वन्द्व पनि देखा परेको छ ।

प्रस्तुत कथामा अम्बरे र मैना प्रमुख पात्र हुन् भने चन्द्रकला सहायक र सुबेदार, सुबदार्नी, अम्बिकाकी आमा, माहिला दाइ आदि गौण पात्र हुन् । स्वभावका आधारमा हेर्दा पहिला-पहिला अति चोर्ने र दुःख दिने बानी छोडेकी मैना गतिशील र गोलो पात्र हो । पछिल्लो समयमा अम्बरेसँग दिल खोलेर कुरा गर्न थालेकी मैना बहिर्मुखी र मञ्चीय तथा बद्ध पात्र हो । त्यस्तै बगैँचाको फलफूल चोर्नेलाई बगैँचामा नै आएर खान छुट दिने अम्बरे आदर्श पात्र हो ।

कथाकारले कथामा राजमार्गको नजिकै पर्ने सानो बजार र ४०-५० वटा साना-ठूला घर भएका स्थानको चयन गरेका छन् । यही बजारभन्दा अलि माथि अम्बरेले आफ्नो बगैँचामा नासपाती र सुन्तलाको खेती गरेर बसेको छ । ऊ घरबाट भाग्दा पनि घरबाट नजिकै पर्ने बुटवल आएर बसेको हुन्छ । यसरी हेर्दा कथाकारले कथामा बुटवल नजिकैको पहाडी परिवेशको चयन गरेको पाइन्छ ।

**डर** कथामा कथाकरले कथानक बाहिर बसेर कथा प्रस्तुत गरेका छन् । मैनाले फलफूल चोरेर दुःख दिएपछि अम्बरेका मनमा उठेका विविध भावतरङ्ग तथा अन्य घटनाप्रसङ्गलाई कथाकारले वर्णन गरेका छन् । यसरी हेर्दा कथाकार कथानक बाहिर बसेर पात्रको मनोजगत् चियाउँदै कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत **डर** कथामा पात्र सुहाउँदा सरल, सरस  तथा हृदयस्पर्शी मध्यमवर्गीय ग्रामीण भाषाशैलीको प्रयोग गरिएको छ । तथापि भारतीय सेनाका निवृत्त सुबेदार र उसैको घरमा काम गर्ने चन्द्रकलाको पनि भाषिक स्तर समान हुनुले पात्रअनुसारको भाषा प्रयोगमा कथाकारको ध्यान नपुगको पाइन्छ । त्यस्तै यस कथामा वर्णनात्मक शैलीको प्रयोगाधिक्य रहेको पाइन्छ ।

पहिला त्यति राम्रो सम्बन्ध नभएको अम्बरे र मैनाबीच पछिल्लो समयमा सम्बन्ध सुमधुर भएको हुन्छ । त्यसैले होला मैना आफू र चन्द्रकलाको शारीरिक अङ्गहरूका बारेमा कुरा गर्न त्यति लजाउँदिन । उसमा अम्बरेप्रति सुषुप्त रागात्मक अन्तर्चेतना जागृत भएको

हुन्छ । यसरी एउटा किशोरप्रति नारी मनमा जागृत यौनको सुषुप्तावस्थालाई देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.३.१० ताजा खबर

**ताजा खबर** कथा **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहको दसौं कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । यस कथामा प्रमुख पात्र आइतेले 'ताजा खबर' पत्रिका बेच्दै हिँडे पनि आफ्नै मैयाँ साहेबको विवाहबारे उसलाई केही थाहा हुँदैन । यसरी आफै ताजा खबर बेच्दै हिँड्ने र आफै सानो खबरबाट पनि बञ्चित रहेकाले उसलाई मैयाँसाहेबको विवाह नै ताजा खबर बनेको प्रसङ्गलाई लिएर उक्त शीर्षक विधान गरिएकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**ताज खबर** कथामा आइते पत्रिका बेच्न महानगरको जनपथमा चिच्याइरहेको हुन्छ । तर उसको पत्रिका नबिकेको देखेर नजिकैको घरमा बसेर हेरिरहेकी मैयाँसाहेबले आइतेलाई बोलाएर एउटा पत्रिका किन्छे र आउँदा दिनमा सधैँ पत्रिका घरमा ल्याइदिन पनि आग्रह गर्छे । आइते पत्रिका पुऱ्याउने क्रममा मैयाँसाहेबलाई देख्दा, उनीसँग कुरा गर्दा ज्यादै खुसी हुन्छ । ऊ पत्रिका पुऱ्याउन जाँदा पनि मैयाँसाहेबको हातमा बाहेक अरुलाई पत्रिका नै दिँदैन । तर एक दिन पत्रिका पुऱ्याउँन जाँदा मैयाँसाहेबको विवाह हुँदै गरेको देखेर ऊ झस्किन्छ, पत्रिका बेच्नै छोड्छु भन्छ र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा आइतेले पत्रिका बेच्नु कथाको आदि भाग हो भने उसले मैयाँसाहेबको घरमा पत्रिका पुऱ्याउनुदेखि मैयाँसाहेबको विवाह हुनुसम्म मध्य र विवाहपछिको घटनाक्रम कथाको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथामा समाज मनोविज्ञानलाई कथानकको स्रोत बनाइएको छ । उत्पाद्य कथावस्तु रहेको यस कथामा अभिजात वर्गकी सुन्दरी मैयाँसाहेबसँगको निकटताले आइतेमा आएको स्फुर्ति, कामप्रति बढेको लगाव आदिको वर्णन गरी पुरुष मनोजगत्को सफल चित्रण गरिएको छ ।

प्रस्तुत कथामा घटनाक्रमलाई अगाडि बढाउने आइते प्रमुख पात्र हो भने मैयाँसाहेब सहायक पा त्र र आइतेकी आमा, मैयाँसाहेबको नोकर आदि गौण पात्र हुन् । सुरुदेखि नै सत्मार्गमा एकै खालको विशेषता बोकेर हिँडेको आइते अनुकूल तथा स्थिर पात्र हो । जीवन जीँउनका लागि पत्रिका बेच्नु पर्ने बाध्यता भएको आइते निम्नवर्गीय पात्र हो । जीवनचेतनाका आधारमा आइते वर्गीय पात्र हो भने आसन्नताका आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो । त्यस्तै मैयाँसाहेब पनि मञ्चीय तथा बद्ध पात्र हो ।

यस कथामा आइते महानगरको जनपथमा जता-जता मान्छे देख्छ उतै-उतै पत्रिका बेच्न चिच्याउँछ । धेरै धनी र शिक्षित मानिसहरू उसका अगाडिबाट आउ-जाउ गरे पनि उसको पत्रिका कसैले पनि किन्दैनन् । तर नजिकै बसेकी सम्भ्रान्त परिवारकी मैयाँसाहेबले उसलाई बोलाएर पत्रिका किन्छे । यसरी प्रस्तुत घटनाक्रमलाई हेर्दा यस कथामा काठमाडौंको महानगरमा रहेको निम्न तथा उच्चवर्गीय सहरिया परिवेशको विधान गरिएको छ ।

'ताजा खबर' कथामा कथाकारले कथानक बाहिर बसेर कथा प्रस्तुत गरेका छन् । उनले कथामा केही पात्रका सतही वर्णनका साथै आइतेलाई पत्रिका नबिकेको देख्दा रीस उठेको मैयाँसाहेबलाई भेट्न पाउँदा खुसी भएको जस्ता सीमित पात्रको मनलाई चियाएका छन् । यसरी कथानक बाहिर बसेर कथा प्रस्तुत गर्नु र सतही वर्णनका साथै सीमित पात्रमा कथाकार केन्द्रित हुनुले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु रहेको देखिन्छ ।

प्रस्तुत कथामा सरल, सरस र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा वर्णनात्मक शैलीको प्रयोग गरिए पनि मूलतः संवादात्मक भाषाशैलीको नै प्रबलता रहेको छ । संवादका क्रममा कतै-कतै आलङ्कारिक भाषाको पनि प्रयोग गरिएको छ । जस्तै- 'उसका आँखाहरूमा एउटा तिर्खा हुन्छ मैयाँसाहेबलाई हेरिरहने, उसका कानमा एउटा भोक हुन्छ । मैयाँसाहेबका कुरा सुनिरहने ।' त्यस्तै कथामा उच्चवर्गीय मैयाँसाहेबले प्रयोग गरेको भाषा स्तरीय छ भने आइतेले निम्नस्तरीय कथ्य भाषा प्रयोग गरेको छ ।

यस **ताजा खबर** कथामा अभिजातवर्गकी सुन्दरी युवती मैयाँसाहेबसँगको निकटताले आइतेलाई हरेक कार्यमा स्फुर्ति र ताजगी मिलेको हुन्छ । तर मैयाँसाहेबको विवाहले उसका स्फुर्तिहरू हराउँछ, विक्षिप्त हुन्छ र पत्रिका पनि बेच्दिँन भन्छ । यसरी हरेक मानिस कुनै पनि कार्यका लागि अचेतनद्वारा नै यौनबाट प्रेरित भएको हुन्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.११ नाम

**नाम** कथा **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहमा सङ्गृहीत एघारौं कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । यस कथामा नीर र शीलाबीचको अनैतिक सम्बन्धबाट शीला गर्भवती हुन्छे । उसले भोलिका दिनमा जन्मने

आफ्नो गर्भको बच्चालाई बाबुको नाम दिन नीरलाई आग्रह गरेकाले यस कथाको 'नाम' शीर्षक सार्थक रहेको छ ।

**नाम** कथामा नीर र शीलाबीच रुड्की बसेर बी.ई. पढ्दा माया बसेको हुन्छ । शीला काठमाडौंको सम्भ्रान्त परिवारकी छोरी हुन्छे भने नीर मध्यमवर्गीय परिवारको व्यक्ति हुन्छ । उनीहरूबीच बी.ई. को अध्ययन सकेर काठमाडौं आएपछि विवाह गर्ने सल्लाह हुन्छ । तर काठमाडौं आएपछि नीरसँग विवाह नगर्ने निर्णय गर्दै शीला पि.एच.डी. अध्ययनका लागि बैङ्कक जान्छे भने नीर निराश हुँदै जागिर खान्छ, विवाह गर्छ र घरपरिवार चलाएर बस्छ । शिला पनि बैंङ्कमा आफ्नो अध्ययनपश्चात सिङ्गापुरे रशीद केटोको आग्रहमा उसैसँग विवाह गर्ने निर्णय गर्छे तर रशीदको विवाह अगाडि नै दुर्घटनामा परी मृत्यु भएकाले शीला पुनः नेपाल नै फर्कन्छे । नेपालमा आएपछि एउटै कार्यक्षेत्र भएकाले शीला र नीरको फेरि भेट हुन्छ र सान्निध्यता बढ्दै जान्छ । निरन्तरको सान्निध्यतासँगै शीलाको आग्रहमा नीर र उसको शारीरिक सम्पर्क हुन्छ । नीर र शीलाको निकट सम्बन्धप्रति नीरकी श्रीमतीले शङ्का व्यक्त गरेपछि नीर शीलासँग टाढिन खोज्छ तर शीलाले आफू गर्भवती भएको बताएपछि नीर झस्कन्छ । शीला आफ्नो गर्भको बच्चालाई बाबुको नाम प्रदान गर्न नीरलाई आग्रह गर्दछे र यहीँ कथाको अन्त्य हुन्छ । एक दिन अचानक नीरले शीलालाई भेटेपछि एक दशक अगाडिको शीलासँग रहेको निकट सम्बन्धलाई पूर्वदीप्तिको माध्यमले प्रस्तुत गरेको 'नाम' वृत्ताकारीय कथानक ढाँचा भएको कथा हो । यो उच्चवर्गीय सामाजिक यथार्थलाई कथानकको स्रोत बनाएको खुला अन्त्ययुक्त कथा हो । यसमा नीर आफ्नै देशमा केही गरेर बस्नुपर्छ भन्ने र शीला नाम  र दामको लोभमा विदेश पलायन हुने दुई पात्रबीच आन्तरिक द्वन्द्व विधान गरिएको छ ।

प्रस्तुत कथामा नीर शीला घटनाक्रमलाई अगाडि बढाउने प्रमुख पात्र हुन् भने बसुन्धरा सहायक र रशीद, शीलाको दाइ-बुबा आदि गौण पात्र हुन् । शीला आफ्नो प्रेमीलाई आवश्यकतानुसार अँगाल्न र त्याग्न सक्ने गतिशील र गोलो पात्र हो । ऊ नीरलाई छलेर उसको गर्भ हुर्काउने प्रतिकूल र स्वार्थपूर्तिका लागि जे पनि गर्ने यथार्थ पात्र हो । त्यस्तै आसन्नताका आधारमा शीला र नीर मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

आर्थिक रूपले सम्पन्न रहेका शीला र नीर बी.ई. पढ्न रुड्की गएका हुन्छन् । शीला काठमाडौंको सम्पन्न परिवारकी छोरी भएकाले रुड्कीबाट आएपछि ऊ केही वर्ष बैङ्कक पनि पढ्न जान्छे भने नीर काठमाडौंमा जागिर खाएर विवाह गरी बस्छ । कथाको

अन्त्यसम्म नै यी दुई पात्र काठमाडौं नै बस्दछन् । यसरी हेर्दा कथामा काठमाडौंको उच्चवर्गीय सहरिया परिवेशको विधान गरेको पाइन्छ । कथामा पूर्वदीप्तिको रूपमा भने अन्तर्राष्ट्रिय परिवेशको पनि उपस्थिति रहेको छ ।

**नाम** कथाको सम्पूर्ण कुराहरूका वर्णन गर्ने व्यक्ति 'नीर' कथयिताको रूपमा आएको प्रमुख पात्र हो । उसैका अनुभवका आधारमा सबै घटनाक्रमहरू स्पष्ट गरिएका छन् । उसले आफ्नो र शीलाको कुरालाई विशेष महत्त्वकासाथ प्रस्तुत गरेको छ । यसरी 'म' पात्रको रूपमा प्रयोग गरिएको 'नीर' प्रमुख पात्र भएकाले कथामा प्रथम पुरुष शैलीको आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा पात्र सुहाउँदा सरल, सरस र स्तरीय भाषाशैलीको प्रयोग गरिएको छ । सहरिया परिवेशको उच्चवर्गीय पात्र सुहाउँदा 'हाउ इज योर वाइफ ?', 'सी इज फाइन' जस्ता अङ्ग्रेजी भाषाको प्रयोगले भने कतै-कतै दुर्बोध्यता थपेको छ । यस कथामा अधिकांशतः बोधगम्य भाषाको प्रयोग गरिए पनि ठाउँठाउँमा प्रयोग गरिएका ननसेन्स, स्पेसलिष्ट, ए.आई.टी., एम.ई.सेसन, पार्टटाइम, पी.एच.डी., इमेज, फेसन, डक्टरेट जस्ता आगन्तुक स्रोतका र टाक्सिएको, जेहन, उत्कण्ठा, मृदुल, कवच जस्ता क्लिष्ट शब्दहरूका प्रयोगले पनि कथामा दुर्बोध्यता नै थपेको पाइन्छ ।

हिजो आज शिक्षित र योग्य जनशक्ति नाम र दाम कमाउने प्रलोभनमा विदेश पलायन हुने क्रम जारीरहेको छ । यसरी नाम र दामको लोभमा आफ्नो समाज र सँस्कृतिलाई त्यागनुपर्दा मानिसलाई कति पीडा र छटपटी हुँदोरहेछ भन्ने कुरालाई कथामा देखाइएको छ । त्यस्तै शीलाको माध्यमले एउटी नारीमा आमा बन्ने दृढ इच्छा रहेको हुन्छ भन्ने जस्ता कुराहरूलाई देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.१२ बाटो र पाइलाहरू

**बाटो र पाइलाहरू** कथा २०४९ साल असार महिनाको मधुपर्क मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहको बाह्रौं कथाको रूपमा रहेको छ । यस कथामा आफ्नो आर्थिक स्थिति भन्दा ठूला कार्य गर्न खोजेकाले घरपरिवार लथालिङ्ग भएको छ । यसर्थ कथामा मान्छेले आफ्नो स्तर र आफू हिँडेको बाटो छोड्नु हुँदैन भन्ने कुरालाई 'बाटो र पाइलाहरू' शीर्षकले सङ्केत गरेको छ ।

**बाटो र पाइलाहरू** कथामा मध्यमवर्गीय परिवारको व्यक्ति टीकादत्तको छोरो विनायकले अधिकृतमा नाम निकालेर जागिर खान्छ । विनायक आफ्नो सफलतासँगसँगै

उच्चवर्गीय सचिवकी छोरीसँग विवाह गर्ने प्रस्ताव घरमा ल्याउँछ । तर टीकादत्तले असमान आर्थिक अवस्था भएकी सचिवकी छोरीसँग विवाह नगर्न आग्रह गरे पनि ऊ मान्दैन र विवाह गरेरै छोड्छ । उच्चवर्गीय परिवारसँग सम्बन्ध बढेकाले ऊ बुबा टीकादत्तले खाएको सानो जागिर पनि छोड्न लगाउँछ । जीविकोपार्जनका लागि अन्य कुनै आयस्रोत नभएपछि सम्पूर्ण परिवार नै विनायकमा आस्रित हुन पुग्दछन् । दिनदिनैको खर्च र श्रीमतीको आवश्यकता पूर्ति गर्न विनायकलाई गाह्रो पर्छ । एक दिन विनायककी श्रीमती घरमा रहेको अनुपयुक्त पारिवारिक वातावरण र भौतिक असुविधालगायतका समस्याहरूलाई दोष लगाएर माइतै गएर बस्छे । यसरी दुरुह  आर्थिक अवस्था र असमान स्तरको सम्बन्ध विस्तारले घरपरिवार अस्तव्यस्त भएपछि टीकादत्त पुनः आफ्नो जागिरमा काम गर्न जान्छन् र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा विनायकले जागिर खानु कथाको आदि भाग, उसले विवाह गर्नु मध्य भाग र विनायकको श्रीमती माइतै गएर बस्नु कथाको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यो समाजमनोविज्ञानलाई कथानकको स्रोत बनाइएको दुःखान्त कथा हो । सुगठित कथावस्तु भएको यस कथामा जागिर छोडनु  पर्ने कुराले टीकादत्तका मनमा उठेका तरङ्गहरू आन्तरिक द्वन्द्वको रूपमा देखापरेको छ ।

प्रस्तुत कथामा टीकादत्त प्रमुख पात्र हो भने विनायक, रमा सहायक  र विनायककी श्रीमती गौण पात्र हो । स्वभावका आधारमा पहिलादेखि नै एउटै विचारमा अडिक भएर बसेको टीकादत्त स्थिर र च्याप्टा पात्र हो । आफ्ना मनमा लागेका सबैकुरा नभन्ने ऊ अन्तर्मुखी र यथार्थ पात्र हो । जीवनचेतनाका आधारमा ऊ व्यक्तिगत र अनुकूल पात्र हो । त्यस्तै आसन्नताका आधारमा टीकादत्त, विनायक, रमा आदि मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

टीकादत्त एउटा साहूजीको पसलमा काम गर्ने सामान्य कारिन्दा हो । उसलाई छोरो पढाउन र जेनतेन घरखर्च टार्न जागिरको पैसाले पुगेको छ । उसको आम्दानीको अन्य केही स्रोत पनि छैन । भरखरै विवाह गरेको टीकादत्तको बुहारी पनि भौतिक तथा आर्थिक दुरावस्थाका कारणले माइतै गएर बस्छे । यसरी घटनाक्रमलाई हेर्दा पनि जेनतेन दुई हात-मुख जोरेर बसेको टीकादत्तको मध्यमवर्गीय पारिवारिक वृत्तलाई नै कथाकारले कथाको परिवेशको रूपमा चयन गरेको पाइन्छ ।

**बाटो र पाइलाहरू** कथामा कथाकार कथाबाहिर बसेर सीमित दृश्य एवम् पात्रका मानसिक जगत्मा विचरण गरेका छन् । सीमित पात्रका मनोजगत् नियाँल्दै अन्य प्रसङ्गहरूलाई भने घटनाका आधारमा टिप्पणी तथा विश्लेषण गरेका छन् । यसरी कथाकार कथाभन्दा बाहिर बसेर सीमित पात्रका मनोजगत् र क्रियाकलाप वर्णनमा केन्द्रित भएकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्यसीमित दृष्टिबिन्दु रहेको पाइन्छ ।

प्रस्तुत कथामा टीकादत्तको सामान्य मध्यमवर्गीय पारिवारिक वृत्तका पात्रहरूको प्रयोग गरिएको छ । उनीहरूले नै प्रयोग गर्ने सामान्यार्थक, बोधगम्य र सरस भाषाशैलीले कथा हृदयस्पर्शी बनेको छ । वर्णनात्मक शैलीमा अगाडि बढेको यस कथामा मूलतः संवादात्मक भाषाशैलीको प्रयोगाधिक्य रहेको छ । संवादका क्रममा पात्र सुहाउँदा उच्चस्तरीय र मध्यमवर्गीय भाषाको प्रयोग गरिएको छ । क्लिष्ट र दुर्बोध्य भाषाशैलीको न्यूनता रहेको यस कथामा चस्मा, कोट, क्युरियो, पावर, अफिस जस्ता आगन्तुक स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको छ ।

**बाटो र पाइलाहरू** कथामा बुबाको भनाइ विपरित विनायक उच्चवर्गीय सचिवकी छोरीसँग विवाह गर्छ । टीकादत्तले विवाहपूर्व नै यस्तो असमान पारिवारिक स्थिति भएको सम्बन्धप्रति विनायकलाई सचेत गराएका थिए तर उसले मानेन । विवाहको केही समयपश्चात् पारिवारिक अनुपयुक्त वातावरण र भौतिक असुविधाका कारण विनायककी श्रीमती माइतै गएर बस्छे । यसरी मानिसले आफ्नो स्तर र अवस्था बिर्सनु हुँदैन र घाँटी हेरी हाड निल्नुपर्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.१३ युद्ध

**युद्ध** कथा २०१३ साल जेठ महिनाको **मधुपर्क** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहको तेह्रौं कथाको रूपमा सङ्गृहीत रहेको छ । यस कथामा बाह्य रूपमा कुनै युद्ध नभए पनि पात्रका मनमा द्वन्द्व विधान गरिनुले 'युद्ध' कथाको शीर्षक सार्थक रहेको पाइन्छ ।

**युद्ध** कथामा उत्पल काठमाडौंमा जागिर खाँदै, पढ्दै गरेर बसेको हुन्छ । यही बसाइको क्रममा उत्पलको स्थानीय केटी प्रमिलासँग प्रेमविवाह हुन्छ । विवाहपश्चात् उनीहरू एकापसमा खुसीसाथ व्यापार गरेर बस्दछन् । थोरै समयमा नै व्यापारबाट अकल्पनीय ढङ्गले आर्थिक रूपमा प्रगति गरेको उत्पल एक दिन लागूऔषध काण्डमा जेल पर्छ र प्रमिला एक्लो जीवन बिताउन बाध्य हुन्छे । उत्पलको जेल जीवनपश्चात् प्रमिलालाई

उत्पलको साथी पुरुषले सहयोग गर्छ । प्रायशः पुरुष प्रमिलाको कोठामा आउने-जाने, सर-सहयोग गर्ने गर्छ । समयक्रमसँगै लोग्नेसँगको विछोड र पुरुषसँगको सान्निध्यताले प्रमिला पुरुषसँग लहसिँदै गएकी हुन्छे । आफ्नो लोग्नेलाई जेलजीवनबाट मुक्त गराउन धेरै लागिपरे पनि ऊ कुनै जेलबाट छुटने आशा नदेखेकी प्रमिला जैविक आवश्यकता ठान्दै पुरुषसँग शारीरिक सम्पर्कमा लागेपछि ऊ गर्भवती पनि हुन पुग्छे । आफ्नो बढ्दो गर्भसँगै अर्को ठाउँमा कोठा लिएर पुरुषसँग नयाँ जीवन बिताउन जाने तयारी भएकै बेलामा अचानक उत्पल जेलबाट फर्कन्छ, प्रमिला खङ्ग्रङ्ग हुन्छे र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा पूर्वदीप्तिको माध्यमले कथानक प्रस्तुत गरिएकाले वृत्ताकारीय कथानक ढाँचा रहेको छ । यस कथाले सामाजिक यथार्थ र यौन मनोविज्ञानलाई कथानकको स्रोत बनाएको छ । कथात्मक सघनता रहेको यस कथाको सुगठित कथानक रहेको छ । यो खुला अन्त्ययुक्त कथानक भएको कथा हो ।

प्रस्तुत कथामा सम्पूर्ण घटनाक्रमलाई अगाडि बढाउँदै लैजाने प्रमिला प्रमुख पात्र हो भने पुरुषोत्तम, उत्पल सहायक र प्रमिलाको दाजु, भाउजू, मीना आदि गौण पात्र हुन् । स्वभावका आधारमा जैविक आवश्यकतास्वरूप परपुरुषसँग पनि सम्पर्क बढाउने प्रमिला गतिशील र गोलो पात्र हो । पतिव्रता धर्मको उल्लङ्घन गरी परपुरुषसँग सल्किएकी प्रमिला प्रतिकूल र यथार्थ पात्र हो । त्यस्तै आसन्नताका आधारमा प्रमिला, पुरुषोत्तम, उत्पल आदि मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**युद्ध** कथामा उत्पल र पुरुषोत्तम दुवै बाहिरी जिल्लाबाट आएर काठमाडौंमा बसेका छन् भने प्रमीला काठमाडौंकी स्थायी वासिन्दा हो । यहाँ उत्पल र पुरुषोत्तम दुवैजना अध्ययनको सिलसिलामा आएका हुन्छन् । पछि गएर उत्पल र प्रमिलाको विवाह हुन्छ र उनीहरू व्यापार व्यवसाय गरेर बस्छन् । यसरी यी सबै प्रमुख पात्रहरूको कार्यक्षेत्र काठमाडौं नै भएकाले यस कथामा मूलतः काठमाडौंको सहरिया परिवेश विधान गरेको पाइन्छ ।

प्रस्तुत कथामा कथाकारले सीमित दृश्य एवम् पात्रका मानसिकजगत्मा विचरण गरेका छन् । त्यस्तै कथामा देखापरेका अन्य घटनाक्रमहरूलाई बाह्य तथा सतही रूपमा मात्रै वर्णन गरिएको छ । यसरी कथाकार कथानक बाहिर बसेर सीमित पात्रका बाह्य क्रियाकलाप तथा आन्तरिक मनोजगत्मा विचरण गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

कथाकारले कथामा सरल, सरस तथा बोधगम्य भाषाशैलीको प्रयोग गरेका छन् । वर्णनाधिक्य भएको यस कथामा मध्यमवर्गीय पात्र सुहाँउदा भाषाशैलीको प्रयोग गरेका छन् । स्तरीय लेख्य भाषाको प्रयोग गरिएको यस कथामा यौनका पराकाष्ठालाई कलात्मक भाषामा शिष्ट र मर्यादित ढङ्गले प्रस्तुत गरिएको छ । त्यस्तै कथामा अनुकरणात्मक स्रोतका छक्क, दिक्क, थचक्क र अङ्ग्रेजी आगन्तुक स्रोतका कोर्टमेरिज, ड्रेसिङ-टेबुल, मेक-अप, एम.ए., बी.ए., नर्सिङहोम, सरप्राइजजस्ता शब्दहरूको पनि प्रयोग गरिएको छ ।

**युद्ध** कथामा प्रमिला प्रेमविवाह गरेर उत्पलसँग आउँछे । ऊ उत्पलसँग खुसी र सुखी हुन्छे । आफ्ना माइतीलाई छोडेर आउनु परेकोमा पनि उसलाई कुनै दुःख लागेको छैन । तर उत्पल लागूऔषध काण्डमा जेल पर्छ । उत्पल जेल परेपछि उ आफ्नो जीवनको आस्था र आधार हो भन्ने मनमा हुँदा-हुँदै पनि यौनलाई जैविक आवश्यकता ठानेर प्रमिला पुरुषोत्तमसँग सल्किन्छे । अतः मानिसमा आस्था, मर्यादा र आदर्शबोध भए पनि शारीरिक यौन भोकलाई दबाउन सक्दैन भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.३.१४ राप

**राप** कथा **बैंसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहमा सङ्गृहीत चौधौं कथा हो । यसको प्रकाशन पहिलो पटक यसै कथासङ्ग्रहमा भएको हो । यस कथामा लोग्नेसँगको विछोडले चिसिएकी सरला कुमारसँग सान्निध्य सम्बन्ध राखी यौनगत रूपमा रापिँदै जानुले कथाको ‘राप’ शीर्षक सार्थक भएको पाइन्छ ।

**राप** कथामा सुदीप जेठी श्रीमती सरलालाई छोडेर कान्छी श्रीमतीसँग बसेको छ । दुई बर्षसम्म लोग्नेसँग बिछोडिनु पर्दा सरलामा साह्रै नैराश्य छाएको हुन्छ । गाउँ- घरमा सरलाकै कारण सुदीपले अर्की श्रीमती ल्याएको भन्छन् भन्ने सुनेपछि ऊ त्यति घर बाहिर पनि जाँदिन । एक दिन सरला आफ्नै घरको झ्यालमा पीठ फर्काएर बसिरहेको बेलामा घर अगाडिको लुगासिउने कुमारले हेरिरहेको देखेर उसलाई रीस उठ्छ । सरला एक्लै के-के भन्दै बर्बराउँछे यत्तिकैमा कुमार ऊसँग केही पैसा सापटी माग्न आउँछ तर सरला पैसा नदिई पठाउँछे । हिजो आज भने सरला दिनमा दुईतीन पटक कुमारलाई हेरिरहन्छे । अचानक एक दिन उसले कुमारलाई बोलाएर पैसा सापटी दिएर पठाउँछे । उसलाई कुमारसँग नजिकिन मन लाग्छ उससँग छोइन मन लाग्छ त्यसैले उसलाई घरमै बोलाएर लुगाको नाप लिन लगाउँछे ।

यसरी कुमारप्रति आकर्षित भएकी सरला एक दिन राती ११ बजे मनमा अनेक इच्छा पाल्दै कुमारको कोठामा जाँदा ऊसँग आफ्नै घरमा काम गर्ने 'सानी' बसेको थाहा पाएर खङ्ग्रङ्ग हुन्छे र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा कुमारकी श्रीमती पोइल गएको थाहा पाउनु कथानकको आदि भाग, कुमारलाई बोलाएर लुगाको नाप लिनुदेखि कुमारको कोठामा सरला राती जानुसम्म मध्य भाग र त्यहाँ कुमारसँग सानी रहेकी थाहा पाउनु कथानकको अन्त्य भाग हो । प्रस्तुत कथा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचामा आबद्ध रहेको छ । यसमा सामाजिक यथार्थमा आधारित रागात्मक सौन्दर्ययुक्त कथानकको चयन गरिएको छ । कथामा प्रमुख चरित्र सरलाका माध्यमबाट मूलतः दमित नारी यौनकुण्ठालाई देखाइएको छ । यसमा कथात्मक सघनता त्यति देखिँदैन ।

प्रस्तुत **राप** कथामा सरला प्रमुख स्त्री पात्र हो भने सरलाको ससुरा, कुमार सहायक पुरुष र सानी, सुदीप, छोरो, सासू आदि गौण पात्र हुन् । स्वभावका आधारमा हेर्दा लोग्नेले छोडेपछि कुमारसँग लहसिएकी सरला गतिशील र गोलो पात्र हो । ऊ आफ्नो मनको कुरा फ्याट्ट व्यक्त नगर्ने अन्तर्मुखी र सौता ल्याउने लोग्नेको पनि भलो नै सोच्ने अनुकूल पात्र हो । त्यस्तै जीवनचेतनाका आधारमा ऊ व्यक्तिगत पात्र हो । त्यस्तै आसन्नताका आधारमा सरला, सरलाको ससुरा, कुमार आदि मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

सुदीप बुबाको आग्रह नाघ्न नसकेर सरलासँग विवाह गर्छ भने सरला सुदीपले सौता हाले पनि केही गर्न सक्ने स्थितिमा छैन । सरला आफ्नो हक अधिकारलाई थाती राखेर आफ्नो छोराकै मायाले भए पनि घर आए हुन्थ्यो भन्ठान्छे । यसरी बुबाको कुरा छोराले नाघ्न नसक्ने र लोग्नेका विरुद्ध श्रीमती जान नसक्ने ग्रामीण, साँस्कृतिक र पारिवारिक परिवेशको सजीव चित्रण यस कथामा छ । त्यस्तै सरला नारी पात्रका पृष्ठभूमिमा उसमा अन्तर्निहित यौन भोकले पीडित रागात्मक परिवेशको पनि चित्रण गरिएको छ ।

कथाकारले **राप** कथामा सरलाको क्रियाकलापलाई विस्तृत रूपमा प्रस्तुत गरेका छन् । सरलाका मनमा उठेका उहापोह तथा यौनेच्छाजस्ता कुराहरूको वर्णनका लागि नै अन्य घटनाक्रमहरूको विन्यास गरिएको झैं लाग्दछ । यसरी अन्य पात्रको तुलनामा एकै पात्रमा केन्द्रित भई कथानकभन्दा बाहिर बसेर कथा प्रस्तुत गरिएकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत **राप** कथामा पात्रका स्तरअनुसारको सरल, सरस र बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यसमा पाठ्यप्रधान लेख्य भाषाको प्रयोगाधिक्य रहेको छ । कथामा

यौनको पराकाष्ठालाई कलात्मक र शिष्ट भाषाशैलीमा प्रस्तुत गरिएको छ । त्यस्तै क्यासेट, बैङ्क, मेजर जस्ता आगन्तुक स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको छ । मूलतः तत्सम तथा आगन्तुक स्रोतका सहज शब्दावलीको उपयोग गरिएकाले कथाको भाषाशैली बोधगम्य बन्न पुगेको छ ।

कथाकारले **राप** कथामा सुदीपले दोस्रो विवाह गरेकाले सरलामा देखापरेको समस्याका साथै सरला, कुमार र सानीबीचको अर्न्तसम्बन्धलाई प्रस्तुत गरेका छन् । यहाँ लोग्नेले छोडेर बसेकी सरला कुमारसँग आकर्षित भएकी छ भने श्रीमती पोइल गएको कुमारले सानीबाट आफ्नो यौनभोक मेटाएको पाइन्छ । यसरी हेर्दा मूलतः बहुविवाहले ल्याएको समस्या र मानिस प्रकृतिसुलभ यौन क्रियाकलापभन्दा अलग रहेर आदर्शमा मात्र बाँच्न सक्दैन भन्ने देखाउनु नै यस कथाको सारवस्तु रहेको पाइन्छ ।

## ४.३.१५ रेणु दिदीको लोग्ने र एकपाटो जिन्दगी

**रेणु दिदीको लोग्ने र एकपाटो जिन्दगी** कथा २०४८ साल असोज महिनाको **गरिमा** साहित्यिक मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो **बैँसको आकाश** (वि.सं. २०५६) कथासङ्ग्रहको अन्तिम वा पन्ध्रौं कथाको रूपमा रहेको छ । यसक कथामा रेणुदिदीको लोग्नेसँग मुनाले आफ्नो विवाहपूर्व शारीरिक सम्पर्क गरी बिताएको जीवनको एक पाटोलाई सङ्केत गरिएकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**रेणु दिदीको लोग्ने र एकपाटो जिन्दगी** कथामा रेणुको श्रीमान् प्रमोद र मुनाको बुबा एउटै अफिसको कर्मचारी हुन्छन् । उनीहरू मुनाकै घरमा बसे पनि मुना रेणुदिदीलाई मनपराउँछे तर प्रमोदलाई भने स्वभावैले मनपराउँदिन । उसलाई प्रमोद अल्लारे, चञ्चले, उरन्ठेउलो ठिटो जस्तो लाग्छ । मुना रेणु दिदी भएको बेलामा भने बाध्यताबस पनि जाने गर्छे । समय परिवेशले गर्दा हिजोआज मुनालाई प्रमोदप्रतिको नकारात्मक धारणाहरू धेरै कम हुँदै जान्छ । ऊ कहिलेकाहीँ एक्लै भएको बेलामा मुनासँग जिस्कन्छ । यसरी समयक्रमसँगै निकट भएको प्रमोदले एक दिन मुना आफ्नो कोठामा आएको मौका पारेर सम्भोग कार्य गर्छ । अनायास निकट बनेका मुना र प्रमोदबीचको यस प्रणयात्मक सम्बन्धपछि प्रमोदले मुनाको विवाहका लागि आफ्नै साथी वसन्तसँग कुरा मिलाउँछ र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा प्रमोद मुनाको घरमा बस्नु, मुनाले प्रमोदलाई मननपराउनु कथाको आदि भाग, रेणुदिदी सुत्केरी हुनु मध्य भाग र मुनको वसन्तसँग विवाहको प्रसङ्ग चल्नु कथाको अन्त्य भाग हो । यस कथामा आदि, मध्य र अन्त्यको रैखिक

कथानक ढाँचा रहको छ । नारी यौनमनोजगत्लाई पर्गेलिएको यस कथाले रागात्मक सौन्दर्यलाई कथानकको स्रोत बनाएको छ । यसमा क्षीण कथावस्तु भएको सुगठित कथानक रहेको छ । यस कथामा प्रमोद जीवनलाई भोगेर बिताउने र सुरु-सुरुमा मुना जीवनलाई आदर्शमा बिताउने पात्रका धारणाबीच आन्तरिक द्वन्द्व विधान गरिएको छ ।

**रेणु दिदीको लोग्ने र एकपाटो जिन्दगी** कथाको मुना प्रमुख पात्र हो भने रेणु दिदी, प्रमोद सहायक र मुनाकी आमा-बुबा, वसन्त आदि गौण पात्र हुन् । स्वभावका आधारमा पहिला-पहिला प्रमोदलाई मनपराए पनि पछि उसैको निकट भएकी मुना गतिशील र गोलो पात्र हो । प्रवृत्तिका आधारमा ऊ प्रतिकूल र अन्तर्मुखी स्वभावको पात्र हो । त्यस्तै मुना, रेणु, प्रमोद आदि मञ्चीय तथा बद्ध पात्र हुन् ।

प्रस्तुत कथामा जागिरका सिलसिलामा काठमाडौं आएको प्रमोद र मुनाको पारिवारिक सम्बन्ध र यसै परिवेशमा दुई परिवारबीच भए-घटेका घटनाक्रमहरूलाई देखाइएको छ । यहाँ प्रमोद र मुनाको परिवारबीचको सम्बन्ध मूलतः प्रमोद र मुनाको आन्तरिक गोप्य सम्बन्धलाई प्रस्तुत गरिएको छ । यसरी एउटा सहरमा परिवारसहित बसेका सहरिया पारिवारिक परिवेशको चित्रण कथामा गरिएको छ ।

कथाकारले 'रेणु दिदीको लोग्ने र एकपाटो जिन्दगी' कथामा मुनाको मनमा जागृत भएका उतार-चढाव र अचेतनको यौनेच्छालाई मूल रूपमा प्रस्तुत गरेका छन् । यही मूल कथानकको पृष्ठपोषण स्वरूप अन्य प्रसङ्ग आए झैं लाग्दछ । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानकभन्दा बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा कथाकारले क्लिष्ट र कलात्मक भाषाशैलीको प्रयोग गरे पनि संवादका क्रममा भने बोधगम्य भाषाशैलीको प्रयोग गरेका छन् । सहरिया पात्र सुहाउँदा नआइस्योस,जिस्किन खोजिसिन्छ जस्ता उच्चआदरार्थी भाषाका साथै पाइन्ट, ब्रेसियर, प्यान्टी, अन्डरवियर,हाफपाइन्टजस्ता आगन्तुक स्रोतका र अर्धनग्न, नितम्ब, कटिप्रदेश, वक्षस्थल, जानुखण्ड, दुकूलजस्ता तत्सम स्रोतका शब्दहरू प्रशस्तै प्रयोग गरेको पाइन्छ । त्यस्तै कथामा यौनको पराकाष्ठालाई कलात्मक तथा शिष्ट ढङ्गले प्रस्तुत गरिएको छ ।

हरेक मानिसले आफूमा रहेको कामवृत्तिलाई दबाएर राखेको हुन्छ । मानिसहरू सामाजिक र पारिवारिक मर्यादा कायम राख्न कामवृत्तिप्रति लज्जा प्रकट गर्छन् । तर यदी समय र परिवेश अनुकूल भएमा मानिस अचेतनदेखि नै कामक्रिडाबाट अलग रहेर बस्न

चाहँदैन र अन्तत्वगत्वा जीवन कामभोग गरेर नै बिताउन चाहन्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.४ 'दोस्रो प्रहर' कथासङ्ग्रहका कथाहरूको विश्लेषण

कथाकार बाबा न्यौपानेको **दोस्रो प्रहर** कथासङ्ग्रह वि.सं. २०६२ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो । यो उनको दोस्रो कथासङ्ग्रह हो । यसमा न्यौपानेका नौवटा कथाहरू सङ्गृहीत रहेका छन् । यस सङ्ग्रहका नौ वटा कथाहरू मध्ये तीन-तीन वटा गरी जम्मा ६ वटा कथाहरू **मधुपर्क**, र **समकालीन साहित्य** पत्रिकामा, दुईवटा **गरिमा** पत्रिकामा र एउटा कथा **मिर्मिरे** पत्रिकामा प्रकाशित भएको देखिन्छ । यसरी फुटकर रूपमा पूर्वप्रकाशित कथाहरू समेटिएको यस सङ्ग्रहमा रहेका कथाहरूको विश्लेषण क्रमिक रूपमा यसप्रकार गरिएको छ :

### ४.४.१ झेल

**झेल** कथा २०५४ साल जेठ महिनाको **मधुपर्क** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं. २०६२) कथासङ्ग्रहको पहिलो कथाको रूपमा रहेको छ । यस कथाको 'झेल' शीर्षकले कथामा भएको रहस्यात्मक जालझेलयुक्त कार्यलाई सङ्केत गरेकाले यस कथाको शीर्षक सार्थक रहेको पाइन्छ ।

**झेल** कथामा सुलोचनाको ठूलोबुबा मदनकाजीको मृत्यु भएकाले उसकी आमा कामिनी रोइरहेकी हुन्छे तर सुलोचना नरोइकन बसिरहन्छे । सुलोचना सानी छँदा बुबालाई आमा र ठूलोबुबा मिलेर घरनिकाला गरेको कुरा पूर्वदीप्तिका माध्यमले सम्झन्छे । आफू ठूली हुँदै गएपछि आमा र ठूलोबुबाबीच अनैतिक सम्बन्ध रहको कुरा पनि थाहा पाउँछे । ठूलो बुबाको मृत्युपश्चात् पनि आफ्नै कार्यालयमा काम गर्ने कर्मचारी मधुकरलाई केही सम्पत्ति दिने प्रलोभनमा आफ्नो यौन भोक मेटाउने साधन बनाउन खोज्छे । तर पछि विविध समस्या आइपर्ने खतरा देखेर मधुकर जागिरै छोडेर भाग्छ र यहीँ कथाको अन्त्य हुन्छ । प्रस्तुत कथा पूर्वदीप्तिको प्रयोगले वृत्ताकारीय कथानक ढाँचामा आबद्ध भएको पाइन्छ । कथामा प्रयुक्त घटनाक्रमलाई हेर्दा यस कथाले सामाजिक यथार्थमा आधारित यौनमनोजगत्लाई कथानकको स्रोत बनाएको पाइन्छ । यहाँ पूर्वदीप्तिको प्रसङ्गमा ठूलोबुबाले सुलोचनाको बुबालाई पिट्नु जस्ता कुराहरू बाह्य द्वन्द्वको रूपमा देखापरेका छन् । कथामा ठूलोबुबा र कामिनीको

प्रसङ्ग, बुबालाई घरनिकाला गरेको प्रसङ्ग तथा मधुकरसँग कामिनीले बढाएको सम्बन्धजस्ता प्रसङ्गलाई हेर्दा यस कथामा सघन कथावस्तुको प्रयोग गरेको देखिन्छ ।

प्रस्तुत **झेल** कथामा सम्पूर्ण घटनाक्रमलाई बढाउने सुलोचना र कामिनी प्रमुख स्त्री पात्र हुन् भने मधुकर सहायक पुरुष र मदनकाजी, विक्रम आदि गौण पुरुष पात्र हुन् । स्वभावका आधारमा हेर्दा आफ्नो लोग्ने हुँदा हुँदै परपुरुषसँग लहसिएर घटनाक्रमलाई नै रोचक बनाउने कामिनी गतिशील र गोलो पात्र हो । ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत र प्रवृत्तिका आधारमा प्रतिकूल पात्र हो । त्यस्तै आसन्नताका आधारमा कामिनी, सुलोचना, विक्रम, मधुकर आदि मञ्चीय पात्र हुन् ।

मदनकाजी साथीहरूसँग मिलेर ठेक्का र आपूर्तिको काम गर्थ्यो । ऊ आफ्नो कार्यक्षेत्रमा सफल र आर्थिक रूपले सम्पन्न थियो । उसको घरमा फुर्सदको समयमा थकान मेटाउने रिल्याक्स रुमको व्यवस्था रहेको छ । जहाँ ऊ विभिन्न पेयपदार्थको साथमा टोलाउने गर्थ्यो । यसरी कथामा प्रस्तुत गरिएको पात्रको कार्यक्षेत्र, जीवनशैली, पारिवारिक अवस्था आदिलाई नियाँल्दा यस कथामा विकसित सहरिया परिवेशको चित्रण गरेको पाइन्छ । त्यस्तै कथामा कामिनीमा अन्तर्निहित भोगवादी प्रवृत्तिले रागात्मक परिवेशको पनि सिर्जना गरेको छ ।

कथाकारले कथामा रहेका पात्रहरूका मानसिक जगत्को विचरण गर्दै उनीहरूद्वारा विकसित भएका सबै घटनाक्रमहरूलाई पनि समान रूपले प्रस्तुत गरेका छन् । कामिनी, सुलोचना लगायत पात्रहरूको घटनाक्रमलाई कथानकभन्दा बाहिरै बसेर प्रस्तुत गरेका छन् । यसरी कथानक भन्दा बाहिर बसेर सबै पात्रका मानसिक तथा बाह्य क्रियाकलापको वर्णन गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सर्वदर्शी दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

प्रस्तुत **झेल** कथामा पात्रका स्तरअनुसारको भाषाशैलीको प्रयोग गरिएको छ । सुलोचनाको उच्चवर्गीय परिवारमा उसले उच्च आदरार्थी भाषाको प्रयोग गरेको पाइन्छ । जस्तैः 'मुँवा आइसिने बेला भो', 'मन्दिर गैस्या छ' आदि । कथामा कथानक प्रस्तुतिका क्रममा वर्णनात्मक तथा मनोवाद शैलीको प्रयोगाधिक्य रहेको छ । त्यस्तै यौन भोगको चरमरूपलाई कलात्मक भाषाशैलीको प्रयोग गरी शिष्ट ढङ्गले प्रयोग गरिएको छ ।

यस कथामा कथाकारले समाजमा रहेका मानिसहरूको भ्रष्ट आचरणलाई प्रस्तुत गरेका छन् । आफ्नो अस्तित्व र पहिचानलाई पैताला मुनि राखेर समाजमा लुकीचोरी गर्दै आएका अनैतिक कार्यलाई देखाएका छन् । मदनकाजी र कामिनीबीच रहेको जेठाजू र बुहारीबीचको यौनसम्बन्धले यहीँ कुरालाई पुष्टि गर्छ । यसरी समाजका मानिसहरूको

चरित्रलाई उदाङ्गो पारी उनीहरू विकृत र विसङ्गत बन्दै गइरहेका छन् भन्ने देखाउनु नै यस कथाको सारवस्तु रहेको पाइन्छ ।

## ४.४.२ नहारिएको युद्ध

**नहारिएको युद्ध** कथा २०५५ साल कात्तिक महिनाको **मधुपर्क** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं. २०६२) कथासङ्ग्रहको दोस्रो कथाको रूपमा रहेको छ । यस कथामा लता आफ्नो लोग्नेलाई थाहा नदिई परपुरुष वसन्तसँग जीवन बिताउने गरी अँगालिन जान्छे तर उसको अस्वीकारोक्तिपछि पुनः लोग्नेसँगै बस्न सफल भएकीले लताको पक्षबाट कथाको शीर्षक 'नहारिएको युद्ध' सार्थक रहेको छ ।

**नहारिएको युद्ध** कथामा लता सानैदेखि चञ्चल स्वभावकी हुन्छे । ऊ आफ्नो जीवनसाथी पनि अलि गतिलो नै परोस अन्यथा जीन्दगी पूरै भान्से बाहुनी बनेर बिताउनु पर्ने कुरा गर्छे । तर विवाहपछि लताको श्रीमान् गमदारी तथा तारुण्य चञ्चलताबाट पर रहने खालको हुन्छ । ऊ श्रीमान्लाई चञ्चले, अलि ठट्यौले पाराको बनाउन जिस्किने,आफूप्रति आकर्षित गर्ने कार्य गर्दछे । अनेक प्रयासपछि पनि लोग्नेमा बैँसालु चञ्चल स्वभाव नआएकाले लता आफ्नो  पूर्वप्रेमी वसन्तसँग घरजम गर्ने सुरले माइत आउँछे । माइत आएर बसन्तसँग भेटेर कुरा गर्दा ऊ आफ्नो विवाह पुष्पासँग गर्ने कुरा बताउँछ । वसन्तले लतालाई विवाह गर्न अस्वीकार गरेपछि ऊ पुनः आफ्नै लोग्ने विपिनसँग रमाउन खोज्छे र यहीँ कथाको अन्त्य हुन्छ । प्रस्तुत कथामा लताले क्याम्पस पढ्नु कथानकको आदि भाग, लताको विवाह हुनु र लोग्नेबाट असन्तुष्ट भइ वसन्तलाई अँगाल्न जानु मध्ये भाग र वसन्तले लतालाई अस्वीकार गर्नु, लताले लोग्नेलाई फोन गर्नु कथानकको अन्त्य भाग हो । यसरी प्रस्तुत कथा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचामा आबद्ध भएको पाइन्छ । यस कथामा सामाजिक यथार्थलाई कथानकको स्रोत बनाइएको छ । त्यस्तै लोग्नेसँग असन्तुष्ट नारी यौनेच्छालाई देखाइएको यस कथाको कथावस्तु क्षीण रहेको छ ।

प्रस्तुत **नहारिएको युद्ध** कथामा लता प्रमुख स्त्री पात्र हो भने विपिन र वसन्त सहायक पुरुष पात्र र चपला, बुबा, पुष्पा,आमा आदि गौण पात्र हुन् । स्वभावका आधारमा आफ्नो प्रेमी छोडेर विपिनसँग र पुनः विपिनसँग चित्त नबुझेर पूर्वप्रेमी वसन्तसँग नै जान खोजेकी लता गतिशील र गोलो पात्र हो । ऊ जीवनचेतनाका आधारमा व्यक्तिगत र

प्रकृतिका आधारमा लोग्नेप्रति नै सकारात्मक बनेकी अनुकूल पात्र हो । त्यस्तै आसन्नताका आधारमा लता, विपिन, वसन्त मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

लता विवाहपूर्व माइतमा बसेर विश्वविद्यालय पढ्दै गरेकी हुन्छे । उसको विवाह जागिरे युवक विपिनसँग हुन्छ, जसलाई सम्बोधनका क्रममा लता उच्चआदरार्थी भाषाको प्रयोग गर्छे । यसरी प्रस्तुत प्रसङ्गलाई हेर्दा कथाकारले कथामा सहरिया परिवेशको चयन गरेको पाइन्छ भने प्रसङ्गकै क्रममा चन्द्रनिगाहपुरको ग्रामीण परिवेशको पनि उल्लेख गरिएको छ ।

कथाकारले **नहारिएको युद्ध** कथामा लताको चञ्चलता, अन्तर्यौनेच्छायुक्त मनोजगत् र बाह्य क्रियाकलापको वर्णन गरेका छन् । अन्य पात्र तथा घटनाक्रमहरूको वर्णन सामान्य र सतही रूपमा गरेका छन् । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानकभन्दा बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत **नहारिएको युद्ध** कथामा सरल, सरस तथा पात्रका स्तर अनुसारका स्तरीय भाषाशैलीको पनि प्रयोग गरिएको छ । लताले प्रयोग गरेको उच्च आदरार्थी भाषाशैलीले यही कुराको पुष्टि गर्दछ । जस्तै- 'टाउको फोरिदिस्योस न', 'लखेटिस्योस न' आदि । कथामा 'कामकुरा एकातिर कुम्लोबोकी ठिमीतिर' जस्ता उखानादिको प्रयोगले भाषाशैलीगत मिठास थपिएको छ । त्यस्तै वर्णनात्मक शैलीको प्रबलता रहेको यस कथामा युनिभर्सिटी,मेकअप, रिजर्व,युज, मेसिन, अफिस, डाक्टर,टेलिफोन जस्ता आगन्तुक स्रोतका शब्दहरूको पनि प्रयोगाधिक्य रहेको छ ।

यस कथामा कथाकारले लता र विपिनलाई लोग्ने-स्वास्नीको रूपमा देखाएका छन् । लता आफ्नो लोग्ने विपिनबाट अपेक्षित रूपमा यौनसुख र आत्मीयता प्राप्त गर्न नसकेकीले ऊ लोग्नेलाई छोडेर वसन्तसँग जीवन बिताउने योजना बनाउँछे । अतः मानिस चरम यौनसुखको अनुभव गर्न चाहन्छ । यदी ऊ यसबाट बञ्चित हुनुपरेमा त्यसको प्राप्तिका लागि जस्तोसुकै कदम उठाउन पनि तयार हुन्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.४.३ बाई ऽऽमिस मारिया

**बाई ऽऽमिस मारिया !** कथा **मिर्मिरे** साहित्यिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं.२०६२) कथासङ्ग्रहको तेस्रो कथाको रूपमा रहेको

छ । यस कथामा प्रेम नेपालबाट, प्रीति भारतबाट र मारिया जर्मनबाट इटलीको टुरिन अन्तर्राष्ट्रिय केन्द्रमा एक कार्यक्रममा भेला भएका हुन्छन् । यही कार्यक्रम सकिएर फर्कने बेलामा विमानस्थलमा प्रेम र प्रीतिले मारियालाई विदाइ स्वरूप **बाईऽऽमिस मारिया !** भनेकाले यस कथाको शीर्षक सार्थक रहेको छ ।

**बाईऽऽमिस मारिया !** कथामा 'म' पात्र प्रेम नेपालबाट, प्रीति भारतबाट र मारिया जर्मनबाट इटलीको टुरिन अन्तर्राष्ट्रिय केन्द्रमा तालिमका लागि जम्मा भएका हुन्छन् । त्यहाँ प्रेम र प्रीतिबीच अलि गाढा सम्बन्ध बस्दछ । तर मारिया आएपछि प्रेम ऊसँगै लहसिन्छ । मारिया पनि प्रेमसँग साह्रै नजिकिन्छे । ऊ प्रेमलाई आफ्नो नेपाल बसाइका क्रममा भएका केही अविस्मरणीय दुःखद घटनाहरू सुनाउँछे । नेपाल बसाइ कै क्रममा विकसित केही घटनाक्रमका कारणले मारिया आफ्नो हुनेवाला लोग्ने ब्रुटनसँग पनि विछोडिन पुग्छे । यसरी ब्रुटनसँग पनि विछोडिनु परेकाले जैविक आवश्यकता स्वरूप मारियामा यौनेच्छापूर्तिको अभाव खड्कन्छ । मारिया प्रेमसँग यही आफ्नो यौनेच्छाको अभाव पूर्ति गरिदिन आग्रह गर्छे र प्रेमले उसको इच्छा पूरा गरिदिन्छ तर प्रेम मारियासँग बढी लहसिएकाले प्रीति दुःख मान्छे तथापि प्रेम र प्रीतिबीच गाढा सम्बन्ध रहेकाले उनीहरू तालिम सकिनासाथ नेपाल फर्कन्छन् र यही कथाको अन्त्य हुन्छ । प्रस्तुत कथा वर्तमानमा बसेर भूतकालिन क्रियापदमा वर्णित वृत्ताकारीय कथानक ढाँचा भएको कथा हो । यसमा यथार्थमूलक अनुभवमा आधारित बन्द अन्त्य भएको कथानक चयन गरिएको छ । यस कथाको कथानक सघन कथात्मकताका कारणले सुगठित बनेको छ । त्यस्तै यस कथामा मारिया र ब्रुटनबीचको झगडा बाह्य द्वन्द्वको रूपमा देखापरेको छ ।

प्रस्तुत **बाईऽऽमिस मारिया !** कथामा घटनाक्रमलाई अगाडि बढाउने 'म' पात्र प्रेम र मारिया प्रमुख पात्र हुन् भने प्रीति र ब्रुटन सहायक र लाक्पा, क्यासलर आदि गौण पात्र हुन् । स्वभावका आधारमा समयानुसार जोसँग पनि लहसिने प्रेम र मारिया गतिशील र गोला पात्र हुन् । जीवनचेतनका आधारमा दुवै वर्गीय तथा यथार्थ पात्र हुन् । प्रवृत्तिका आधारमा आफ्नै मार्गमा हिड्न पुगेका प्रेम र प्रीति अनुकूल पात्र हुन् । त्यस्तै आसन्नताका आधारमा प्रेम, प्रीति र मारिया मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

प्रेम, प्रीति र मारिया सबैजना इटलीको टुरिन अन्तर्राष्ट्रिय केन्द्रमा तालिमका लागि भेला भएका हुन्छन् । कथाका सम्पूर्ण घटनाक्रमहरू यही तालिममा आउँदादेखि तालिम सकेर टुरिनबाट फर्कदासम्ममा सकिन्छ । त्यस्तै मारियाले पूर्वदीप्तिको माध्यमले नेपालको

काठमाडौं र हिमाली क्षेत्रलाई पनि प्रस्तुत गरेकी छे । यसरी हेर्दा कथाकारले कथामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकसित सहरिया परिवेशको चित्रण गरेका छन् ।

कथाकारले **बाईऽऽमिस मारिया !** कथामा 'म' पात्र प्रेमद्वारा कथानक प्रस्तुत गरेका छन् । कथा प्रेमद्वारा प्रस्तुत गरिए पनि मूलतः कथा मारिया पात्रमा केन्द्रित भई अगाडि बढेको छ । यसरी कथाकारले कथानकभित्र बसेर 'म' पात्रद्वारा कथा प्रस्तुत गरी अर्को पात्रमा विशेष केन्द्रित रहेकाले यस कथामा प्रथम पुरुष शैलीको आन्तरिक परिधीय दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

प्रस्तुत 'बाईऽऽमिस मारिया' कथामा उच्च स्तरका पात्र विधान गरिए पनि सरल, सरस तथा बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । कथानकको प्रस्तुतिमा वर्णनात्मक शैलीको प्रयोगाधिक्य रहेको पाइन्छ । कथामा पाठ्यप्रधान लेख्य भाषाशैलीको सहज प्रयोग गरिएको छ । त्यस्तै कथामा आगन्तुक स्रोतका लन्च, कम्पाउन्ड, ड्राइभर, ग्रेजुयट, किलोमिटर, डाक्टर, होमसिकनेस, रोमान्टिक मुडजस्ता शब्दहरू तत्सम स्रोतका मृदुभाषी, धैर्य, स्नेह, हिंस्रक, निष्कृष्ट, प्रफुल्ल, मन्त्र, दुष्ट, कृतघ्न, घृणा जस्ता शब्दहरू र अनुकरणात्मक जुरुक्क, छक्क, पुलुक्क जस्ता शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ ।

**बाईऽऽमिस मारिया !** कथामा एउटी गर्भवती नारी मारिया आफ्नो गर्भमा हुर्कँदै गरेको बच्चालाई फाल्नुपर्छ भन्दा मान्दिन भने ब्रुटनले आफ्नी श्रीमती लाक्पासँग सल्किएको शङ्काले लाक्पालाई मारेर फालिदिन्छ । यसरी हेर्दा एउटी नारी कुनै पनि मूल्यमा आफ्नो गर्भलाई फाल्न चाहन्न भने एउटा पुरुष आफ्नी स्त्री अन्य परपुरुषसँग सल्किएको कुरा सुन्न मात्रै पनि सक्दैन । यदि यस्तो अवस्था आएमा सबैले आ-आफ्नो अस्तित्व रक्षाका लागि जस्तो कदम चाल्न पनि अग्रसर हुन्छन भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.४ महामाया र दोस्रो प्रहरको यात्री

**महामाया र दोस्रो प्रहरको यात्री** कथा २०५६ साल पुस महिनाको **मधुपर्क** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं. २०६२) कथासङ्ग्रहको चौथो कथाको रूपमा रहेको छ । यस कथाको शीर्षक नाम र सर्वनाम जस्ता शब्दहरू मिश्रित पदावलीको प्रयोगले बनेको छ । महामाया विवादित नारीको जीवनमा दोस्रो पटक अर्को एक पुरुषको आगमन भएको कुरालाई सङ्केत गरिएको यस कथाको शीर्षक सार्थक रहेको छ ।

**महामाया र दोस्रो प्रहरको यात्री** कथामा सुदर्शन दाजु-भाउजूसँग काठमाडौंमा बसेर पढ्दै गरेको हुन्छ तर भाउजू भने सुदर्शनलाई आफूले कमाएर पढाउनु परेकोमा असन्तुष्ट रहेकी हुन्छे । उसले बेला बेलामा सुदर्शनलाई तुच्छ वचन प्रयोग गरेर गालि गरेको सुदर्शन आक्कल झुक्कल सुनिहाल्थ्यो । यसरी आफू लाठे भएर पनि दाजु-भाउजूको आश्रय लिएर बस्नु परेको पीडाबोधले ऊ जागिर खान घर छोडेर हिँड्छ । जागिरे जीवनका सिलसिलामा ऊ धनराजको घरमा खाने बस्ने गर्छ । धनराजको घरमा श्रीमती र एक छोरी महामाया हुन्छे ।  महामाया लोग्नेले छोडेर माइत बसेकी हुन्छे । समयक्रमसँगै सुदर्शन महामाया र उसको परिवारसँग धेरै घुलमिल हुन्छ । सुदर्शन सोझो र असल युवक भएकाले धनराजको परिवारले केही धन सम्पत्ति दिने प्रलोभन देखाई महामायासँग विवाह गर्न आग्रह गर्छन र मौखिक रूपमा सुदर्शनले पनि सहमति जनाउँछ । यसपछि सुदर्शन दशैंमा घर जान्छ । घरमा जाँदा अप्रत्यासित रूपमा दाजु-भाउँजूले माया गरी राम्रो व्यवहार गरेकाले सुदर्शन महामायासँग विवाह गर्ने कि नगर्ने भन्ने दोधारमा पर्छ र यहीँ कथाको अन्त्य हुन्छ । प्रस्तुत कथमा पूर्वदीप्तिको प्रयोग गरेकाले वृत्ताकारीय कथानक ढाँचा रहेको पाइन्छ । यसमा लोग्नेले छोडेर बसेकी केटी विवाह गर्ने दोस्रो केटोलाई धन-सम्पत्तिको लोभ देखाउने सामाजिक यथार्थलाई कथानकको स्रोत बनाइएको छ । खुला अन्त्य भएको यस कथामा सुदर्शनको विवाह महामायासँग गर्ने पक्का भइसकेपछि पनि अझै विवाह गरौं कि नगरौं भन्ने आन्तरिक द्वन्द्वलाई सुदर्शनमार्फत प्रस्तुत गरिएको छ ।

प्रस्तुत  **महामाया र दोस्रो प्रहरको यात्री** कथामा सुदर्शन र महामाया प्रमुख पात्र हुन भने धनराजकी श्रीमती सहायक र धनराज, सुदर्शनको दाजु-भाउजू आदि गौण पात्र हुन् । स्वभावका आधारमा समयानुसार निर्णय लिने सुदर्शन गतिशील र गोलो पात्र हो । सुदर्शन त्यति धेरै नबोल्ने अन्तर्मुखी र जीवनचेतनाका आधारमा व्यक्तिगत यथार्थ पात्र हो । त्यस्तै आसन्नताका आधारमा सुदर्शन र महामाया मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

पहाडको सम्पत्ति बेचेर सुदर्शन र उसका दाजु-भाउजू काठमाडौं घर बनाएर बसेका छन् । तर सुदर्शन जागिरको क्रममा पहाडतिर गएर बस्छ भने समय-समयमा काठमाडौं पनि आउँछ । यसरी कथाकारले पहाडी र कतै-कतै काठमाडौंको सहरिया परिवेशको विधान गरेका छन् । त्यस्तै समाजमा परिवार भित्र भएको वैमनस्यतालाई देखाउने पारिवारिक परिवेशलाई पनि प्रस्तुत गरेका छन् ।

कथाकारले 'महामाया र दोस्रो प्रहरको यात्री' कथामा सुदर्शनका मनमा जागृत पीडाभाव, ईखको भाव लगायतका मनोजगत् र बाह्य घटनाक्रमलाई विस्तृत रूपमा प्रस्तुत गरेका छन् । सुदर्शनको मूल प्रसङ्गलाई पृष्ठपोषण गर्नलाई नै अन्य घटना प्रसङ्गहरूको सतही वर्णन गरिए झैँ लाग्दछ । यसरी अन्य पात्रको तुलनामा एकै पात्रमा केन्द्रित भई कथानकभन्दा बाहिर बसेर कथा प्रस्तुत गरिएकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा सरल, सरस तथा बोधगम्य भाषाशैलीका साथै कतै-कतै यौनको पराकाष्ठालाई वर्णन गर्दा कलात्मक भाषाशैलीको प्रयोग गरेको पाइन्छ । यस कथामा वर्णनात्मक लेख्य तथा न्यून रूपमा विचलनयुक्त भाषाशैलीको प्रयोग गरिएको छ । त्यस्तै कथामा हुटिङ्ग, न्याकिङ्ग, आइ.ए., बी.ए, टिभी,फेसन, पेइङ्गेस्ट जस्ता आगन्तुक स्रोतका, सङ्कोच, किञ्चित, चञ्चल, शून्य जस्ता तत्सम स्रोतका र पुलुक्क- पुलुक्कजस्ता अनुकरणात्मक स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको छ ।

सुदर्शन दाजु-भाउजूसँग बसेर पढ्दा भाउजू साह्रै रीस गर्छे । आफ्नै घरमा राखेर देवरलाई पनि आफ्नो कमाइले खुवाउनु र पढाउनु परेकाले उनीहरूमा असीमित डाह बढेको हुन्छ । तर सुदर्शनले जागिर खाएर कमाउन थालेपछि भने उनीहरू माया गर्न थाल्छन् । त्यस्तै लोग्नेले छोडेकी महामायाको दोस्रो विवाह गर्न केटालाई सम्पत्तिको लोभ देखाउनु परेको छ । यसरी नेपाली समाजमा नारीको दोस्रो विवाह गर्न समस्या हुने र कमाउन नसके परिवारबाट पनि हेपिनु पर्ने कुरालाई देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.५ सनातन, रुमानी र एउटा लहड-वृत्त

**सनातन, रुमानी र एउटा लहड-वृत्त** कथा २०६० साल जेठ महिनाको **गरिमा** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं. २०६२) कथासङ्ग्रहको पाँचौं कथाको रूपमा रहेको छ । यस कथामा सनातन र रुमानी सानैदेखिका साथी हुन्छन् । उनीहरूले उमेरको तारुण्यतासँगै लहै-लहैमा गरेको सम्भोग कार्यलाई सङ्केत गरेकाले यस कथाको शीर्षक 'सनातन, रुमानी र एउटा लहड-वृत्त' सार्थक रहेको छ ।

**सनातन, रुमानी र एउटा लहड-वृत्त** कथामा सनातन ८ वर्षको छँदा बुबाको निधन भएको र ९ वर्षको छँदा आमा पोइल गएकीले ऊ हजुरआमाको रेखदेखमा हुर्किएको हुन्छ । आफू सानो हुँदै आमा परपुरुषको गर्भधारण गरेर नाठोसँग पोइल गएकीले उसलाई धेरै

साथीहरूले जिस्काए पनि रुमानी मात्र एउटी साथी थिई जसले सनातनलाई सान्त्वना र हौसला प्रदान गर्दै आएकी हुन्छे । समयक्रमसँगै जीवनको तरुणावस्थामा आइपुग्दा रुमानीको विवाह हुने पक्कापक्की हुन्छ । त्यसैले एक दिन रुमानी आफ्नो विवाह अघि सम्झाउनी राख्नका लागि सनातनसँग शारीरिक काम्यकर्म गर्न खोज्छे तर सनातनको अस्वीकृतिले रुमानी असफल हुन्छे । रुमानी आफ्नो विवाहपश्चात् श्रीमान् काठमाडौं गएकाले पुनः माइत आउँदा सनातनको कोठामा जान्छे र विवाह अघि अधुरो रहेको काम्यकर्मलाई पूरा गर्छे । यसरी सनातन र रुमानीबीच प्रारम्भ भएका प्रणयात्मक सम्बन्धहरू पछिसम्म पनि निरन्तर रूपमा चलिरहन्छ तर पछिल्ला दिनमा आएर सनातनलाई मैले तिमीसँग जे-जस्तो कार्य गरैँ त्यो सामान्य जैविक आवश्यकता हो । तर यस्ता कार्यहरू सधैँ गर्नु हुन्न भन्दै रुमानी आफ्नो घर जान्छे र यहीँ कथाको अन्त्य हुन्छ । प्रस्तुत कथामा पूर्वदीप्तिको प्रयोगले वृत्ताकारीय कथानक ढाँचा रहेको पाइन्छ । यस कथाले सामाजिक यथार्थमा आधारित रागात्मक सौन्दर्यलाई कथानकको स्रोत बनाएको छ । यसमा कथात्मक सघनता भएको मुख्य र सहायक दुवै कथानकको विधान गरिएको छ । त्यस्तै कथामा परपुरुष तथा परस्त्रीसँगको समागम कति राम्रो र कति नराम्रो भन्ने धारणाबीच आन्तरिक द्वन्द्व विधान गरिएको छ ।

प्रस्तुत कथामा घटनाक्रमलाई अगाडि बढाउने सनातन र रुमानी प्रमुख पात्र हुन् भने हजुरआमा सहायक र सनातनकी आमा, रुमानीकी आमा, आदि गौण पात्र हुन् । स्वभावका आधारमा जैविक आवश्यकतानुसार रुमानीसँग प्रणयात्मक सम्बन्ध कायम राख्ने सनातन गतिशील र गोलो पात्र हो । ऊ त्यति धेरै नबोल्ने अन्तर्मुखी र जीवनचेतनाको आधारमा व्यक्तिगत यथार्थ पात्र हो । त्यस्तै आसन्नताका आधारमा सनातन र रुमानी मञ्चीय तथा आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

पहाडबाट तराई झरेर सनातन र उसका मामाहरू सँग-सँगै बसेका हुन्छन् । उनीहरूले तराईमा मूलतः खेतीमा विविधीकरण र कृषिजन्य उद्योगको काम गरेका छन् । त्यस्तै कथामा सनातन र रुमानीबीचको प्रणयात्मक सम्बन्ध पनि उत्तिकै प्रबल रूपमा देखापरेको हुन्छ । यसरी प्रस्तुत प्रसङ्गलाई हेर्दा कथाकारले तराईको ग्रामीण तथा उद्योगधन्दाले चर्चा पाइसकेको केही विकसित र मानवीय रागात्मक परिवेशलाई कथामा प्रस्तुत गरेको पाइन्छ ।

कथाकारले **सनातन, रुमानी र एउटा लहड-वृत्त** कथामा कथानक बाहिर बसेर सनातन र रुमानीको क्रियाकलाप तथा मनोजगत्को वर्णन गरेका छन् । उनले अन्य

घटनाको वर्णन सतही र प्रसङ्गवस मात्र गरेका छन् । यसरी कथाकारले सीमित पात्रमा केन्द्रित भई कथानक बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा सरल, सरस र कलात्मक भाषाशैलीको प्रयोग गरिएको छ । पात्रहरूले संवादका क्रममा कथ्य भाषाको पनि प्रयोग गरेका छन् । वर्णनाधिक्य रहेको यस कथामा यौनको पराकाष्ठालाई शिष्ट तथा मर्यादित ढङ्गले प्रस्तुत गरिएको छ । त्यस्तै कथामा श्रद्धा, दिवङ्गत, अभीष्ट, धर्मपत्नी, स्पर्श, कटाक्ष, परिष्कार, कृतज्ञ, वाचाल, सत्यव्रत जस्ता तत्सम स्रोतका शब्दहरूका साथै जिराही, पौगन्ड, कलेवर, अभ्यन्तर, केलिहरू, आह्लादपूर्ण, निहालजस्ता कलात्मक शब्दहरू पनि प्रशस्तै प्रयोग गरेको पाइन्छ ।

सनातन बुबाको मृत्युपश्चात् आमा पोइल गएकोमा आक्रोसित भए पनि पछि ऊ आफै रुमानीसँग प्रणयात्मक सम्बन्ध राख्न पुगेपछि भने ऊ आमा पोइल जानुलाई जैविक आवश्यकताको रूपमा लिन्छ । उसकी आमा जुन समस्याले पोइल गएकी हुन्छे त्यही समस्याले गर्दा रुमानी पनि सनातनसँग लुकी चोरी सम्बन्ध कायम राख्न पुग्छे । यसरी शारीरिक सम्पर्क एक जैविक आवश्यकता हो । यसलाई हानिरहित ढङ्गले प्रयोग गर्नु त्यति नराम्रो कार्य होइन भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.६ स्पर्श

**स्पर्श** कथा **समकालीन साहित्य** पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं. २०६२) कथासङ्ग्रहको छैटौं कथाको रूपमा रहेको छ । प्रस्तुत कथामा अविवाहित प्राध्यापिका मानसी समयक्रमसँगै ललितसरसँग नजिकिन पुगेकी हुन्छे भने आफ्नो विवाहको प्रसङ्ग चलेपछि दीपकसँग निकट बनेकी हुन्छे । यही निकटताको क्रममा दुई पुरुषसँग भएको तादात्म्य स्पर्शलाई सङ्केत गरेकाले यस कथाको शीर्षक 'स्पर्श' सार्थक रहेको छ ।

**स्पर्श** कथामा मानसी क्याम्पसको अविवाहित प्राध्यापिका हुन्छे । उसलाई विवाहको धेरै प्रस्तावहरू आए पनि अस्वीकार गरेर बसीरहन्छे । उसमा कुनै पुरुषप्रति आकर्षण छैन । ऊ आफ्नो तुलनामा सबै पुरुषहरूलाई कनिष्ठ ठान्छे तर क्याम्पसमा नयाँ ललितसर आएपछि एका-एक मानसी उसैसँग आकर्षित हुन्छे । ऊ सधैं ललितसरसँग बोल्ने उसैसँग बस्ने र कहिलेकाही उसको कोठामा पनि जाने गर्छे । अप्रत्यासित रूपमा आकर्षित भएकी मानसी ललितसरको ठट्यौलोपन, सुगठित शारीरिक बनोट देखेर लोभिन्छे । एक दिन

अनायासै क्याम्पसबाट ललितसरको कोठामै खाना खाने गरी ललितसर र मानसी दुवै जना जान्छन् । कोठामा पुगेपछि सिर्जित प्रणयमूलक वातावरणले गर्दा उनीहरू यौनकार्यमा लीप्त हुन पुग्छन् । मानसी ललितसरबाट अपेक्षा गरेको कुरा पूरा भएपछि खुसी हुन्छे । उनीहरू समय मिलाएर यस्ता कार्यहरूलाई पछि-पछिसम्म निरन्तरता दिन्छन् । मानसीले ललितसरबाट वैवाहिक जीवन एउटा अमूल्य अनुभवको क्रम हो, यसका लागि तिमीले विलम्ब गर्नु हुँदैन भन्ने सल्लाह पाएपछि मानसी दीपकसँग विवाहको लागि राजी हुन्छे । दीपकसँग विवाहको प्रसङ्ग तय भएपछि ऊ अपूर्व आनन्द महसुस गर्छे र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा मानसीलाई विवाहको प्रस्ताव आउनु कथानकको आदि भाग, कलेजमा ललितसर आउनु र ऊसँग मानसीले सुखभोग गर्नु मध्य भाग र मानसीले दीपकसँग विवाह पक्का गर्नु कथानकको अन्त्य भाग हो । यस कथामा आदि मध्ये र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यो समाज यौनमनोविज्ञानलाई कथानकको स्रोत बनाएको सुगठित कथा हो । यसमा बन्द अन्त्ययुक्त कथानकको प्रयोग गरिएको छ ।

प्रस्तुत कथामा मानसी प्रमुख स्त्री पात्र हो भने ललित,दीपक सहायक र मानसीकी आमा, ललितकी श्रीमती, विभागीय प्रमुख आदि गौण पात्र हुन् । स्वभावका आधारमा मानसी आवश्यकतानुसार ललितसरसँग यौन भोग गरेर पछि दीपकसँग विवाह तय गर्ने गतिशील र गोलो पात्र हो । प्रवृत्तिका आधारमा मानसी अनुकूल र आसन्नताका आधारमा मञ्चीय पात्र हो । त्यस्तै आबद्धताका आधारमा मानसी ललित र दीपक बद्ध पात्र हुन् ।

मानसी काठमाडौंमा विश्वविद्यालयको वनस्पतिशास्त्र विभागमा प्राध्यापिका रहेकी हुन्छे । यही विभागमा ललितसर पनि पाल्पाबाट अध्यापनका लागि आउँछन् । त्यस्तै मानसीको विवाह कम्प्युटर इन्जिनियर दीपकसँग गर्ने तय हुन्छ । यसरी प्रस्तुत प्रसङ्गलाई हेर्दा कथामा मूलतः काठमाडौंको शिक्षित सहरिया परिवेशको चयन गरिएको छ । त्यस्तै सामान्य रूपमा पाल्पा जिल्लाको ग्रामीण परिवेशको पनि चर्चा रहेको छ ।

**स्पर्श** कथामा कथाकारले मानसीको यौनेच्छा र बाह्य क्रियाकलापको वर्णन गरेका छन् । यहाँ अन्य घटना तथा पात्रको वर्णन सतही रूपमा र मानसीकै घटनाक्रमको पृष्ठपोषणका लागि गरेको देखिन्छ । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानक बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

प्रस्तुत कथामा कलात्मक भाषाशैलीको प्रयोग गरिएको छ । कथामा उखान-टुक्काको प्रयोगले भाषामा सरसता आए पनि कतै-कतै पात्रद्वारा प्रयोग गरिएका आलङ्कारिक भाषाशैलीले भने दुर्बोध्यता ल्याएको छ । त्यस्तै यस कथामा चिटिक्क, छक्क, मुसुक्क, पुलुक्कजस्ता अनुकरणात्मक स्रोतका, कलेज, सुटटाई, होटेल, कम्प्युटर इन्जिनियर, टेलिफोन, म्याडमजस्ता आगन्तुक स्रोतका र ललाम, हल्पि, निहाल, आमिष, अभ्यन्तरजस्ता क्लिष्ट शब्दहरू पनि प्रयोग गरिएका छन् ।

प्रस्तुत कथामा यौनलाई जैविक आवश्यकता र वैवाहिक सम्बन्धगत नाताको रूपमा प्रस्तुत गरिएको छ । मानिसहरू विवाहपछिको यौनसम्बन्ध पारिवारिक तथा सामाजिक मर्यादामा रहेर वैधानिकताका साथ कायम गरिरहेका हुन्छन् । तर अर्को पक्षबाट उनीहरू पारिवारिक मर्यादा विपरित गएर यौनभोक मेटाउनका लागि मात्रै पनि एकापसमा शारीरिक सम्पर्क कायम गर्छन् । यसर्थ यौन एक प्रकारले सम्बन्ध विस्तार र अर्कोप्रकारले यौनभोकको पूर्तिस्वरूप देखिने हुनाले सुरक्षित र मर्यादित ढङ्गले गरिने यौनसम्पर्क कुनै पनि त्यति नराम्रो होइन भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.७ कन्याग्रह

**कन्याग्रह** कथा २०६२ साल माघ महिनाको **गरिमा** मासिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं. २०६२) कथासङ्ग्रहको सातौं कथाको रूपमा रहेको छ । यस कथामा 'कन्या' र 'ग्रह' दुई पदको संयोजनबाट शीर्षक विधान गरिएको छ । यस कथाको नारी पात्र मनसाको मनमा हुनेवाला दुल्हाका बारेमा नकारात्मक सोच मात्र देखापर्छ  त्यसैले यो सबै कन्याग्रहको दोष हो भनेबाट कथाको शीर्षक सार्थक भएको पाइन्छ ।

**कन्याग्रह** कथामा मनसा र विधुर केटो मधुरको विवाहको कुरा चले पनि मनसाले मानेकी हुन्न । मनसा चार-पाँच वर्ष अर्कै आइमाइसँग जीवन बिताइसकेको र साथमा छोरी पनि भएकाले लोग्नेलाई भोग्न नपाउँदै आफू आमा बनेर जानु पर्ने मधुरसँग विवाह नगर्ने कुरा बताउँछे । तर आफ्नो उमेरले गर्दा घरमा आएको केटा फर्काउनु हुँदैन भनेर बुबाआमाले सम्झाएपछि मनसा एकपटक लमी मनोजसँग कुरा गर्न खोज्छे । मनोज मनसाकै भाइको साथी हुन्छ, जसलाई ऊ पटक्कै मनपराउँदिन । तथापि मनसा एकपटक मनोजसँग बसेर कुरा गर्छे । मनोजले मधुरको बारेमा मनसालाई राम्रोसँग सम्झाएपछि मनसा विवाहको लागि तयार हुन्छे । यसरी मनसालाई मधुरसँग विवाहको लागि तयार

बनाउन सफल भएको मनोजको यस घरमा अझै महत्त्व बढ्दै जान्छ । विवाहको लागि तयारी गर्नु पर्ने हतारो र मनसाको समेत निकट बन्न पुगेकाले मनोज निरन्तर आउने बस्ने गर्छ । यसै क्रममा एक दिन मनसा र मनोज एक्लै घरमा बसेका बेलामा उनीहरूबीच प्रणयात्मक सम्बन्धमा लिप्त हुन्छन् र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा मनसाले विवाहको प्रस्ताव अस्वीकार गर्नु कथानकको आदि भाग, मनसा मनोजसँग धेरै लहसिनु मध्य भाग र यी दुवै यौन सुखभोगमा लिप्त हुनु कथानकको अन्त्य भाग हो । यसरी कथामा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यो सामाजिक यथार्थलाई कथानकको स्रोत बनाएको सुखान्त कथा  हो । यसमा मनसाले विधुर केटो मधुरसँग विवाह गर्न नमान्दा उसलाई आमाले गालि गर्नु बाह्य द्वन्द्वको रूपमा आएको छ ।

प्रस्तुत कथामा मनसा र मनोज प्रमुख पात्र हुन् भने मनसाको बुबाआमा सहायक र प्रेम, मधुर आदि गौण पात्र हुन् । स्वभावका आधारमा मनसा गतिशील र गोलो पात्र हो पहिला-पहिला गमक्क परे पनि पछि-पछि खुलेर बोल्न थालेका मनसा र मनोज बहिर्मुखी र जीवनचेतनाका आधारमा व्यक्तिगत पात्र हुन् । त्यस्तै मनसा, मनोज, बुबाआमा आदि सबै मञ्चीय पात्र हुन् ।

कथाकारले कथामा प्रेमले व्यापारिक प्रतिष्ठानमा जागिर खाएको र मनसा आफ्नो घरको सुविधासम्पन्न माथिल्लो तलामा गएर बाथरुम भित्र नुहाएको देखाएका छन् । त्यस्तै कथामा मनसाको विवाहको समस्यालाई कथावस्तुको रूपमा प्रस्तुत गरेका छन् । यसरी प्रस्तुत प्रसङ्गहरूलाई हेर्दा यस कथामा सहरिया पारिवारिक परिवेश विधान गरेको पाइन्छ ।

**कन्याग्रह** कथामा कथाकारले मनसाको कुण्ठित यौनेच्छा र उसले प्रेमसँग देखाएको हाउभाउको वर्णन गरेका छन् । मनसा आन्तरिक रूपमा नै मधुरसँग विवाह गर्न नमानेको देखाउनु पनि विवाहपश्चात् मधुरबाट पूर्णरूपमा यौनसन्तुष्टि पाइँदैन कि भन्नेतर्फ सङ्केत गर्नु हो । त्यस्तै कथामा मनसा बाहेकका पात्र र अन्य घटनाहरूको त्यति धेरै वर्णन गरिएको छैन । यसरी कथाकार सीमित पात्रमा केन्द्रित भई कथानक बाहिर बसेर कथा प्रस्तुत गरेकाले यस कथामा तृतीय पुरुष शैलीको बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ ।

प्रस्तुत कथामा सरल, सरस तथा बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । यस कथामा कथाकारले कथा वर्णनका क्रममा लेख्य र संवादका क्रममा कथ्यका साथै विचलनयुक्त भाषाशैलीको पनि प्रयोग गरेका छन् । यसका साथै कथामा टेलर, टेबुल,

डिजाइन, फर्निचर, म्यागजिन, एजेन्ट, लिपिस्टिकजस्ता आगन्तुक स्रोतका गमक्क, धपक्क,खुरुक्कजस्ता अनुकरणात्मक स्रोतका जघनस्थल, वक्षस्थल,नितम्बस्थल, पुष्ट, वलिष्ठ, अटुटजस्ता तत्सम स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको पाइन्छ ।

'कन्याग्रह' कथामा मनसा पहिला-पहिला अन्तर्मुखी स्वभावकी र यौनकुण्ठाले पीडित भएकी हुन्छे । जब ऊ मनोजसँग खुलेर कुरा गर्ने र दमित यौनेच्छा पूर्ति गराउन थाल्छे तब उसमा नयाँ ताजगी र स्फूर्ति आउँन थाल्छ । यसरी मानिस शारीरिक तथा मानसिक रूपले कुण्ठित भएका सफलताको बाटोमा अगाडि बढ्न सक्दैन भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.४.८ एक चोटि फेरि

**एक चोटि फेरि** कथा २०५९ साल माघ-चैत्र महिनाको **समकालीन साहित्य** पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं.२०६२) कथासङ्ग्रहको आठौं कथाको रूपमा रहेको छ । यस कथामा एकपटक पुरुष पात्रको भ्रुण फालिसकेकी प्रकृतिले पुनः उसैलाई सम्भोगको लागि आग्रह गरेकाले यस कथाको शीर्षक एक चोटि फेरि  सार्थक रहेको छ ।

**एक चोटि फेरि** कथामा आफ्नो बुबासँगै काम गर्ने जीवनलाल काकाको छोरा पुरुषसँग सानैदेखि प्रकृतिको गाढा सम्बन्ध रहेको हुन्छ । बाल्यकालीन साथी पुरुषलाई प्रकृतिले पछि काठमाडौंमा नै भेट्टाउँछे । यस समयदेखि उनीहरू झनै निकट बनेका हुन्छन् । यस युवावस्थाको समयमा प्रकृतिको विवाह आकाशसँग हुने कुरा पक्कापक्की जस्तो भइसकेको हुन्छ तर पुरुषसँग निकट हुन पुगेकी प्रकृति पुरुषको गर्भधारण गर्न पुग्छे र हतार-हतार आमाछोरी मिलेर डाक्टरकहाँ गई गर्भपतन गराएर आउँछन् । गर्भपतन गराएपछि हलुका महसुस गरेर छतमा घाम तापेर बसेको बेलामा पुरुष आइपुग्छ र यसै समयमा प्रकृतिले आफ्नो सारा वृत्तान्त सुनाउँछे । त्यस्तै आफ्नो विवाह आकाशसँग हुन लागेकाले पहिला-पहिला हुने गरेका कार्यबारे कसैलाई नभन्न र आफूलाई पनि नभेट्न आग्रह गर्छे । तर प्रकृतिले आफ्नो विवाहपश्चात् पनि पुरुषलाई भेट्टाउँछे र एकपटक पुरुषको भ्रुण फालीसकेकी प्रकृति पुनः उसैसँग शारीरिक सम्पर्क गर्दछे र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा पूर्वदीप्तिको प्रयोग गरेकाले वृत्ताकारीय कथानक ढाँचा रहेको पाइन्छ । यस कथाले सामाजिक यथार्थमा आधारित यौनमनोविश्लेषणलाई कथानकको स्रोत बनाइएको

छ । त्यस्तै अव्यवस्थित कथानक विधान गरिएको यस कथामा प्रकृतिलाई आमाले गालि गर्नु बाह्य द्वन्द्वको रूपमा रहेको छ ।

प्रस्तुत कथामा घटनाक्रमलाई अगाडि बढाउने प्रकृति र पुरुषको प्रमुख पात्र हुन् भने आमा सहायक र आकाश, बाबा आदि गौण पात्र हुन् । स्वभावका आधारमा प्रकृति आकाशसँग विवाह हुने तय भए पनि पुरुषसँग सुखभोग गर्न पुगेकी गतिशील र गोलो पात्र हो । प्रवृत्तिका आधारमा ऊ अनुकूल र आसन्नताका आधारमा मञ्चीय पात्र हो । जीवनचेतनाका आधारमा प्रकृति व्यक्तिगत यथार्थ पात्र हो । त्यस्तै आबद्धताका आधारमा प्रकृति पुरुष दुवै बद्ध पात्र हुन् ।

कथाकारले कथामा प्रकृतिजस्ती सम्भ्रान्त परिवारकी छोरी र उसको दिनचर्याहरू प्रस्तुत गरेका छन् । यस कथाका पात्रहरू काठमाडौंमा बसेर विश्वविद्यालयमा स्नातकोत्तर तह अध्ययन गरिरहेका छन् । कथामा पात्रहरू सहरिया वातावरण तथा मूल्य-मान्यताहरूबाट प्रेरित भएर होला केही समयपछि आकाशसँग विवाह हुने पक्का हुँदा-हुँदै पनि पुरुषसँग सुखभोग गर्न पुगेका छन् । यसरी प्रस्तुत कथामा काठमाडौंको सम्भ्रान्त तथा विकसित सहरिया परिवेशको चित्रण गरेको  पाइन्छ ।

'एक चोटि फेरि' कथाका सम्पूर्ण कुराहरूको वर्णन गर्ने व्यक्ति प्रकृति केन्द्रीय पात्र हो । उसैले देखे-भोगेका वा अनुभवका आधारमा सबै घटनाहरूको वर्णन गरिएका छन् । यसरी कथाकार 'म' पात्रका रूपमा कथानक भित्र बसेर कथा प्रस्तुत गरेकाले यसमा प्रथम पुरुष शैलीको आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

प्रस्तुत कथामा सरल, सरस तथा बोद्यगम्य भाषाशैलीको प्रयोग गरिएको  छ । तथापि कथामा कतै-कतै कलात्मक, क्लिष्ट र विचलनयुक्त भाषाशैली पनि रहेको पाइन्छ । कथामा चटक्क, टुप्लुक्क, झ्ुलुक्क, फिसिक्कजस्ता अनुकरणात्मक शब्द प्रयोगले भाषा बोधगम्य बने पनि अप्रतिम, निहाल, अनुरक्तजस्ता क्लिष्ट भाषाको प्रयोगले दुरुह बनेको छ । त्यस्तै डाक्टरअन्टी, हाफपाइन्ट, टिसर्ट, टेलिफोनजस्ता आगन्तुक स्रोतका र पशु, सम्भ्रान्त, वाचाल, वलिष्ठ चञ्चल, अभीष्ट, अलपजस्ता तत्सम स्रोतका शब्दहरूको पनि प्रयोग गरिएको छ ।

**एक चोटि फेरि** कथामा प्रकृति र पुरुषको बीचमा शारीरिक सम्पर्कले रहेको गर्भ एकपटक प्रकृतिले फालीसकेकी हुन्छे । यस्तो समस्या भोगिसके पनि ऊ पुनः पुरुषलाई सम्भोग कार्यका लागि आग्रह गर्छे । यसरी हेर्दा मानिस विविध समस्या आइपरेपनि यौनसुख

भोगबाट टाढा रहन चाहँदैन । त्यसमा पनि पहिलो पटकको यौनसुखानुभूति दिने व्यक्तिबाट झनै टाढा रहन सक्दैन भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

### ४.४.९ म, मेनका र पराजित विश्वामित्र

**म, मेनका र पराजित विश्वामित्र** कथा २०६० साल साउन महिनाको **समकालीन साहित्य** पत्रिकामा प्रथम पटक प्रकाशित भएको हो । यो कथा **दोस्रो प्रहर** (वि.सं. २०६२) कथासङ्ग्रहको नवौं कथाको रूपमा रहेको छ । यस कथाको शीर्षक नाम, सर्वनाम र संयोजकजस्ता शब्दहरू मिलेर बनेको छ ।

**म, मेनका र पराजित विश्वामित्र** कथामा 'म' पात्रको घरमा उसको मामाकी छोरी मेनका र लालु पनि सँगै बसेका छन् । 'म' पात्रको लोग्नेको गाडीमा खलासी बसेको थियो । तर उसको लोग्ने ड्राइभर दुर्घटनामा परेर इन्तु न चिन्तु भएदेखि नै लालुले घर नछोडी बसेर सहयोग गरेको छ । तर मेनका आफ्नो घरमा लोग्नेका अलावा घरमा ससुरासँग सल्किएकीले आमाले यहाँ ल्याएर राखिदिन्छे । यहाँ मेनका आफ्नो बानी सुधार्ने वाचा सहित बसेकी हुन्छे । तर समयक्रमसँगै उसले लालुलाई आफ्नो मायाजालमा पारी विवाह गरेर सँगै बस्छे । एकातिर आफ्नो कोही नभएको लालुले श्रीमती पाउँछ भने लोग्ने छोडेर बस्नुपरेको मेनकाले पनि नयाँ लोग्ने पाएकोले दुवै जना खुसी हुन्छन् । लालु र मेनकाको यो सुमधुर वैवाहिक सम्बन्ध पछिसम्म नै रहिरहन्छ । तर एक दिन मेनका माइत जाने कुरा गर्दै घरबाट दिदीसँग बिदा लिएर हिड्न खोज्छे । तर मेनका पुनः लालुलाई छोडेर अर्कै पुलिससँग पोइल जान लागेको थाहापाएको हुनाले 'म' पात्रले 'मलाई सबै थाहा छ ढाट्नु पर्दैन' भन्दै उसलाई पठाउँछिन र यहीँ कथाको अन्त्य हुन्छ । यस कथामा 'म' पात्रले मेनकालाई घरमा राख्नु कथानकको आदि भाग, मेनकाको लालुसँग विवाह हुनु मध्य भाग र मेनका लालुलाई छोडेर पोइल जानु कथानकको अन्त्य भाग हो । यसमा आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचा रहेको छ । यस कथाले सामाजिक यथार्थमा आधारित रागात्मक सौन्दर्यलाई कथानकको स्रोत बनाइएको छ । त्यस्तै यस कथामा सघन तथा सुगठित कथानक रहेको पाइन्छ ।

प्रस्तुत कथामा 'म' पात्र र मेनका प्रमुख पात्र हुन भने लालु सहायक र छोरी हजुरआमा,लोग्ने आदि गौण पात्र हुन् । स्वभावका आधारमा मेनका विवाहपश्चात् परपुरुषसँग सल्किँदै हिँड्ने गतिशील र गोलो पात्र हो । प्रवृत्तिका आधारमा ऊ प्रतिकूल र

आसन्नताका आधारमा मञ्चीय यथार्थ पात्र हो । त्यस्तै आबद्धताका आधारमा मेनका, लालु र 'म' बद्ध पात्र हुन् ।

कथाकारले कथामा जीविकोपार्जनका लागि लालु पहाडबाट मधेसको विराटनगरमा आएर 'म' पात्रको गाडीमा खलासी बसेको देखाएका छन् । त्यस्तै मेनकाले पनि लालुलाई छोडेर अर्कै पुलिससँग पोइल गएर विराटनगर नै बस्ने प्रबन्ध मिलाएकी छे । यसरी कथामा देखिएका यिनै पात्र र यिनीहरूका घटनाक्रम तथा प्रसङ्गलाई हेर्दा यस कथामा विराटनगर आसपास कै कुनै अल्पविकसित परिवेशको चित्रण गरेको पाइन्छ ।

**म, मेनका र पराजित विश्वामित्र** कथाका सम्पूर्ण कुराहरूको वर्णण गर्ने व्यक्ति 'म' केन्द्रीय पात्र हो । उसकै अनुभवका आधारमा सबै घटनाहरूको वर्णन गरिएका छन् । यसरी कथाकार 'म' पात्रका रूपमा कथानक भित्र बसेर कथा प्रस्तुत गरेकाले यस कथामा प्रथम पुरुष शैलीको आन्तरिक केन्द्रीय दृष्टिबिन्दु प्रयोग गरेको पाइन्छ ।

प्रस्तुत कथामा पात्रअनुसारका सरल, सरस तथा बोधगम्य भाषाशैलीको प्रयोग गरिएको छ । कथाकारले कथामा वर्णनका क्रममा लेख्य भाषाको र संवादका क्रममा विचलनयुक्त कथ्य भाषाशैलीको पनि प्रयोग गरेका छन् । त्यस्तै यस कथामा इन्सपेक्टर, ग्यारेज, पुलिसजस्ता आगन्तुक स्रोतका लुसुक्क, पुलुक्क, फिसिक्कजस्ता अनुकरणात्मक र जेहन, क्लान्तजस्ता क्लिष्ट शब्दहरूको पनि प्रयोग गरिएको छ ।

समाजमा रहेका कतिपय मानिसहरू यौन भोगका लागि जुनसुकै दुःख तथा इज्जतको पनि ख्याल गर्दैनन् भने कतिपय मानिसहरू आफ्नो सत्‌मा अडिग रहेका हुन्छन् । तर जुन मानिसलाई यौन भोगका लागि साथी फेरिरहने बानी परेको हुन्छ त्यसले कुनै इज्जतको ख्याल नगरी यस कार्यमा लागिरहन्छ भन्ने देखाउनु नै यस कथाको सारवस्तु हो ।

## ४.५ बाबा न्यौपानेका कथागत विशेषताहरू

नेपाली साहित्यका क्षेत्रमा प्रकाशनका दृष्टिले २०३३ सालदेखि फुटकर रूपमा प्रकाशित हुन थालेका न्यौपानेका कथाहरू २०६५ सालसम्म आइपुग्दा मूलतः **बैंसको आकाश** र **दोस्रो प्रहर** कथासङ्ग्रहमा सङ्गृहीत हुन पुगेका छन् । उपर्युक्त तीनदशक लामो समयभित्र देखापरेका कथासङ्ग्रहका कथाहरूको अध्ययन विश्लेषण यसभन्दा अघिल्लो परिच्छेदमा गरिसकिएको छ । उनका कथाहरूको अध्ययन तथा विश्लेषणका आधारमा न्यौपानेका कथागत विशेषताहरूलाई निष्कर्षका रूपमा यसप्रकार विवेचना गर्न सकिन्छ :

### ४.५.१ कथावस्तु

बाबा न्यौपानेका कथामा नेपाली समाजको सजीव चित्रण गरिएको छ । समाजमा दिन-प्रतिदिन घट्ने यथार्थ घटनाहरूलाई मूल विषयवस्तु बनाएर प्रस्तुत गरिएका उनका कथाहरूमा सामाजिक संरचना, मूल्य र मान्यता, परम्परा-परिस्थितिजस्ता कुराहरू प्रमुख रूपमा आएका छन् । समाजको सादृश्यता पाइने उनका कथाहरूमा अन्ततः यौनमनोविज्ञान जोडिएको हुन्छ । समाजमा रहेका विविध पक्षलाई देखाउने क्रममा मूलतः विषयवस्तुलाई यौनमनोविज्ञानसँग जोड्नु उनको प्रमुख विशेषता हो । उनका कथाका पात्रहरू यौनबाट सञ्चालित भएका, प्रणयका लागि तड्पिएका, यौवनावस्थामा, कामान्ध भई गरेका कार्यबाट नैतिक रूपमा पतित भएका यौनका बारेमा मनमा जागृत आशा-निराशा तथा कामोत्तेजित भएका विविध अवस्थाहरूलाई मूल रूपमा प्रस्तुत गरिएको छ । यसरी समाजका यथार्थ घटनाहरूलाई हरेक प्रसङ्गमा यौनको उहापोहसँग जोडेर प्रस्तुत गर्ने न्यौपाने मूलतः यौनमनोवैज्ञानिक यथार्थवादी कथाकार हुन । समाज र मनोजगत्लाई समेटेर कथानक तयार गर्ने न्यौपानेका कथाहरू रैखिक तथा वृत्ताकारीय दुवै कथानक ढाँचामा विन्यास गरिएका छन् । तथापि उनको पहिलो कथासङ्ग्रहमा अधिकांश कथाहरू रैखिक र दोस्रो कथासङ्ग्रहका कथाहरूको अध्ययन गर्दा मूलतः आदि, मध्य र अन्त्यको रैखिक कथानक ढाँचाको नै प्रयोगाधिक्य रहेको पाइन्छ । अतः न्यौपानेका कथामा यिनै कथावस्तुगत विशेषताहरू नै प्रबल रूपमा देखापरेका छन् ।

### ४.५.२ पात्र

बाबा न्यौपाने समाजका यथार्थ घटनाहरूलाई समेटेर कथाको विषयवस्तु तयार गर्ने भएकाले उनका कथामा पात्रहरूको प्रयोगाधिक्य रहेको छ । यिनै यथार्थ पात्रहरूका माध्यमले न्यौपाने समाजको सजीव चित्रण गर्दछन् । उनका कथामा यथार्थ घटनाहरू प्रायशः यौनसँग सम्बन्धित भएकाले उनका कथाका प्रमुख पात्रहरूले पनि यही यौनको चेतन तथा अचेतन अवस्थाको चरित्रलाई प्रस्तुत गरेका छन् । समाज तथा परिवेश सापेक्ष बनाएर प्रस्तुत गरिएका उनका कथाका पुरुष, स्त्री तथा कतै-कतै मानवेतर पात्रको पनि प्रयोग गरिएका छन् । **बैंसको आकाश** कथासङ्ग्रहका कथाहरूमा भने स्त्रीपात्रहरू नै प्रमुख पात्रका रूपमा बढी देखापरेका छन् । त्यस्तै कथामा प्रायशः युवा तथा वयस्क उमेरका पात्रहरू मार्फत मानव अर्न्तमनमा रहेका यौनकुण्ठा, यौनेच्छा, यौनप्रतिको असामान्य मोह

आदिलाई देखाइएको छ । उनका कथामा समाजको चित्रण गरिए पनि स्थानीय रङ्गको न्यून प्रयोगले गर्दा उनका कथामा आञ्चलिकभन्दा पनि सार्वभौम पात्रहरूको नै प्रयोगाधिक्य रहेको छ । समाजमा रहेको वर्गीय भेदलाई भन्दा पात्रको मनोजगत्लाई बढी ध्यान दिइएको उनका कथामा व्यक्तिगत पात्रहरू नै बढी देखापरेका छन् ।

### ४.५.३ परिवेश

नेपाली समाजको चित्रण गर्ने क्रममा यथार्थताको महसुस गराउन न्यौपानेले कथामा आवश्यकतानुसार ग्रामीण तथा सहरिया र केही मात्रामा पहाडी परिवेशको पनि प्रयोग गरेका छन् । घटनाक्रमलाई प्रस्तुत गर्दा स्थानीयरङ्ग झल्किने स्थानविशेषको प्रयोगले कथाको यथार्थताप्रति अझ विश्वसनीयता बढाएको देखिन्छ । न्यौपानेका कथाहरूमा स्थानीयरङ्ग सहितका परिवेश विधान गरिएका भए पनि कतिपय कथाहरू भने मनोजगत्को चित्रणमा केन्द्रित भएकाले स्पष्ट परिवेश विधानको अभाव रहेको पाइन्छ । पात्रका बाह्य तथा आन्तरिक क्रियाकलाप र उहापोहको वर्णनले गर्दा कथामा दृश्य-अदृश्य दुवै अवस्थाले मूलतः परिवेशकै निर्धारण गरेको छ । न्यौपानेका दुवै र **दोस्रो प्रहर** कथासङ्ग्रहमा सहरिया परिवेशको अधिक प्रयोग गरेको पाइन्छ । त्यस्तै उनका कथामा यौन मनोजगत्को व्यापक प्रयोग तथा चर्चा गरिएकाले अधिकांश कथामा रागात्मक परिवेशको पनि प्रयोग भएको पाइन्छ । यसरी विविध परिवेशलाई कथामा प्रयोग गर्ने न्यौपानेका कथाहरूमा कतै-कतै परिवेशको स्पष्ट प्रयोग नभएको पनि पाइन्छ । न्यौपानेका कथामा परिवेशगत यिनै विशेषताहरू नै मुख्य रूपमा देखापरेका छन् ।

### ४.५.४ दृष्टिबिन्दु

कथाकार कथाभित्र वा बाहिर कहाँ र कसरी बसेर कथा प्रस्तुत गरेका छन् त्यसैका आधारमा दृष्टिबिन्दुको निर्धारण हुन्छ । कथामा कथाकारको स्थानविशेषलाई  दृष्टिबिन्दुले बुझाउने गर्दछ । बाबा न्यौपानेका **बैंसको आकाश** कथासङ्ग्रहका कथाहरू मध्ये एघारवटा कथामा कथाकार कथानक बाहिर बसेर सीमित पात्रका मनोजगत् र क्रियाकलापको वर्णन गरिने बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस बाहेक एउटा कथामा कथानक बाहिरै बसेर तर पात्रका मनोजगत्मा विचरण नगरी बाह्य क्रियाकलापका आधारमा देखिने कुराहरूको वर्णन गरिने बाह्य वस्तुपरक दृष्टिबिन्दुको प्रयोग गरिएको छ । त्यस्तै यस सङ्ग्रहका बाँकी तीनवटा कथामा भने कथानक भित्र बसेर केन्द्रीय 'म' पात्र मार्फत सबै

पात्रका घटनाक्रम तथा मनोजगत्को वर्णन गरिने आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उनका **दोस्रो प्रहर** कथासङ्ग्रहका कथाहरू मध्ये पाँचवटा कथामा बाह्य सीमित र एउटा कथामा बाह्य सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । त्यस्तै यसै सङ्ग्रहका अन्य एक-एक वटा कथामा भने क्रमशः आन्तरिक केन्द्रीय र आन्तरिक परिधीय दृष्टिबिन्दुको पनि प्रयोग गरिएको पाइन्छ । यसरी उनका समग्र कथाहरूमा प्रयोग गरिएका दृष्टिबिन्दुको अध्ययन गर्दा मूलतः उनका कथामा बाह्य सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ । यसका साथै आन्तरिक केन्द्रीय र क्रमशः अन्य दृष्टिबिन्दुहरूको प्रयोग गरिएको पाइन्छ । अतः मुख्य रूपमा बाह्य सीमित दृष्टिबिन्दु प्रयोग गर्ने न्यौपानेका कथामा दृष्टिबिन्दुगत यिनै विशेषताहरू प्रमुख रूपमा देखापरेका छन् ।

### ४.५.५ भाषाशैली

बाबा न्यौपानेका कथाहरूमा सरल, सरस, बोधगम्य र सुहाउँदा भाषाशैलीको प्रयोग गरिएको छ । कथामा पात्रका स्तरअनुसार कै लेख्य तथा कथ्य दुवै भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । कथामा देखापरेका उच्चवर्गीय पात्रहरूको प्रयोग गर्ने उच्चआदरार्थी र निम्नवर्गीय पात्रहरूले प्रयोग गर्ने निम्नस्तरीय कथ्य भाषाको प्रयोगले कथामा वर्गगत पात्रका भेदलाई पनि भाषाशैलीमार्फत देखाइएको छ । त्यस्तै संवादका क्रममा निम्नस्तरीय पात्रमार्फत विचलनयुक्त भाषाको प्रयोग गरिएको छ । कथा प्रस्तुतिमा मूलतः वर्णनात्मक तथा संवादात्मक शैलीको प्रयोगाधिक्य रहेको पाइन्छ । उनका कथामा मानव मनका भावतरङ्ग वा अन्तर्जगत्को वर्णन गर्नुका साथै यौनको पराकाष्ठालाई पनि शिष्ट, मर्यादित र कलात्मक भाषाशैलीमार्फत प्रस्तुत गरिएको पाइन्छ । सरल, सरस भाषाका साथै स्तरीय, कलात्मक तथा दुर्बोध्य भाषाशैलीको पनि ठाउँ-ठाउँमा प्रयोग गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको अधिक प्रयोगले गर्दा कतै-कतै सामान्य पाठकका लागि भाषा नै दुर्बोध्य बनेको छ । **बैंसको आकाश** कथासङ्ग्रहको भन्दा **दोस्रो प्रहर** कथासङ्ग्रहको कथाहरूमा अङ्ग्रेजी आगन्तुक स्रोतका पद-पदावलीहरूको प्रयोगले कथामा भाषिक जटिलता थपेको छ । तथापि समग्रमा हेर्दा उनका कथामा सरल, सरस, बोधगम्य र कलात्मक भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । न्यौपानेका कथामा मूलतः यिनै भाषाशैलीगत विशेषताहरू नै प्रमुख रूपमा देखापरेका छन् ।

### ४.५.६ सारवस्तु

बाबा न्यौपानेले आफ्ना कथाहरूमार्फत केही सारगत कुराहरूलाई प्रस्तुत गरेका छन् । उनका कथाहरूमा मानवीय कामोत्तेजना, यौन कुण्ठा, दमित यौनको विस्फोट र यसको परिणाम, युवावस्थामा हुने यौनका लहड-वृत्ति लगायत यौनका विविध अवस्थाहरूलाई प्रस्तुत गरेका छन् । मानिसमा निश्चित उमेरदेखि नै यौनवृत्तिहरूको विकास भएको हुन्छ । समाज र सँस्कारप्रतिको मर्यादाले गर्दा मानिसहरूले आफ्नो यौनेच्छालाई कुण्ठित बनाएर राखेका हुन्छन् । आफूमा जैविक आवश्यकता स्वरूप देखिएका यौनेच्छा कुण्ठित भइरहँदा यसले मानिसभित्र एक भिन्न विकार पैदा  गरिदिन्छ । यही आफैमा अपाच्य विकारको परिणाम स्वरूप मानिस कामान्ध बन्दछ र हिंस्रक यौनवृत्तिद्वारा प्रेरित भई सही र गलत सबै खालको कार्य गर्दछ भन्ने सारवस्तु उनका कथामा प्रस्तुत गरिएको छ । यसर्थ आफूमा यौनवृत्तिलाई कुण्ठित पारेर राख्नुका अतिरिक्त हानिरहित ढङ्गले यसको पूर्ति गर्नु नै उपयुक्त हुन्छ भन्ने कुरालाई पनि न्यौपानेले कथाका सारवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यसरी मूलतः यौनका अनेकानेक पक्षलाई नै प्रस्तुत गरी विविध समस्याको चिरफार गर्नु नै न्यौपानेका कथाहरूको सारवस्तुगत विशेषताका रूपमा देखापर्दछ ।

## ४.६ निष्कर्ष

बाबा न्यौपाने नेपाली कथा साहित्यका क्षेत्रमा **डायरी एउटा बहुलाको** (वि.सं. २०३३) फुटकर कथा लिएर देखापरेका हुन् । उनका फुटकर रूपमा प्रकाशित कथाहरू नै प्रायः **बैंसको आकाश** (२०५६) र **दोस्रो प्रहर** (२०६२) कथासङ्ग्रहमा सङ्कलित रहेका छन भने उनका केही कथाहरू अप्रकाशित रूपमा नै सुरक्षित रहेका छन् । न्यौपानेका प्रकाशित कृतिहरूको अध्ययन गर्दा उनले कथामा सामाजिक यथार्थ घटनाहरूलाई आधार बनाइ पात्रहरू मार्फत यौनजगत्को विश्लेषण गर्न पुगेको  पाइन्छ । त्यसैले बाबा न्यौपानेले मूलतः यौनमनोवैज्ञानिक कथाकारका रूपमा परिचित रहेका छन् ।

बाबा न्यौपानेले आफ्ना कथाहरूमा समाजमा घट्ने यथार्थ घटनाहरूलाई विषयवस्तुका रूपमा चयन गरेका छन् । उनले ग्रामीण तथा सहरिया दुवै परिवेशमा घट्न सक्ने  सामाजिक, पारिवारिक तथा वैयक्तिक यथार्थ घटनाहरूलाई यौनसँग जोडेर प्रस्तुत गरेका छन् । उनी मानिसका जैविक गुण स्वरूप देखापर्ने यौनको विविध रूपलाई पात्रमार्फत प्रस्तुत गर्छन् । उनका कथामा मानिसका मनमा जागृत यौनेच्छा, त्यस यौनेच्छाले ल्याएका

सकारात्मक तथा नकारात्मक परिणाम, यौन कुण्ठा, यौनप्रतिको सामाजिक दृष्टिकोण, नारी तथा पुरुष यौनमनोजगत् आदिको चित्रण गरेको पाइन्छ । उनी मूलतः नारी यौन मनोविश्लेषणमा केन्द्रित रहेका छन् । सामाजिक, पारिवारिक तथा साँस्कृतिक मूल्य र मान्यताका कारण मानिसले आफू भित्रको यौनलाई कुण्ठित बनाएर राखे पनि अन्तर्तहमा भने उसका यौनवृत्तिहरू जागृतावस्थामै रहने कुरालाई उनका कथामा देखाइएको छ । यसरी मानिस चाहेर वा नचाहेर कुनै पनि अवस्थामा यौनबाट अलग रहन सक्दैन । उसमा जहिले पनि यौनको प्रभाव र प्रेरणा रहिरहने कुरालाई न्यौपाने कथामार्फत प्रस्तुत गरेका छन् । सामाजिक यथार्थमा आधारित यिनै मानवीय यौनगतवृत्तिहरूका विविध पक्षहरूलाई आफ्ना कथामा प्रस्तुत गर्ने न्यौपाने मूलतः यौनमनोवैज्ञानिक कथाकार हुन् । यही मनोविश्लेषणात्मकता नै न्यौपानेको कथाकारिताको सबल पक्षको रूपमा देखापरेको छ ।

# पाँचौं परिच्छेद

## ५.१ उपसंहार तथा निष्कर्ष

नेपाली साहित्यमा बाबा न्यौपाने नामले प्रसिद्ध रहेका व्यक्ति प्रतिभाको जन्म वि.सं. २०१३ माघ २६ गते शुक्रवारका दिन हालको भक्तपुर जिल्ला, झौखेल गा.वि.स. वडा नं. ६ स्थित न्यौपाने गाउँ भन्ने ठाउँमा पिता देवकृष्ण न्यौपाने र माता दुर्गादेवी न्यौपानेका जेठा सन्तानका रूपमा भएको हो । साहित्यिक यात्राको तीनदशक लामो समय पार गरिसकेका न्यौपानेले कथा विधाका माध्यमबाट साहित्यका फाँटमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

मध्यमवर्गीय परिवारमा जन्मेका बाबा न्यौपानेको बाल्यकाल सुखपूर्वक नै बितेको थियो । उनलाई घरपरिवारको पाठशालामा दुई वर्षकै उमेरमा अक्षरारम्भ गराउने काम भएको थियो । हजुरबुबाको रेखदेख, निर्देशन र नियन्त्रणमा न्यौपानेले अक्षरारम्भ गरेका थिए भने आफ्नै बुबाआमाबाट पनि प्रशस्त सहयोग पाएका थिए । न्यौपानेको औपचारिक शिक्षाको प्रारम्भ श्री चाँगुनारायण आधार स्कुलबाट भएको थियो । २०३३ सालमा न्यौपाने वैवाहिक बन्धनमा बाँधिन पुगे, वैवाहिक बन्धनसँगै झन्डै एकदशक लामो समय उनी अध्ययन कार्यबाट बञ्चित भए । २०२९ सालमा स्वरस्वतीविद्यागृह माध्यमिक विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गरेका न्यौपानेले उच्चशिक्षाका क्रममा प्रवीणता प्रमाणपत्र तह त्रिभुवन विश्वविद्यालयबाट पूरा गरेको देखिन्छ ।

बाबा न्यौपाने बाल्यकालदेखि नै सरल, स्वभाव, तीक्ष्ण बुद्धि, तार्किक र जिज्ञासु हुनुका साथै केही भद्र स्वभावका पनि थिए । स्नातक सम्मको अध्ययनपश्चात् उनी जागिरे जीवन र पछि-पछि भने विभिन्न संघ-संस्थाहरूमा पनि संलग्न हुँदै गए । जागिरे जीवनका सिलसिलामा स्वदेश तथा विदेशका प्रमुख सहरहरूको भ्रमणबाट त्यहाँका सामाजिक, साँस्कृतिक, आर्थिक तथा भौगोलिक पक्षको पनि जानकारी लिन पुगे । सानैदेखि सरल, शिष्ट स्वभाव भएका न्यौपानेमा कल्पनाशीलता, संवेदनशीलता, एकान्तप्रेमी तथा भावुकताजस्ता प्रवृत्तिहरू भेटिन्छन् । यिनै विविध प्रवृत्ति तथा जीवनभोगाइका उकाली-ओराली, आरोह-अवरोह र अनुभवका सँङ्गालाका रूपमा कथा सिर्जनाहरू प्रस्तुत गरेका छन् । सिर्जनाका साथै न्यौपानेको अध्ययन, भ्रमण र हिन्दू धर्म संस्कृतिको जगेर्नामा पनि उत्तिकै रुचि रहेको छ । उनी विभिन्न सङ्घ-संस्था र समाजसँग सम्बद्ध विभिन्न क्षेत्रहरूमा पनि क्रियाशील रहेका छन् । जीवनमा यिनै साहित्यिक तथा प्रशासनिक यात्रा पार गर्दै अगाडि बढेका

न्यौपाने टक्क रोकिएर अतिततर्फ नियाँल्दै एस्.एल्.सी. पास हुँदा र 'कल्पनाको शिकार' कथा प्रतियोगितामा प्रथम भएको सम्झँदा उनी खुसी हुन्छन् । जीवनलाई सेवामा नै समर्पित गरेका न्यौपाने 'प्रबल गोरखा दक्षिण बाहु तेस्रा' जस्ता सम्मान पदकबाट पनि सम्मानित भएका छन् । यसरी जीवनलाई विविध कोणबाट नियाँलेका न्यौपानेको जीवन दर्शनका बारेमा यस्तो धारणा रहेको छ : मानिस एउटा अस्तित्व भएको प्राणी हो । उसको आफ्नो निजीपन छ । हामी हाम्रो निजत्वबाट डग्नु हुँदैन । आज साराका सारा नेपालीहरू आफ्नो पूर्वीय संस्कृति र मूल्य मान्यताबाट पर-पर भागिरहेका छन् । यसरी आफ्नोपनबाट भागेर वा पलायन भएर जानुको सट्टा हाम्रो सँस्कृतिको दुर्बल पक्षहरूलाई केलाउनु पर्दछ ।

व्यक्तिको जीवनीमा विभिन्न पक्षले व्यक्तित्वको निर्माण गर्दछ । व्यक्तित्व निर्माणमा कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोह, घाट-प्रतिघात, क्रिया-प्रतिक्रिया, द्वन्द्व-प्रतिद्वन्द्व, मोड-प्रतिमोडहरूद्वारा प्रमुख भूमिका खेलेको हुन्छ । यसैगरी ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक-साँस्कृतिक रुचि, पेसा, शिक्षादीक्षा आदिले पनि व्यक्तित्वको निर्माणमा उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ ।

बाबा न्यौपाने झ्वाट्ट हेर्दा सरल, सहज र शान्त देखिए पनि गहिरिएर हेर्दा भित्र-भित्रै कुनै चिन्तन गरिरहेजस्तो उनको मुखाकृतिले देखाउँछ । चाकडी, चाप्लुसी गर्न पटक्कै मन नपराउने न्यौपानेमा सहज, सरल, सहयोगी, भावुक, कर्तव्यपरायण, स्वावलम्बी जस्ता गुणहरू रहेका छन् । बाबा न्यौपाने नेपाली साहित्यका एक स्रष्टा व्यक्तित्व हुन् । उनी साहित्यकार व्यक्तित्वका साथै प्रशासक व्यक्तित्व पनि हुन् । उनी विद्यार्थी जीवनदेखि नै साहित्यिक क्षेत्रमा संलग्न भए भने प्रशासनिक क्षेत्रमा स्नातक तहको अध्ययनपश्चात् मात्रै लागेको देखिन्छ । न्यौपाने ५२ वर्षको उमेरसम्म आइपुग्दा करिब तीनदशकको समय विभिन्न साहित्य सिर्जना र निजामती प्रशासनसँग आबद्ध भएर बिताएको देखिन्छ । यसका साथै समाज सेवाका विभिन्न क्षेत्रहरूमा सक्रिय सेवा पुऱ्याउनुका साथै विभिन्न साहित्यिक संघ-संस्थामा संलग्न रहेर आफ्नो कुशल परामर्शदाता व्यक्तित्वको परिचय पनि दिएका छन् । मूलतः निजामती प्रशासनका क्षेत्रमा अहोरात्र उपस्थित भएका न्यौपानेको प्रशासक व्यक्तित्व नै सशक्त रहेको छ । त्यस्तै साहित्यका क्षेत्रमा फुटकर एकाङ्कीबाट सिर्जना प्रकाशन प्रारम्भ गरे पनि मूलतः न्यौपाने कथाकार व्यक्तित्वका रूपमा देखापरेका छन् । साहित्यका कथा बाहेक अन्य कविता, गीत र उपन्यासजस्ता विधामा कलम चलाए पनि यी

सबै सिर्जनाहरू अप्रकाशित रूपमा नै सुरक्षित रहेका छन् । अतः साहित्य र प्रशासनका क्षेत्रमा दिएका यिनै योगदानले न्यौपानेको साहित्यकार तथा प्रशासक व्यक्तित्वको निर्माण भएको छ ।

बाबा न्यौपाने सानैदेखि कविताहरू रचना गरी प्रस्तुत गर्ने गर्दथे । पारिवारिक रूपमा कोही स्रष्टा व्यक्तित्व नभए पनि आफैमा रहेको सिर्जनेच्छाले उनलाई तान्दथ्यो । आधिकारिक र परिपक्व रूपमा २०३० सालदेखि साहित्य सिर्जना गरी सङ्कलन गरेका न्यौपानेको पहिलो पटक 'जीवन एक अभिव्यक्ति' शीर्षकको एकाङ्की २०३२ सालमा भक्तपुर क्याम्पसको मुख प्रकाशन **स्वर्णद्वार** पत्रिका मार्फत प्रकाशित भएको हो । यसरी प्रारम्भ भएको सिर्जना प्रकाशनको दोस्रो पटक 'डायरी एउटा बहुलाको' (२०३३) कथा **गोरखापत्र** पत्रिका मार्फत प्रकाशित भयो । यस पछि भने न्यौपानेका कथासिर्जनाहरू मात्र प्रकाशनमा आएकाले मूलतः उनी कथाकारको रूपमा परिचित भएका छन् ।

नेपाली साहित्यका क्षेत्रमा मूलतः कथा सिर्जनाहरू प्रस्तुत गर्ने बाबा न्यौपाने मनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । साहित्य सिर्जनाको प्रारम्भदेखि नै उनले फुटकर रूपमा कथासिर्जनाहरू प्रस्तुत गरेका छन् । प्रकाशनका क्रममा देखापरेका फुटकर कथाहरूलाई समेटिएका न्यौपानेका **बैंसको आकाश** (२०५६) र **दोस्रो प्रहर** (२०६२) कथासङ्ग्रहहरू रहेका छन् । यी सङ्ग्रहहरूमा क्रमशः पन्ध्र र नौं गरी जम्मा चौबीसवटा कथाहरू सङ्ग्रहित छन् । न्यौपानेका यी कथाहरूले समाजमा घट्ने यथार्थ घटनाहरूलाई आधारस्तम्भ बनाएर कथावस्तु चयन गरेका छन् । समाजका यथार्थ घटनाहरू प्रस्तुत गर्ने क्रममा उनले मूलतः यौनवृत्तिलाई प्रमुख रूपमा अगाडि सारेका छन् । न्यौपानेले मानवीय नैसर्गिक र जैविक वृत्तिका रूपमा देखापर्ने यौनप्रतिको आशा-अपेक्षा, निराशा, कुण्ठा, पीडा, उत्तेजनाजस्ता पक्षहरूलाई यौनमनोविश्लेषणात्मक ढङ्गले प्रस्तुत गरेका छन् । मानव मनोजगत्मा यौनले ल्याउने हलचल, यौनप्रतिको प्रत्यक्ष-अप्रत्यक्ष लिप्सा जस्ता विविध पक्षहरूको सफल चित्रण गरेका छन् । उनले समाजमा यौनावेगका कारण युवायुवतीदेखि वयस्क उमेरका मानिसहरूसम्म पनि सामाजिक, पारिवारिक तथा साँस्कृतिक मर्यादाको ख्याल नगरी यौनवृत्तिमा लिप्त हुने, सामाजिक चरित्रहरूलाई पनि मनोविश्लेषणात्मक रूपमा प्रस्तुत गरेका छन् । यी र यस्ता घटनाक्रहरूलाई प्रस्तुत गर्ने क्रममा विशेष गरी न्यौपानेले नारी पात्रहरूको प्रयोग गरी नारी यौनमनोविश्लेषण गर्न पुगेका छन् ।

यसरी बाबा न्यौपाने नेपाली साहित्यका क्षेत्रमा देखापरेका यौनमनोवैज्ञानिक यथार्थवादी कथाकार हुन् । उनी समाज र मानवीय मनका हरेक उतारचढावलाई सजीव रूपमा चित्रण गर्न सक्ने सृजनात्मक क्षमता राख्छन् । उनी मानवीय मनोजगत् र यौनवृत्तिका केस्रा-केस्रालाई कलात्मक ढङ्गले पल्टाउने कथाकार हुन् ।

# सन्दर्भविवरण


गोर्खाली, रमेश, 'बाबाका कथामा यौन दर्शन', **गरिमा** (वर्ष २५, अङ्क २, पूर्णाङ्क २९०, २०६३ माघ), पृ. ५९-७० ।

जोशी, रत्नध्वज, **नेपाली कथाको कथा**, ललितपुर : साझा प्रकाशन, २०३७।

दाहाल, मनोज, 'बैंसका हजार रंग', **कान्तिपुर** : (२०५७, पुस), पृ.७।

न्यौपाने, बाबा **बैंसको आकाश,** कथासङ्ग्रह, ललितपुर : साझा प्रकाशन, २०५६ ।

__________, **दोस्रो प्रहर** कथासङ्ग्रह, ललितपुर : साझा प्रकाशन, २०६२ ।

बराल, ईश्वर, **आख्यानको उद्भव**, ललितपुर : साझा प्रकाशन, २०३९ ।

बराल, ईश्वर, **झ्यालबाट**, ललितपुर : साझा प्रकाशन, २०४८ ।

बराल, कृष्णहरि र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास,** ललितपुर : साझा प्रकाशन, २०५८ ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा भाग- ३,** ललितपुर : साझा प्रकाशन, २०६१ ।

भाउपन्थी, 'मनोविश्लेषणप्रधान कथाहरू', **मधुपर्क,** (वर्ष ३४, अङ्क २, पूर्णाङ्क ३८३, २०५८ असार), पृ. २६ ।

रेग्मी, मुरारीप्रसाद, मनोवैज्ञानिक समालोचना : कथाखण्ड, काठमाडौं : साझा प्रकाशन, २०३८ ।

लुमुम्बु, शशी, यथार्थपरक कथाहरूको सङ्ग्रह, **मधुपर्क** (वर्ष ३९, अङ्क १०, पूर्णाङ्क ४५३, २०६३ फागुन), पृ. २० ।

शर्मा, मोहनराज, **कथाको विकास प्रक्रिया**, काठमाडौं : साझा प्रकाशन, २०५२ ।

सुवेदी, राजेन्द्र **स्नातकोत्तर नेपाली कथा**, ललितपुर : साझा प्रकाशन, २०५१ ।

श्रेष्ठ, दयाराम, **नेपाली कथा भाग - ४,** ललितपुर : साझा प्रकाशन, २०५७।

श्रेष्ठ, दयाराम, **पच्चीस वर्षका नेपाली कथा,** काठमाडौं : ने.रा.प्र.प्र., २०३९ ।